सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

५ वैशाख २०८३, शनिबार (18 Apr 2026, Saturday) ■ नेपाल संवत् ११४६ ■ वर्ष २० ■ अंक ५ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

बागमतीको पानीमा मान्छेको ‘असली छाया’

बागमतीको पानीमा प्राणघातक पारो र सिसादेखि एन्टिबायोटिक्स औषधि, ट्वाइलेटजन्य, अस्पतालजन्य र मृत जीवसम्मका फोहोरका कारण माछालगायत कुनै पनि जलचरको जीवन नै असम्भव





नेपाल स्वास्थ्य अनुसन्धान परिषद्ले गरेको अध्ययनमा सहभागी अनुसन्धानतकर्ता **डा. सन्तोष दुलाल** भन्छन्-

“बागमतीमा मानव शरीर मात्रै नभएर प्रकृति नै बिगार्ने किसिमका घातक सूक्ष्म जीवाणु छन्

शिवहरि घिमिरे/नयाँ पत्रिका

देशकै राजधानीको बिचबाट बग्ने एक मात्र मुख्य नदी बागमती जसले उपत्यकाको सभ्यता बोकेको छ, यही बागमतीको पानी कुनै वेला पिउनदेखि नुहाइधुवाइमा प्रयोग हुन्थ्यो। वर्षौंदेखि बागमतीको प्रदूषणको चर्चा मात्र हुँदै आएको छ। बागमती दूषित बनेको होइन, बनाइएको हो। मान्छेले नै दूषित बनाएको हो।

बागमतीको मूल क्षेत्र बागद्वारमा अहिले पनि पिउनयोग्य पानी सुन्दरीजलबाट तल लागेपछि अत्यधिक विषाक्त छ। सरकारी निकाय नेपाल स्वास्थ्य अनुसन्धान परिषद् (एनएचआरसी)ले गरेको अध्ययनको प्रारम्भिक रिपोर्टमा बागमतीको पानीमा प्राणघातक पारो र सिसादेखि एन्टिबायोटिक्स औषधि, ट्वाइलेटजन्य, अस्पतालजन्य र मृत जीवसम्मका फोहोर रहेको उल्लेख छ। परिषद्ले सात महिना अघिदेखि इएमआर (इन्भर्मेन्ट मनिटरिङ रिसर्च) अध्ययन थालेको थियो। बागमतीमा सबैखाले फोहोर मिसिएको र यहाँ कुनै पनि जलचर नभएको अध्ययनमा देखिएको छ।

‘बागमतीको पानीमा कुनै पनि जलचर नहुने डरलाग्दो कुरा हो। जीवजन्तु मात्रै होइन, बोट-बिरुवाका लागि समेत बागमती हानिकारक देखिएको छ। बागमतीको पानी पुगेका दक्षिण ललितपुर क्षेत्रका फाँटहरूमा खेती नै हुन छाडेको छ,’ अध्ययनमा सहभागी अनुसन्धानकर्ता

» पृष्ठ २ मा क्रमशः

■ बागमती सरसफाइका नाममा १२ वर्षमा २३ अर्ब खर्च, अभियानमाथि नै प्रश्न

सरकारले ५ जेठ ०७० देखि बागमती सफाइ महाअभियान थालेको थियो। ‘राष्ट्रका नाममा सातामा दुई घण्टा स्वयंसेवा’ भन्ने नाराका साथ आह्वान गरिएको अभियानले १२ वर्ष पार गर्दा पनि नदी दुर्गन्धित अवस्थामै छ। सरकारी टोलीले अध्ययन गर्दा बागमतीमा अतिदूषित पानी देखिएपछि बागमती सरसफाइ अभियानसमेत व्यर्थ देखिएको छ। अध्ययनमा सहभागी डा. दुलालले बागमती सरसफाइ र हरियालीको नाममा अर्बौं बजेट सकिए पनि बागमती ढलमतीका रूपमा रहेको बताए। ‘यत्तिका वर्षदेखि बागमती सरसफाइ अभियान भनेर सञ्चालन भयो। २२-२३ अर्ब नै खर्च भएछ, तर त्यसको खासै प्रभाव देखिएन,’ उनले भने, ‘बागमती नदी सफा पारेर वरिपरि बोट-बिरुवा रोप्ने, डुंगा सवार गर्ने हो भने पर्यटनको सम्भावना पनि छ, त्यसकारण यो नदीलाई संरक्षण गरी पुनर्जन्म दिन सक्नुपर्छ।’

■ दक्षिण ललितपुरका किसानसमेत प्रभावित


दक्षिण ललितपुरको प्युटार, गिम्दी र आश्राङ क्षेत्रका फाँटमा समेत बागमतीको पानी प्रयोग गर्दा खेती नहुने समस्या देखिएको छ। ‘यस क्षेत्रमा बागमतीको गन्ध र पानीले खेती नै हुँदैन, माथि गाउँसम्म समेत हिउँदमा बागमतीको गन्ध आउँछ, काठमाडौंवासीका कारणले हामीले प्रदूषण सहनुपरेको छ,’ गिम्दीका कृष्ण सञ्जेलले भने, ‘कम्तीमा नदीमा ढल नमिसाउने र फोहोर नफाल्ने हो भने पनि धेरै कम हुन्थ्यो कि ?’

बागमतीको दूषित अवस्था र आफूहरूले भोगिरहेको समस्याबारे ललितपुर दक्षिण क्षेत्रका स्थानीयले काठमाडौं र ललितपुरका जिल्ला जनस्वास्थ्य कार्यालयलाई जानकारी गराउँदै आएका छन्। बागमती गाउँपालिकाले काठमाडौंका पालिकाहरूसँग क्षतिपूर्तिसमेत मागेको थियो। तर, ती पालिकाले बेवास्ता गरेको बागमती गाउँपालिका प्रमुख वीरबहादुर लोप्चनले बताए। ‘यस क्षेत्रमा बागमती निकै फोहोर बग्छ, बस्नसमेत अप्ठ्यारो हुन्छ, खेतीपाती हुँदैन,’ उनले भने, ‘त्यसैले काठमाडौंका पालिकाहरूले कि नदी सफा पार्नुपर्छ, नत्र क्षतिपूर्ति दिनुपर्छ।’ बागमतीको पानी प्रयोग गर्दा खेतीपाती नहुने गुनासोसमेत किसानबाट आएको परिषद्ले पनि जनाएको छ।

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

गगन नेतृत्वलाई सर्वोच्चको वैधता

देउवा पक्षको रिट खारेज गर्दै निर्वाचन आयोगबाट आएकै निर्णय सदरसहित विशेष महाधिवेशनकै नेतृत्वलाई सर्वोच्चको मान्यता, कानुनी विवाद टुंगिए पनि दुवै पक्षको कदमले तय गर्नेछ राजनीतिक विवादको छिनोफानो



● **गुरु घिमिरे, महामन्त्री, कांग्रेस**

सर्वोच्च अदालतले कांग्रेसको आधिकारिकतासम्बन्धी परेको रिट निवेदनउपर सुनुवाइपश्चात् गरेको आदेश न्यायपूर्ण छ। यो कांग्रेसका सदस्यहरूले आजसम्म देशमा विधि र पद्धतिका लागि अनवरत गरेको संघर्षको प्रतिफल हो। यस निर्णयले सबैको आत्मसम्मान र योगदानको कदर गरेको छ। यो कसैको हार वा जित होइन। अब हामी कांग्रेसका सबै साथीहरू एकताबद्ध भई १५औं महाधिवेशनलाई उत्साह र एकताका साथ सम्पन्न गर्न केन्द्रित हुनुपर्छ। विगतका सम्पूर्ण वादविवादलाई विस्मृतिमा राखेर आन्तरिक एकतालाई सुदृढ पार्दै अघि बढ्नुपर्छ।

शिल्पा कर्ण/नयाँ पत्रिका

निर्वाचन आयोगको निर्णयमाथि हस्तक्षेप नगर्ने र आयोगको निर्णय अन्तिम ठहर गर्दै सर्वोच्च अदालतले विशेष महाधिवेशनमार्फत आएको गगन थापा नेतृत्वको कांग्रेसलाई वैधानिकता दिएको छ। शुक्रबार राति आएको फैसलामा अदालतले औचित्य सकिएको भन्दै शेरबहादुर देउवा पक्षको रिट खारेज गरेको हो। सर्वोच्चको फैसलाले कानुनी विवाद टुंगिए पनि इतर पक्षको आगामी कदम र संस्थापनको पहलले कांग्रेसको राजनीतिक विवादको छिनोफानो गर्नेछ।

विधानअनुसार विशेष महाधिवेशन बाध्यात्मक भएको तथा थापाकै हस्ताक्षरमा निर्वाचनमा सहभागी भइसकेको अवस्थामा रिटको औचित्य समाप्त भइसकेको सर्वोच्चको ठहर छ। फैसलामा आयोगले राजनीतिक दलसम्बन्धी ऐन, २०७३ अनुसार प्रक्रिया पूरा गरी निर्णय गरेको र सो निर्णय अन्तिम हुने भएकाले हस्तक्षेप गर्न नमिल्ने उल्लेख छ। आयोगले प्रतिनिधिसभा निर्वाचनको पूर्वसन्ध्यामा ४ माघमा विशेष महाधिवेशनबाट आएको थापा नेतृत्वको कांग्रेसलाई मान्यता

» पृष्ठ २ मा क्रमशः



■ विशेष महाधिवेशनलाई वैधता दिँदा सर्वोच्चले देखाएका आधार





न्यायाधीशद्वय सारंगा सुवेदी र नृपध्वज निरौला

- **कांग्रेसको विधानमा केन्द्रीय कार्यसमितिको कार्यकाल चार वर्ष हुने र असाधारण स्थितिमा बढीमा एक वर्ष बढाउन सक्ने व्यवस्था रहेको छ। तर, शेरबहादुर देउवा नेतृत्वको कार्यसमितिले बढाएको समयावधिसमेत व्यतीत गरिसकेको थियो।**
- **४० प्रतिशत महाधिवेशन प्रतिनिधिहरूले लिखित माग गरेमा तीन महिनाभित्र विशेष महाधिवेशन बोलाउनुपर्ने कांग्रेसको विधानमा व्यवस्था छ। सोहीअनुसार २९ असोज ०८२ मै विशेष महाधिवेशनको माग गर्दै निवेदन आएको थियो। तर, तत्कालीन कार्यसमिति विशेष महाधिवेशन बोलाउन उदासीन देखियो। बरु, २६-२८ पुस ०८२ मा १५औं महाधिवेशन गर्ने सार्वजनिक गरिएको कार्यतालिका नै परिवर्तन गरेर २८-३१ वैशाख ०८३ का लागि सारियो।**
- **विधिसम्मत आएको विशेष महाधिवेशनको मागअनुसार गगन थापा-विश्वप्रकाश शर्मा पक्षले त्यसअघि १५औं महाधिवेशनका लागि तोकिएको २७-२८ पुस ०८२ मा विशेष महाधिवेशन सम्पन्न गरेर नेतृत्व चयन गरेको। त्यसको जानकारी निर्वाचन आयोगलाई पनि गराएको देखिन्छ।**
- **विशेष महाधिवेशनको माग बाध्यात्मक रहेको र त्यसबाट भएको पदाधिकारी हेरफेरलाई राजनीतिक दलसम्बन्धी ऐनअनुसार निर्वाचन आयोगले जाँचबुझ गरी अद्यावधिक गरेको छ। आयोगको निर्णयमा कुनै कानुनी वा कार्यविधिगत त्रुटि देखिएको छैन।**
- **विशेष महाधिवेशनबाट नेतृत्वमा आएका गगन थापाको हस्ताक्षरबाट गत २१ फागुनमा भएको प्रतिनिधिसभाको निर्वाचनका लागि उम्मेदवार मनोनयन भई निर्वाचनसमेत सम्पन्न भएर राजनीतिक वैधता पाइसकेको अवस्था देखिएको छ।**
- **त्यसैले विशेष महाधिवेशनको विज्ञप्ति र कामकारबाही बदर गर्नुपर्ने औचित्य समाप्त भइसकेको र निर्वाचन आयोगको निर्णय ऐनको दफा ४६ (२) बमोजिम अन्तिम हुने देखिएको र रिट निवेदन मागबमोजिमको आदेश जारी हुनुपर्ने अवस्था नदेखिएको हुँदा रिट निवेदन खारेज हुने ठहर्छ।**

■ कांग्रेस विवाद शृंखला

४०% भन्दा धेरै महाधिवेशन प्रतिनिधिहरूले हस्ताक्षरसहित विशेष महाधिवेशनको माग गर्दै निवेदन दिएपछि सुरु भएको वैधानिकताको विवाद निर्वाचन आयोग हुँदै सर्वोच्च पुगेर टुंगिएको छ

- **२७-३० पुस ०८२** विशेष महाधिवेशन
- **३० पुस ०८२** गगन थापा सभापतिमा निर्वाचित

तत्कालीन संस्थापनद्वारा महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्मा, सहमहामन्त्री फरमुल्लाह मन्सुर पाँच वर्षका लागि पार्टीबाट निष्कासित

- **२ माघ ०८२** निर्वाचन आयोगद्वारा विशेष महाधिवेशनबाट निर्वाचित कार्यसमितिलाई मान्यता
- **४ माघ ०८२** १४औं महाधिवेशन पक्षधरद्वारा विशेष महाधिवेशनविरुद्ध सर्वोच्च अदालतमा मुद्दा दायर
- **१४ चैत ०८२** कार्यवाहक सभापतिको नाममा पूर्णबहादुर खड्काको प्रेस विज्ञप्ति
- **१८ चैत ०८२** खड्कालाई सचेत गराउने कांग्रेस अनुशासन समितिको निर्णय
- **२४-२५ चैत ०८२** १४औं महाधिवेशन पक्षधरको केन्द्रीय कार्यसमितिको समानान्तर भेला
- **२५ चैत ०८२** १४औं महाधिवेशन पक्षधरद्वारा पार्टीको आधिकारिकतासम्बन्धी विवाद नटुंगिँदासम्म १५औं महाधिवेशनको नयाँ कार्यतालिका कार्यान्वयन नगर्न माग गर्दै सर्वोच्च अदालतमा अर्को मुद्दा दायर
- **३० चैत ०८२** खड्काद्वारा पुनः कार्यवाहक सभापतिकै हैसियतमा अर्को प्रेस विज्ञप्ति जारी
- **२ वैशाख ०८३** खड्कालाई स्पष्टीकरण सोध्ने निर्णय
- **४ वैशाख ०८३** विशेष महाधिवेशन पक्षधरलाई सर्वोच्च अदालतद्वारा वैधानिकता

■ आमा सम्झँदै मातातीर्थ कुण्डमा



शब्द/तस्बिर : **अमुल थापा**/नयाँ पत्रिका

मातातीर्थ औंसी (आमाको मुख हेर्ने दिन)मा शुक्रबार काठमाडौंको चन्द्रागिरि नगरपालिका- ६ मा रहेको मातातीर्थ कुण्डमा स्नान गर्न तथा दर्शन गर्न पुगेका भक्तजन। अघिल्लो दिन साँझदेखि नै आमाको सम्झनामा बत्ती बालेर जाग्राम बसी बिहान मातातीर्थ कुण्डमा स्नान गर्ने गर्ने गरिन्छ। आमाको मुख हेर्ने दिन आमालाई मीठा खानेकुरा खान दिई श्रद्धा, भक्तिसाथ मनाइन्छ। आमाप्रति श्रद्धा, भक्ति, सम्मान र आदर गर्ने तथा उनबाट शुभाशीर्वाद थाप्ने दिनका रूपमा यो पर्वलाई लिइने गरिन्छ।

झ्यानयाँ



साहित्य

● **विमल सुवेदी**

कला र राजनीति सँगसँगै अघि बढ्दा पुरानो दृष्टिकोणभन्दा फरक र संवेदनशीलता बुझ्ने नेतृत्व आवश्यक पर्छ



चिम्पान्जी समूहबिच आठ वर्षदेखि चलिरहेछ ‘गृहयुद्ध’

असनमा पनि अब हरेक शनिबार ‘नो भेहिकल’

कमलाक्षी चोकदेखि असनसम्म, भोटाहिटी चोकदेखि असनसम्म र महाबौद्धबाट असनसम्मको क्षेत्रमा हरेक शनिबार जीवन्त र समृद्ध (असं) असन कार्यक्रम। सामाजिक, सांस्कृतिक तथा रैथाने व्यापारिक क्रियाकलाप हुने।



■ **काठमाडौं महानगरका प्रवक्ता नवीन मानन्धर भन्छन्-**

काठमाडौंको सांस्कृतिक पहिचान, सहरभित्रका परम्परागत जीवनशैली, जात्रा, पर्व, संस्कार, संस्कृति पुस्तान्तरण हुँदै जानेछन्। पुर्खाको ज्ञान र सिपले निरन्तरता पाउनेछ।

नयाँ पत्रिका

काठमाडौंको प्राचीन सहरी बस्ती असनको मौलिकता पुनर्स्थापना गराउन हरेक शनिबार सवारीसाधन निषेध गरेर जीवन्त र समृद्ध (असं) असन कार्यक्रम सञ्चालन गरिने भएको छ। ‘जीवन्त र समृद्ध (असं) असन’ नारासहित असन क्षेत्रमा सामाजिक, सांस्कृतिक तथा परम्परागत गतिविधि हुनेछन्।

निःशुल्क वाटर एटिएम मेसिन सञ्चालन

हाँडीगाउँको अवधारणाअनुसार असन क्षेत्रमा पनि सामाजिक तथा सांस्कृतिक, रैथाने ज्ञान तथा सिपको प्रदर्शनी, गायन, वादन तथा नृत्यलगायत

» पृष्ठ २ मा क्रमशः



यी क्षेत्रमा शनिबार ‘नो भेहिकल’

काठमाडौं महानगरका अनुसार शनिबार जीवन्त र समृद्ध (असं) असन कार्यक्रम सञ्चालन अवधिमा जमलतर्फ कःमिलाछी (कमलाछी) सिंह ढोकाबाट असनतर्फ सवारी प्रवेश पाउनेछैनन्। त्यस्तै, भोटाहिटी कलश ढोकाबाट असनतर्फ प्रवेश पाइनेछैन। वीर अस्पतालबाट महाबौद्ध स्तूपातर्फ सवारी प्रवेश निषेध हुनेछ। वटु गणेश र भौंसीको स्थित गणेश मन्दिरबाट महाबौद्ध स्तूपातर्फ प्रवेश पाइनेछैन। इन्द्रचोकबाट सवारी प्रवेश रोकिनेछ। मच्छिन्द्रवहाल, मांस गल्लीबाट मोटरसाइकलसमेत प्रवेश रोकिनेछ। त्यौड गल्ली हुँदै गोसिफबाट अगाडि प्रवेश पाइनेछैन। गोसिफबाट इनबहाल गणेश मन्दिर जान सकिनेछ। गणेश मन्दिरबाट पिलांतु गल्लीतर्फ प्रवेश निषेध हुनेछ। न्हकेटलाबाट असनतर्फ जान पाइनेछैन। कान्तिपथतर्फ ज्याठा अन्नपूर्ण स्कुलबाट भमुलु गल्लीतर्फ प्रवेश रोकिनेछ। शनिबार असन आउने आगन्तुकले धरहरा भूमिगत पार्किङ, जमल वहाल, दरबार हाइस्कुल तथा अन्य तोकिएका स्थानमा सवारीसाधन राखेर पैदल यात्राबाट असन प्रवेश गर्नुपर्ने प्रवक्ता नवीन मानन्धरले बताए।

अतिक्रमित जग्गा फिर्ता गर्न त्रिविको ३५ दिने अल्टिमेटम

नयाँ पत्रिका



त्रिभुवन विश्वविद्यालयले आफ्नो स्वामित्वमा रहेको जग्गा अतिक्रमणबाट फिर्ता गराउन संघसंस्था तथा व्यक्तिहरूलाई ३५ दिनको अल्टिमेटम दिएको छ। विश्वविद्यालयले शुक्रबार सार्वजनिक सूचना जारी गर्दै अनधिकृत रूपमा कब्जा, भोग वा नियन्त्रणमा रहेका सबै जग्गा तोकिएको अवधिभित्र खाली गरी आधिकारिक रूपमा फिर्ता गर्न आग्रह गरेको हो। अध्ययन प्रतिवेदनअनुसार करिब दुई हजार पाँच सय रोपनीभन्दा बढी जग्गा अतिक्रमणको चपेटामा परेको छ।

विश्वविद्यालयले ०८१ को ‘जग्गा तथा अचल सम्पत्ति खोजबिन समिति’को प्रतिवेदन कार्यान्वयनका लागि पटक-पटक सूचना जारी गरे पनि हालसम्म अतिक्रमित जग्गा फिर्ता नभएको जनाएको छ। सोही कारण अब कडा कदम चाल्ने संकेत गर्दै तोकिएको समयभित्र जग्गा फिर्ता नगरे प्रचलित कानुनअनुसार कारबाही हुने चेतावनी दिइएको छ।

समितिले साढे पाँच महिना लगाएर तयार पारेको १७९ पेज लामो प्रतिवेदन २ पुस ०८१ मै तत्कालीन प्रधानमन्त्री केपी ओलीलाई बुझाएको थियो। विज्ञहरूले अध्ययन प्रतिवेदन बुझाएको १५ दिनमै कार्यान्वयनमा लैजाने मापदण्ड बनाए पनि ओलीले गुपचुप राखेका थिए। जेन-जी आन्दोलनपछि बनेको अन्तरिम सरकारका शिक्षामन्त्री

» पृष्ठ २ मा क्रमशः

अब सरकारी अस्पतालमा पनि शनिबार-आइतबार बिदा

काठमाडौं/ स्वास्थ्य मन्त्रालयले सरकारी अस्पतालमा अब शनिबार र आइतबार सार्वजनिक बिदा दिने निर्णय गरेको छ। शुक्रबार गरिएको निर्णयअनुसार अस्पताल पनि अन्य सरकारी कार्यालयसरह साप्ताहिक बिदा प्रणालीमा जाने भएका छन्।

मन्त्रालयका प्रवक्ता डा. प्रकाश बुढाथोकीका अनुसार बिदाका दिनमा ओपिडी सेवा बन्द रहनेछ। तर, अन्तरंग (इनडोर) तथा आकस्मिक शल्यक्रिया सेवा भने २४सै घण्टा नियमित रूपमा सञ्चालन हुनेछन्।

उनले अस्पताललाई आकस्मिक तथा अन्तरंग सेवाका लागि कर्मचारीको पालो मिलाएर सेवा सञ्चालन गर्न निर्देशन दिइएको बताए। यस्ता सेवामा संलग्न स्वास्थ्यकर्मीले भने सातामा दुई दिन बिदा पाउने व्यवस्था गरिने भएको छ।

कामना सेवा विकास बैंक लि.
Kamana Sewa Bikas Bank Ltd.

CENTRAL OFFICE:
Gyaneshwor-30, Kathmandu
Tel: +977-01-5970030
Toll Free No: 16600-11-3000
Email: customercare@kamanasewabank.com
www.kamanasewabank.com

Unaudited Financial Results (Quarterly)
As on 30 Chaitra 2082

Condensed Statement of Financial Position
As on Quarter ended 30 Chaitra 2082

(Amount in NPR)

Particulars	This Quarter ending	Immediate Previous Year Ending (Audited)
Assets		
Cash and Cash Equivalent	1,621,364,464	1,786,654,797
Due from Nepal Rastra Bank	2,651,641,033	2,724,031,338
Placement with Bank and Financial Institutions	-	-
Derivative Financial Instruments	-	-
Other Trading Assets	-	-
Loans and Advances to BFIs	1,594,365,744	2,537,879,119
Loans and Advances to Customers	53,538,687,565	50,077,497,277
Investment Securities	12,734,617,853	12,290,942,521
Current Tax Assets	27,540,174	-
Investment in Subsidiaries	-	-
Investment in Associates	-	-
Investment Property	329,193,168	354,180,029
Property and Equipment	903,024,296	932,123,307
Goodwill and Intangible Assets	12,663,527	13,304,569
Deferred Tax Assets	32,993,903	32,455,525
Other Assets	509,108,115	705,505,466
Total Assets	**73,955,199,843**	**71,454,573,948**
Liabilities		
Due to Bank and Financial Institutions	365,771,583	667,439,221
Due to Nepal Rastra Bank	-	-
Derivative Financial Instruments	-	-
Deposits from Customers	64,950,732,353	62,834,301,164
Borrowings	-	-
Current Tax Liabilities	-	11,699,214
Provisions	32,068,562	26,950,201
Deferred Tax Liabilities	-	-
Other Liabilities	942,665,670	979,614,600
Debt Securities Issued	997,108,939	997,108,939
Subordinated Liabilities	-	-
Total Liabilities	**67,288,347,106**	**65,517,113,338**
Equity		
Share Capital	4,211,930,815	3,510,846,195
Share Premium	-	-
Retained Earnings	417,603,796	587,575,801
Reserves	2,037,318,126	1,839,038,613
Total Equity Attributable to Equity Holders	**6,666,852,737**	**5,937,460,610**
Non Controlling Interest	-	-
Total Equity	**6,666,852,737**	**5,937,460,610**
Total Liabilities and Equity	**73,955,199,843**	**71,454,573,948**
Net Assets Value per share	163.57	169.12
Note: Share capital for this year includes NPR 350 Million 'KSBBL 9% PNCPS'		

Condensed Statement of Profit or Loss
For the Quarter ended 30 Chaitra 2082

(Amount in NPR)

Particulars	Current Year		Corresponding Previous Year	
	This Quarter	Upto This Quarter (YTD)	This Quarter	Upto This Quarter (YTD)
Interest Income	1,243,223,751	3,911,201,194	1,421,698,967	4,394,390,946
Interest Expense	636,343,194	2,092,851,838	847,000,193	2,730,097,815
Net Interest Income	**606,880,556**	**1,818,349,356**	**574,698,773**	**1,664,293,131**
Fee and Commission Income	94,255,318	264,301,056	85,132,273	242,006,885
Fee and Commission Expense	6,121,471	17,515,745	5,296,616	16,838,341
Net Fee and Commission Income	**88,133,847**	**246,785,311**	**79,835,657**	**225,168,543**
Net Interest, Fee and Commisson Income	**695,014,404**	**2,065,134,667**	**654,534,430**	**1,889,461,674**
Net Trading Income	166,355	549,815	211,763	535,983
Other Operating Income	2,372,705	61,550,298	16,885,008	71,751,022
Total Operating Income	**697,553,464**	**2,127,234,780**	**671,631,201**	**1,961,748,679**
Impairment Charge / (Reversal) for Loans and Other Losses	99,122,651	286,251,457	120,721,092	317,163,066
Net Operating Income	**598,430,813**	**1,840,983,322**	**550,910,109**	**1,644,585,613**
Operating Expense				
Personnel Expenses	199,359,803	639,249,068	188,435,162	590,737,751
Other Operating Expenses	99,837,541	298,193,833	95,107,317	276,675,177
Depreciation & Amortisation	19,095,722	56,125,715	20,452,015	61,069,828
Operating Profit	**280,137,747**	**847,414,706**	**246,915,614**	**716,102,857**
Non Operating Income	162,753	1,582,688	-	-
Non Operating Expense	1,161,845	6,215,070	3,070,822	10,699,752
Profit Before Income Tax	**279,138,655**	**842,782,324**	**243,844,793**	**705,403,105**
Income Tax Expense				
Current Tax	84,990,502	254,083,603	73,153,438	212,218,536
Deferred Tax	-	-	-	-
Profit for the Period	**194,148,153**	**588,698,721**	**170,691,355**	**493,184,569**
Profit Attributable to:				
Equity-holders of the Bank	194,148,153	588,698,721	170,691,355	493,184,569
Non-Controlling Interest	-	-	-	-
Profit for the Period	**194,148,153**	**588,698,721**	**170,691,355**	**493,184,569**

Condensed Statement of Other Comprehensive Income
For the Quarter ended 30 Chaitra 2082

(Amount in NPR)

Particulars	Current Year		Corresponding Previous Year	
	This Quarter	Upto This Quarter (YTD)	This Quarter	Upto This Quarter (YTD)
Profit for the year	**194,148,153**	**588,698,721**	**170,691,355**	**493,184,569**
Other Comprehensive Income, Net of Income Tax				
a) Items that will not be reclassified to profit or loss				
Gains/(losses) from investment in equity instruments measured at fair value	28,758,179	(1,794,594)	46,364,165	29,126,174
Gains/(losses) on revaluation	-	-	-	-
Actuarial gains/(losses) on defined benefit plans	-	-	-	-
Income tax relating to above items	(8,627,454)	538,378	(13,909,250)	(8,737,852)
Net other comprehensive income that will not be reclassified to profit or loss	**20,130,725**	**(1,256,216)**	**32,454,916**	**20,388,322**
b) Items that are or may be reclassified to profit or loss				
Gains/(losses) on cash flow hedge	-	-	-	-
Exchange gains/(losses)(arising from translating financial assets of foreign operation)	-	-	-	-
Income tax relating to above items	-	-	-	-
Reclassify to profit or loss	-	-	-	-
Net other comprehensive income that are or may be reclassified to profit or loss	-	-	-	-
c) Share of other comprehensive income of associate accounted as per equity method	-	-	-	-
Other Comprehensive Income for the year, Net of Income Tax	20,130,725	(1,256,216)	32,454,916	20,388,322
Total Comprehensive Income for the Period	**214,278,878**	**587,442,505**	**203,146,271**	**513,572,891**
Total Comprehensive Income attributable to:				
Equity-Holders of the Bank	214,278,878	587,442,505	203,146,271	513,572,891
Non-Controlling Interest	-	-	-	-
Total Comprehensive Income for the Period	**214,278,878**	**587,442,505**	**203,146,271**	**513,572,891**
Earnings per Share				
Basic Earnings per Share		20.05		18.73
Diluted Earnings per Share		20.05		18.73
EPS (Equity Shareholders)= (Net profit after tax - PNCPS Dividend)/Number of Equity Shares				

Ratio as per NRB Directive

Particulars	Current Year		Previous Year Corresponding	
	This Quarter	Upto This Quarter (YTD)	This Quarter	Upto This Quarter (YTD)
Capital Fund to RWE		13.47%		12.86%
Tier 1 Capital to RWA		10.97%		10.14%
CET 1 Capital to RWA		10.30%		10.14%
Annualized Return on Equity		12.45%		11.83%
Annualized Return on Assets		1.08%		0.96%
Non-Performing Loan (NPL) to Total Loan		4.40%		4.27%
Net Non-Performing Loan (NPL) to Total Loan		1.00%		1.40%
Total Loan Loss Provision to Total NPL		111.12%		104.64%
Cost of Funds		3.90%		5.41%
Credit to Deposit Ratio (CD)		87.33%		86.07%
Base Rate		5.76%		7.42%
Interest Rate Spread		4.11%		4.30%

Statement of Distributable Profit or Loss
For the Quarter ended 30 Chaitra 2082
(As per NRB Regulation)

(Amount in NPR)

Particulars	Current Year Upto this Quarter YTD	Previous Year Corresponding Quarter YTD
Net profit or (loss) as per statement of profit or loss	**588,698,721**	**493,184,569**
Appropriations:		
a. General reserve	(122,051,378)	(98,636,914)
b. Foreign exchange fluctuation fund	(447,226)	(240,717)
c. Capital redemption reserve	(107,142,857)	(107,142,857)
d. Corporate social responsibility fund	(5,886,987)	(4,931,846)
e. Employees' training fund	-	-
f. Other		
Investment adjustment reserve	3,000,000	-
Fair Value Reserve	21,558,167	10,663,602
Profit or (loss) before regulatory adjustment	**377,728,440**	**292,895,837**
Regulatory adjustment :		
a. Interest receivable (-)/previous accrued interest received (+)	(5,791,346)	116,168,218
b. Short loan loss provision in accounts (-)/reversal (+)	-	-
c. Short provision for possible losses on investment (-)/reversal (+)	-	-
d. Short loan loss provision on Non Banking Assets (-)/reversal (+)	12,435,961	73,333,791
e. Deferred tax assets recognized (-)/ reversal (+)	-	-
f. Goodwill recognized (-)/ impairment of Goodwill (+)	-	-
g. Bargain purchase gain recognized (-)/reversal (+)	-	-
h. Actuarial loss recognized (-)/reversal (+)	-	-
i. Fair value Loss on investment	-	-
j. Other (+/-)	-	-
Net Profit for the quarter end available for distribution	**384,373,055**	**482,397,846**
Opening retained earnings	**587,575,801**	**411,201,538**
Adjustment/Restatement	-	-
Distribution:		
Bonus Share issued	(351,084,620)	(229,681,527)
Cash dividend paid	(203,260,440)	(164,058,233)
Total Distributable profit or loss as on quarter end date	**417,603,796**	**499,859,624**
Annualised Distributable Profit/Loss per share (Equity Shareholders)	**14.15**	**18.98**

Notes to Interim Financial Statements :

1. The above financial statements have been prepared in accordance with Nepal Financial Reporting Standards (NFRS) in line with NRB Directives. In compliance with NRB's ECL Guidelines, Bank has de-recognized interest income on loans and advances classified as Lifetime ECL under Stage-3. Bank has considered the impairment on credit exposures as the higher of total ECL provision as per NFRS 9 and existing regulatory provision in Unified Directives. Separate reporting of ECL shall be done to NRB by the Bank.
2. Loans and advances include interest receivable on loans and are presented net of loan impairments.
3. Bank has set aside Rs. 14.29 crore per year starting from Fiscal year 2080-81 for Debenture Redemption Reserve fund. Till the third quarter of current FY accumulated figure of Debenture Redemption reserve is Rs. 39.29 crore.
4. Above figures are subject to change if directed by regulator or external audit.
5. Wherever necessary, figures have been regrouped and rearranged.
6. There are no related party transactions for the quarter with related parties apart from BOD allowance to BOD members and salary and allowances to CEO and DCEO.
7. The interim unaudited financial statement has been updated in Bank's website https://www.kamanasewabank.com

Additional Disclosure as per Securities Registration and Issue Regulation - 2073 (Sub-Rule (1) of Rule 26, Annex 14) for 3rd Quarter Report Fiscal Year 2082/083

1. Financial Statement

a. Statement of Financial Position and Statement of Profit and Loss as per Nepal Financial Reporting Standard: Published along with this report. There has been no transaction between related parties.

b. Key financial indicators and ratios

Earnings Per Share (Equity Shareholders) (NPR)	20.05
Price Earnings Ratio (P/E Ratio) (Times)	24.20
Net worth Per Share (Equity Shareholders) (NPR)	163.57
Liquidity Ratio	24.08%
Total Assets per share (Equity Shareholders) (NPR)	1,914.98
Capital Adequacy Ratio	13.47%

Note: Earnings per share (Equity Shareholders) = (Net profit after tax - PNCPS Dividend)/Number of Equity Shares
Net worth per share (Equity Shareholders) = (Total Equity Fund – Preference Share Capital)/Number of Equity Shares

2. Management Analysis

a. The bank has registered NPR 588.70 million in net profit.
b. There has been change in the bank's reserve, profit and liquidity position in line with the growth in business volume.
c. The bank has issued 'KSBBL 9% Perpetual Non-Cumulative Preference Share' amounting to Rs. 350 Millions (35,00,000 Kitta @ NPR 100 Each) during the Quarter. The Capital instrument has been reflected under Share Capital in the Bank's Statement of Financial Position. With the issuance of Preference Share, Bank's Capital Adequacy position is expected to strengthen further.
d. The bank has been able to generate satisfactory financial results as of 3rd Quarter of Fiscal year 2082-83.

3. Details relating to legal action

a. Case filed against the bank
There were no major cases except those arising during the normal course of the bank's business.
b. Case relating to disobedience of prevailing law or commission of criminal offence filed by or against the promoter or director of the bank
No such information has been received.
c. Case relating to financial crime filed against any promoter or director
No such information has been received.

4. Analysis of share transaction and progress of the bank

a. Management's view on share transaction of bank in the secondary market
As the prices in the secondary market is determined by open share market operations, management view is neutral on this.
b. Maximum, minimum, closing price, total traded days and total share transacted during the quarter (Source www.nepalstock.com)

Maximum Price	517	Total Days Transacted	53
Minimum Price	448	Total Share Transacted	3,601,385 Shares
Closing Price	485.2	Total Transactions	NRs. 1,743,911,606

5. Problem and Challenges

Internal
- Recruitment and retention of quality manpower.
- Increasing cost of operation.
- Increasing trend of Non-Performing Assets.
- Limited scope for increasing non-interest income.
- Challenges in liquidity management and interest risk management.

External
- Slowdown in country's economic activities.
- Competitive banking business.
- Limited credit opportunities in productive sectors.
- Excess availability of liquid funds in market
- Global economic uncertainty and geopolitical developments.
- Increasing cyber frauds and information security risks.
- Current trend of selection of foreign countries for better opportunity by the youths.

Strategy
- Identification of new possibilities for business development.
- Focus on quality onboarding of customers/ borrowers.
- Strong risk management approach and portfolio diversification.
- Reinforcement of prudent banking practices.
- Re-pricing of assets and liabilities keeping in view the market fluctuations.
- Prioritization of digitization in banking services to enhance efficiency.
- Robust recovery management.

6. Corporate Governance

The bank follows zero tolerance culture on governance and compliance. It ensures absolute compliance of directives and guidelines issued by Nepal Rastra Bank. To ensure adequate compliance and risk management the bank has developed strong policy and procedural framework along with dedicated independent compliance, audit and risk management function.

The board of directors, audit committee, risk management committee, human resource management committee, recruitment committee and all other management committee are committed to enforce highest standard of corporate governance within the bank.

7. Declaration by CEO

I hereby declare that the data and information provided in this report is true, complete and factual to the best of my knowledge. No any conscious attempt has been made to misguide the investors.

गगन नेतृत्वलाई...

पृष्ठ १ बाट क्रमशः

दिएको थियो। '...निर्वाचन आयोगले राजनीतिक दलसम्बन्धी ऐन, २०७३ को दफा ५१ को परिधिभित्र रही उपलब्ध तथ्य, कागज प्रमाणको अध्ययन र जाँचबुझ गरी निर्णय भएकोमा ऐनको दफा ४६ (२) बमोजिम सो निर्णय अन्तिम हुने भएबाट विवादको तथ्यभित्र प्रवेश गरी प्रस्तुत रिट निवेदनको रोहबाट हस्तक्षेप गरी हेर्न उपयुक्त देखिएन,' फैसलाको संक्षिप्त आदेशमा छ, 'अतः रिट निवेदन मागबमोजिमको आदेश जारी हुनुपर्ने अवस्थाको विद्यमानता देखिन नआएबाट प्रस्तुत रिट निवेदन खारेज हुने ठहर्छ।'

सभापति देउवा र कार्यवाहक अध्यक्ष पूर्णबहादुर खड्का ले विशेष महाधिवेशन अवैध भएको दाबी गर्दै दायर रिटमा आयोग, गगन थापा नेतृत्वको समिति र विश्वप्रकाश शर्मा विपक्षी थिए। तर, सर्वोच्चका न्यायाधीश शारंगा सुवेदी र नृपध्वज निरौलाको इजलासले दुई दिनको सुनुवाइपछि आयोगको निर्णय कानुनअनुसार भएको ठहर गर्दै रिट खारेज गरेको हो।

फैसलामा विशेष महाधिवेशनपछि कार्यसमितिमा आएको परिवर्तन, निर्वाचनमा सहभागिता र राजनीतिक वैधता स्थापित भइसकेका कारण मुद्दाको सार नै परिवर्तन भएको उल्लेख छ। '...केन्द्रीय कार्यसमितिका पदाधिकारीहरूको भएको हेरफेरको अद्यावधिक भएपछि प्रमुख पदाधिकारीको रूपमा श्री गगनकुमार थापाको हस्ताक्षरबाट २०८२ फागुन २१ मा तोकिएको संघीय संसद्को निर्वाचनको लागि हुने प्रत्यक्ष निर्वाचनतर्फको उम्मेदवारको मनोनयन भई निर्वाचनसमेत सम्पन्न भई राजनीतिक वैधता पाई रिट निवेदन गर्दाको अवस्थामा हाल सारभूत परिवर्तन भइसकेको अवस्थामा विशेष महाधिवेशन बोलाउने भनी निकालिएको विज्ञप्ति तथा तत्सम्बन्धी कामकारबाहीसमेत बदर गरिपाऊँ भनी लिएको निवेदन जिकिरको औचित्य समाप्त भइसकेको,' फैसलामा छ।

काग्रेस आधिकारिकता विवादमा आयोगले निर्णय गर्दा अपनाएको कानुन, प्रक्रिया र कार्यविधिमा कुनै त्रुटि रहेको नदेखिएको समेत फैसलामा छ। तत्कालीन महामन्त्रीले पुसमा विशेष महाधिवेशन बोलाएका थिए। जसबाट थापा उक्त दलको नेतृत्वमा आएका थिए। थापा नेतृत्वको विशेष महाधिवेशनपछिको कार्यसमितिलाई आयोगले वैधानिकता दिएको थियो। त्यसपछि देउवा र खड्का महाधिवेशन अवैध रहेको, त्यसको कार्यसमिति तथा त्यसबाट भएका निर्णयसमेत बदर गर्नुपर्ने माग गर्दै सर्वोच्च गएका थिए।

विशेष महाधिवेशन र नवनिर्वाचित कार्यसमितिलाई अवैधानिक घोषणा गरी सर्वोच्चले पहिलेकै कार्यसमितिलाई वैधानिकता दिनुपर्ने माग देउवा र खड्का ले गरेका थिए। रिटमा विधानको गलत व्याख्या गरी आयोगबाट निर्णय भएको दाबी थियो। 'म्याच फिक्सिङ' भएजसरी आयोगबाट निर्णय भएको भन्दै देउवा पक्षले आफैलाई वैध मानिनुपर्ने दाबी गरेको थियो।

गत पुसको अन्तिम साता तात्कालिक महामन्त्रीहरू थापा र शर्माको नेतृत्वमा भएको पार्टीको विशेष महाधिवेशनले थापालाई सभापति चुनेयताको विवाद अन्ततः टुंगिएको छ। तर, समानान्तर गतिविधितर्फ उन्मुख गतिविधिले काग्रेसको राजनीतिक विवाद कसरी टुंगिन्छ भन्ने निश्चित भइसकेको छैन। इतर समूहका नेताहरूले सर्वोच्चको आदेश अनपेक्षित रहेको बताएर पार्टीभित्रको राजनीतिक विवाद लम्बिन सक्ने संकेत गरेका छन्।

अतिक्रमित...

पृष्ठ १ बाट क्रमशः

महावीर पुनले उक्त प्रतिवेदन सार्वजनिक गर्दै कार्यान्वयनमा लैजाने प्रतिबद्धता जनाएका थिए। तर, कार्यान्वयन हुन पाएको थिएन। यही सन्दर्भमा तोकिएको अवधिसम्म जग्गा फिर्ता नभए नियमअनुसार कारबाही हुने भन्दै सूचना प्रकाशित भएको छ। सूचनामा छ, 'नेपाल सरकारलगायत दाताहरूले त्रिभुवन विश्वविद्यालयको शैक्षिक उन्नयनका लागि विभिन्न समय र अवस्थामा विश्वविद्यालयलाई भोगाधिकारका लागि उपलब्ध गराएका (प्रतिवेदनमा उल्लेख भएका वा उल्लेख नभएका) उक्त जग्गा तथा अचल सम्पत्तिहरू यो सूचना प्रथमपटक प्रकाशन भएको मितिले ३५ दिनभित्र खाली गरी/गराई त्रिभुवन विश्वविद्यालयलाई आधिकारिक रूपमा फिर्ता गर्नु/गराउनुहुन सम्बन्धित सबैको जानकारीका लागि सूचना प्रकाशन गरिएको छ।'

छानबिन समितिको प्रतिवेदनअनुसार कृषि वागवानी केन्द्रले मात्रै २८१ रोपनी प्रयोग गरिरहेको छ। त्यस्तै, प्लानेटोरियम तथा अब्जरभेटरीले १६० रोपनी, काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन बोर्डले १०९ रोपनी र आयुर्वेद अनुसन्धान तथा तालिम केन्द्रले २५ रोपनी भोगचलन गर्दै आएका छन्। त्यस्तै, कीर्तिपुर बहुमुखी क्याम्पसको नाममा जग्गाधनी दर्ता प्रमाणपुर्जा भएको कित्ता नम्बर ३४ को १०८ रोपनी १४ आना दुई पैसा तीन दाम जग्गा लेबोरेटरी माध्यमिक विद्यालयले अनधिकृत रूपमा जबर्जस्ती कब्जा गरी उपयोग गरिरहेको प्रतिवेदनमा छ।

समितिले उक्त जग्गा लेबोरेटरी विद्यालयले भोगाधिकार दर्ता गराउन प्रयास गरेको भन्दै त्रिविकै नाममा फिर्ता ल्याउन सुझाव दिएको छ। त्रिविपरिसरमै ग्लोबल आइएमई बैंक, लायन्स क्लब इन्टरनेसनलको रक्तसञ्चार केन्द्र र नेपाल क्रिकेट संघले ७६ रोपनी चार आना तीन दाम जग्गा प्रयोग गरिरहेका छन्। त्यस्तै, विश्वविद्यालय कर्मचारी संघले त्रिवि गेटअगाडि झन्डै २० रोपनी जमिन हडपेको छ। उक्त जग्गा संघले आफूअनुकूल भाडामा लगाएको र ठेक्कापट्टाबाट आउने रकम सोझै संघको खातामा जाने गरेको प्रतिवेदनमा उल्लेख छ। राधास्वामी सत्संग व्यास नेपाल नामक संस्थाले पनि १५ रोपनी विनास्वीकृति ०४७ देखि अपचलन गर्दै आएको छ।

त्यस्तै, नेपाल प्राध्यापक संघले ६ रोपनी १२ आना, महानगरीय प्रहरी वृत्त, कीर्तिपुरले पाँच रोपनी र महानगरीय प्रहरी वृत्त, कालीमाटीले चार रोपनी भोगचलन गर्दै आएका छन। काठमाडौंकै डिल्लीबजार, त्रिपुरेश्वर, वसन्तपुर, नयाँ नैकाप, लुभु, कपनलगायत क्षेत्रमा त्रिविको जग्गा छ। समितिको प्रतिवेदनअनुसार नैकापमा त्रिविको १२५ रोपनी र लुभुमा ३७५ रोपनी छ। सो जग्गा पनि संरक्षण गर्न समितिले सुझाव दिएको थियो। बारामा इन्डो-नेपाल कटन मिल रहेको ठाउँमा ६३ बिघा जग्गा त्रिविको नाममा किनिएको थियो। तर, उक्त जग्गा ३२ लाखमा सूर्य टोबाकोलाई बेचेको पाइएको छ। समितिले यसबारे पनि सरकारको ध्यानाकर्षण गराएको थियो

बागमतीको...

पृष्ठ १ बाट क्रमशः

डा. सन्तोष दुलालले भने, 'बागमतीको पानी कालो छ, सबै किसिमको फोहोर यहाँ मिसिएको छ, एक हिसाबले भन्दा यहाँ पानी बगेको छैन, ढल बगेको हो।'

अत्यधिक ढल मिसिएको बागमतीको पानीमा माछा, भ्यागुता, बिच्छीदेखि पानीमा कुनै पनि जलचरको जीवन सम्भव नरहेको अध्ययनले देखाएको छ। डा. दुलालका अनुसार बागमतीको पानीमा एन्टिबायोटिक्स औषधि, हेभी मेटल (फलाम, मर्करी, पारो र अन्य धातु), ट्वाइलेटजन्य, सिसाजन्य, प्लास्टिकजन्य, अस्पतालजन्य, मृत जनावर र पशुपति क्षेत्रस्थित घाटबाट फालिने फोहोर मिसिएको छ। 'यहाँ माछा र नदीमा हुने कुनै पनि जीव बाँच्ने अवस्था छैन, अतिदूषित छ, ढलमा मानव शरीर मात्रै नभएर प्रकृति नै बिगार्ने किसिमका घातक सूक्ष्म जीवाणु छन्,' उनले भने, 'पानीमा अक्सिजनको मात्रा निकै कम छ, नदीआसपासमा सर्ने र नसर्ने रोगहरू फैलाउन सक्ने सूक्ष्म जीवाणुहरू छन्।'

बागद्वारदेखि सुन्दरीजलसम्म प्रशोधन गरेर पानी पिउनयोग्य हुने देखिए पनि सुन्दरीजलदेखि चोभारसम्म अतिप्रदूषित देखिएको छ। सबैजसो घरबाट ढल नदीमै मिसाइएकाले बस्ती क्षेत्रमा बढी प्रदूषित देखिएको छ। सबैभन्दा धेरै दूषित टेकु दोभानमा देखिएको डा. दुलालले बताए।

'बागमती प्राकृतिक नदी हो, तर अहिले नदी सिध्दिएको छ,' उनले थपे, 'सहरीकरण हुँदै जाँदा नदी फोहोर पारियो, ढल व्यवस्थापन गरिएन।' उनका अनुसार अध्ययन गर्दा रौतहट पुगेपछि मात्रै पानी थिग्रिएर सफा बनेको र माछालगायत नदीजन्य जीव देखिएका छन्। बागमतीबाट आउने गन्धले नदीआसपासमा बस्नेहरूलाई समेत सर्ने र नसर्ने रोगको जोखिम निम्त्याएको डा. दुलाल बताउँछन्।

परिषद्ले बागमतीको पानीले जीवजन्तु र वातावरणमा पारिरहेको असरबारे राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला तथा निजी ल्याबको समन्वयमा उक्त पानीको नमुना परीक्षण गराएको थियो। पहिलो चरणमा ६-७ स्थानबाट पानीको नमुना संकलन गरी 'वाटर क्वालिटी टेस्ट' गरिएको थियो। फरक-फरक स्थानबाट पानीको नमुना परीक्षण गरेपछि पानी अत्यधिक विषाक्त देखिएको परिषद्का कार्यकारी निर्देशक तथा सदस्यसचिव डा. प्रमोद जोशीले जानकारी दिए। उनका अनुसार नदीको फोहोर र त्यसले आसपासमा पारेको असरबारे पहिलोपटक अध्ययन गरिएको हो, अध्ययनको पूर्ण निष्कर्ष आउन अझै डेढ वर्ष लाग्छ।

'हामी अहिले बागमती नदीको इएमआर जाँच्दै छौं। पहिलो चरणमा वाटर क्वालिटी टेस्ट भएको छ। बागमती कुनै पनि जीवन बाँच्न नसक्ने अत्यधिक दूषित रहेको प्रारम्भिक अध्ययनमा देखिएको छ। यसको कारण पत्ता लगाउन हामीले नमुना जाँच गरिरहेका छौं,' डा. जोशीले भने, 'करिब डेढ वर्षमा हामीले यसको अध्ययन सकाएर प्रतिवेदन तयार पार्छौं।' जोशीका अनुसार बागमतीको शिर बागद्वारको पानी परीक्षण गर्दा पिउनयोग्य देखिएको छ। सुन्दरीजल, पशुपति, सिनामंगल, तीनकुने हुँदै चोभारसम्म कुनै किरा पनि बाँच्न नसक्ने विषाक्त देखिएको उनले बताए। यस्तो किन भयो भनेर थप पुष्टि गर्न पटक-पटक ल्याब परीक्षण गरिने उनको भनाइ छ। ल्याबमा धेरै खर्च हुने भएकाले राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला र निजी क्षेत्रका ल्याबको सहायता लिइएको डा. जोशीले बताए।

परिषद्का अनुसार चोभार क्षेत्रमा बागमतीको करिब एक किलोमिटर आसपाससम्म गन्ध आउँछ। त्यस्तै, काठमाडौंको घना बस्ती रहेको क्षेत्रमा पाँच सय मिटरसम्म दुर्गन्ध फैलिने गरेको छ। मकवानपुर लागेपछि पनि बागमती प्रदूषित नै छ। त्यस क्षेत्रमा केही स्थानको नमुना परीक्षण गर्दा पानी प्रदूषित नै देखिएको परिषद्को प्रारम्भिक रिपोर्ट छ। चुरे पहाड क्षेत्र पुगेपछि भने प्रशोधन गरेर पिउन मिल्ने देखिएको डा. जोशीले बताए।

'हामी पटक-पटकको अध्ययन, नमुना संकलन र रिपोर्टपछि अन्तिम रिपोर्ट निकाल्छौं, बागद्वारमा पिउन मिल्ने भए पनि चोभारमा पुग्दा एकदमै प्रदूषित छ, चुरे पहाड पुगेपछि त्यसलाई प्रशोधन गरेर पिउन मिल्ने किसिमको छ,' उनले भने, 'माइक्रोअर्गानिज्म, डिअक्सिमिनेसन, आइरन, ब्याक्टेरियाको अवस्था अध्ययनबाट पत्ता लाग्छ, यो पानीले नदीआसपासका मानिसलाई प्रत्यक्ष असर गरिरहेको छ, अन्तिम नतिजामा त्यो पक्ष पनि स्पष्ट रूपमा समेटिनेछ।' यो अध्ययनका लागि परिषद्ले नै लगानी गरेको छ। अध्ययनपछि नदी क्षेत्रको वातावरण सफा बनाउन, पानी सफा गर्न, मानिसलाई असर नपर्ने गरी नदी सफा गर्नलगायत काममा सहयोग मिल्ने डा. जोशी बताउँछन्।

बागमती धार्मिक आस्था बोकेको नदी पनि हो। उपत्यकाका अधिकांश मठ-मन्दिर बागमती नदीसँग जोडिएका छन्। उपत्यकाको मानव बस्ती सुरुमा बागमतीआसपासमै बसेको इतिहास छ। तर, उपत्यकाको बस्ती र मानव सभ्यता बोकेको नदीमाथि अहिले मान्छेबाटै ठुलो अन्याय भइरहेको अनुसन्धानकर्ताहरू बताउँछन्।

कस्तो पानी पिउन मिल्छ ?

बागमतीको पानीको अवस्था अध्ययन गरिरहेका डा. सन्तोष दुलालका अनुसार प्रोटेबल वाटर (पिउनयोग्य)मा इकोआई (दिसाजन्य) किराहरू हुनुहुँदैन। कुनै पनि रोग लगाउने जीवाणु हुनुहुँदैन। पानीमा गन्ध आउनुहुँदैन। हेभी मेटल (फलाम, मर्करी, पारो र अन्य धातु) मिसिएको हुनुहुँदैन। तर, बागमती नदीमा पानी २० प्रतिशत मात्रै छ, अन्य ८० प्रतिशत ढल रहेको प्रारम्भिक अध्ययनले देखाएको छ। 'हिउँद र बर्खा दुवै याममा पानी पिउनयोग्य छैन,' उनले भने, 'हामीले सात महिनाअघि र दुई महिनाअघि पानीको नमुना परीक्षण गरेका थियौं, बर्खायाममा प्रदूषण केही कम देखिए पनि जीव बाँच्न र पिउनयोग्य देखिएको छैन।'

असनमा पनि...

पृष्ठ १ बाट क्रमशः

सञ्चालन हुने काठमाडौं महानगरका प्रवक्ता एवं सम्पदा समितिका संयोजक नवीन मानन्धरले शुक्रबार आयोजित पत्रकार सम्मेलनमा बताए। 'त्यस क्षेत्रमा भएका जीवन्त मूर्त-अमूर्त सम्पदा बचावट गर्ने, संरक्षण र प्रवर्द्धन गर्ने, परम्परागत धार्मिक, सांस्कृतिक, सामाजिक तथा परम्परागत व्यापारिक क्रियाकलापको प्रदर्शन र प्रवर्द्धनात्मक क्रियाकलाप सञ्चालन हुनेछन्,' उनले भने, 'यसले काठमाडौंको सांस्कृतिक पहिचान, सहरभित्रका परम्परागत जीवनशैली, जात्रा, पर्व, संस्कार, संस्कृति पुस्तान्तरण हुँदै जानेछ। पुर्खाको ज्ञान र सिपले निरन्तरता पाउनेछ।' कार्यक्रम कःमिलाछी (कमलाक्षी) चोकदेखि असनसम्म, भोटाहिटी चोकदेखि असनसम्म र महाबौद्धबाट असनसम्मको क्षेत्रमा सञ्चालन हुनेछ। हरेक शनिवार सञ्चालन हुने यो कार्यक्रम अवधिमा त्यस क्षेत्रमा सवारीसाधन प्रवेश निषेध गरिने भएको छ।

काठमाडौं महानगर वडा नम्बर २७ कार्यालयको नेतृत्व, अन्नपूर्ण, आरसिटी क्लबसहित स्थानीय क्लब, टोल सुधार समिति, गुठीयार, सरोकारवाला र साझेदारको कार्यक्रम हुने महानगरले जनाएको छ।

'मानवीय तथा सवारी आवागमन चापका कारण पछिल्लो समय काठमाडौंका भित्री सहरी क्षेत्रमा व्यवस्थापकीय चुनौती थपिएका छन्। सांस्कृतिक तथा सामाजिक चलनलाई मौलिक स्वरूपमा निरन्तरता दिन कठिन हुन थालेको छ। परम्परागत चिनारी हराउन थालेका छन्,' पत्रकार सम्मेलनपछि जारी भएको प्रेस नोटमा भनिएको छ, 'नुनदेखि सुनसम्म अर्थात् जन्मदेखि मृत्युपर्यन्तका संस्कार र सं

नयाँ पत्रिका
शनिवारीय परिशिष्टाङ्क
झ्यालनयाँ
शनिबार ५ वैशाख ०८३
nayapatrikaofficial @nayapatrik

राजनीतिक अस्थिरतामा कला क्षेत्रको संघर्ष

कला र राजनीति सँगसँगै अघि बढ्दा पुरानो दृष्टिकोणभन्दा फरक र संवेदनशीलता बुझ्ने नेतृत्व आवश्यक पर्छ

कला



● विमल सुवेदी



इतिहासका हरेक कालखण्डमा राजनीतिले कला-साहित्यलाई आफ्नो स्वार्थका लागि प्रयोग गऱ्यो, तर अहिले नेपालमा त्यो ठिक उल्टो भयो। कलाकारले राजनीतिलाई नै प्रयोग गरिदिए। त्यसैले नेपालको कला, साहित्य, नाटक, संगीत, सिनेमा क्षेत्र नेपाली राजनीतिको केन्द्रविन्दुमा छन्।

नेपालजस्तो भू-राजनीतिक संवेदनशीलता भएको देशमा कला राजनीति र कूटनीतिभन्दा बाहिर जानै सक्दैन। कलालाई यसले प्रत्यक्ष र अप्रत्यक्ष रूपमा प्रभाव पारिरहेको हुन्छ। हाम्रो गीत, संगीत, साहित्य, चलचित्र, नाटकको इतिहासलाई केलाउने हो भने पनि यो स्पष्ट हुन्छ।

०४६ को जनआन्दोलनपछि नेपाली समाजमा कला र संस्कृतिको चेतनामा विस्तार भयो। तर, नेपालको राजनीतिले विभिन्न क्षेत्रहरूलाई बारम्बार एउटै परम्परागत ढाँचामा घुमाएर स्रोत, संरचना र सोच सबैलाई एउटै घेराभित्र राखेको छ। नेपालमा पुरानै शैली दोहोरिनु भनेको राजनीतिक चेतनामा पर्याप्त परिवर्तन नआएको संकेत हो। पुरानै सोचबाट आएका नेतृत्वहरूले नयाँ दिशा दिन कठिन हुन्छ। हामी अझै पनि परम्परागत राजनीतिक संरचना र सोचबाट प्रभावित छौं, र त्यसबाट मुक्त हुन संघर्ष गरिरहेका छौं। यसले गर्दा हरेक तह र वर्गले आफ्नो क्षेत्रमा संघर्ष गर्नुपरेको अवस्था छ। र, यसको प्रभाव कला क्षेत्रमा पनि स्पष्ट रूपमा देखिन्छ।

इतिहासका हरेक कालखण्डमा राजनीतिले कला-साहित्यलाई आफ्नो स्वार्थका लागि प्रयोग गऱ्यो, तर अहिले नेपालमा त्यो ठिक उल्टो भयो। कलाकारले राजनीतिलाई नै प्रयोग गरिदिए। त्यसैले नेपालको कला, साहित्य, नाटक, संगीत, सिनेमा क्षेत्र नेपाली राजनीतिको केन्द्रविन्दुमा छ।

पछिल्लो ३०-४० वर्षमा विश्वमा धेरै क्षेत्रमा परिवर्तन भइसकेको छ। तर, हाम्रो संरचनागत सोच र काम गर्ने तरिका धेरै हदसम्म पुरानै छ। वास्तवमा, सिर्जनशीलता केवल कला क्षेत्रमा मात्र सीमित हुँदैन- राजनीति, पत्रकारिता, विज्ञान, दैनिक जीवन सबैमा यसको भूमिका हुन्छ। नयाँ सोच, नवप्रवर्तन र सिर्जनात्मक दृष्टिकोणले मात्र समाजलाई अगाडि बढाउन सक्छ। तर, हामी अझै पनि धेरै हदसम्म पुरानै ढर्रा र सोचमा अड्किएका छौं।

कला र समाजको अन्तरसम्बन्ध

कलाकारले देश, समाज, भूगोल, राजनीति र कूटनीति नबुझी कलाकारिता गर्नु भनेको एउटा भान्सेले के पकाउँदै छु भन्ने थाहा नपाई खाना बनाएजस्तो हो। यी विषय नबुझी बनाइएको कला संवेदनशील हुँदैन, त्यसमा परिपक्वता पनि आउँदैन, मनोरञ्जनबाहेक। त्यस्तो कलाले समाजलाई विकासतर्फ लैजान सक्दैन र यसले समाजको वास्तविकता प्रस्तुत गर्न पनि सक्दैन। अहिले सामाजिक सञ्जालको आक्रामक विस्तार र विकासँगै सस्तो र असंवेदनशील कुराहरूले समाजमा प्रभुत्व जमाएको छ। यो पनि हामी दौडिनुपर्ने वेला हिँड्नु र हिँड्नुपर्ने वेला सुत्नुको परिणाम हो।

हाम्रो समाज र राजनीति दुवै समयभन्दा पछि परिरहेका छन्। हामी समयको घडी र समाजको घडीभन्दा पछाडि चलिरहेका छौं। अहिलेका नयाँ पुस्ता भने समय र समाजको चालसँगै अघि बढ्न खोजिरहेका छन्। यही अन्तर र द्वन्द्वका कारण राजनीतिमा उथलपुथल देखिएको छ, जसको प्रभाव कला क्षेत्रमा पनि पर्नु स्वाभाविक हो। अहिलेको समयमा पुरानाको अनुभव र नयाँको ऊर्जाको संयोजन नै देशको निकास हो। जसरी नेपाली राजनीति, कला, साहित्यका पुरानाले नयाँलाई किनाराकृत गर्ने काम गरे अब नयाँले पुरानाहरूलाई अभिभावकत्वसहित जोडेर लैजानुपर्छ।

जसरी भूराजनीति र कूटनीति संवेदनशील रूपमा समाजसँग जोडिएका हुन्छन्, त्यसरी नै कला पनि जोडिनुपर्छ। अहिले हाम्रो समाज यी विभिन्न शक्तिहरूबिचको द्वन्द्वबाट गुज्रिरहेको छ र यो अवस्था लामो समयदेखि चल्दै आएको छ। हामीले समयअनुसार आफ्ना सोच, संरचना र अभ्यासलाई पुनः परिभाषित गर्न सकेनौं। परिवर्तनलाई अपनाउन सकेनौं। त्यसैले आज पनि हामी पुरानै ढाँचामा अल्झिएका छौं। हाम्रो राजनीतिक विरोध गर्ने शैली आज पनि उस्तै छ। यसले के देखाउँछ भने हामी अझै पनि त्यही पुरानो सोच र अभ्यासको प्रतिबिम्ब हौं। त्यसैले अब हामीले हरेक कुरालाई पुनः परिभाषित गर्नुपर्ने आवश्यकता छ। इतिहास, परराष्ट्र नीति, पुराना सन्धि, सम्झौता, प्रक्रिया, राजनीतिक दर्शन र प्रयोग भइरहेका जार्गनहरूलाई पनि स्पष्ट रूपमा पुनः व्याख्या गर्नुपर्छ।

विश्व इतिहास र मानव सभ्यताको विकास प्रक्रिया हेर्ने हो भने हरेक देश सामन्तवादबाट पुँजीवाद र पुँजीवादबाट साम्राज्यवादतिर अगाडि बढेको देखिन्छ। अहिलेको विश्व माथि उल्लेखित एउटा 'कक्टेल भर्सन' हो, यहाँ सबै विद्यमान छन्। यो 'कक्टेल भर्सन'को सबैभन्दा मुख्य चरित्र भनेको अल्पज्ञान, ढोंगीपन र अराजकता नै हो र यसबाट नेपाल र नेपाली अछुतो छैन। नेपालका हरेक क्षेत्र यसबाट प्रभावित छ, कला, साहित्य, संगीत, नाटक, चलचित्र र बौद्धिकजस्तो देखिने बुद्धिजीवी वर्गहरू। यस्तो समाजमा बिचौलिया निर्णायक हुन्छन्।

कला क्षेत्रमा संघर्ष

राजनीतिक र सामाजिक क्षेत्रमा भइरहेको उथलपुथलले सबैतिर प्रभाव पारिरहेको छ। कला यस्तो क्षेत्र हो, जहाँ संकट पर्दा सबैभन्दा पहिले असर पर्छ र परिवर्तनको अभिव्यक्ति पनि अन्तिम रूपमा त्यहीं देखिन्छ। त्यसैले नेपाली नाटक, सिनेमा, संगीत र समग्र कला क्षेत्र बारम्बार संघर्षबाट गुज्रिरहेका छन्। रंगमञ्चमा बहस उठिरहेको छ, के हाम्रो नाटक नेपाली नाटकजस्तो छ ? जुन देशमा १,४७,१८१ वर्गकिलोमिटरभित्र १२४ भाषा बोल्ने १४२ जनजाति छन्, त्यस देशको कला-सहित्यमा एकरूपता कसरी हुन्छ ? अर्को कुरा कला व्यक्तिव, अनुभव र व्यक्तिको गहिराइ, बुझाइ र चेतनाको स्तरले पनि निर्धारण गर्छ। विविधता नै हाम्रो सम्पत्ति हो, हाम्रो शक्ति हो, एकरूपता होइन। अहिले नेपाल एउटा समयबाट अर्को समयमा प्रवेश गर्दै छ, अब हामीले हरेक कुरालाई पुनः परिभाषित गर्नु र परिमार्जन गर्नु जरुरी छ। नेपालको सिनेमा, नाटक र संगीत क्षेत्र समय र समाजको विकासको तुलनामा अझै पनि पछाडि परेको देखिन्छ, तर पनि राजनीतिभन्दा अघि छ र आशावादी छ।

संरचनागत रूपान्तरण

इतिहास, परराष्ट्र नीति, राजनीतिक दर्शन र सामाजिक न्यायका मुद्दालाई नयाँ ढंगले पुनर्भाषित गर्नु आवश्यक छ। हामीले विकासलाई केवल भौतिक पूर्वाधारमा सीमित राख्नुहुँदैन। समृद्धि र विकासको अवधारणालाई पनि व्यापक र समावेशी रूपमा पुनर्विचार गर्नुपर्छ। पछिल्लो समयमा प्रजातन्त्र, लोकतन्त्र, गणतन्त्रजस्ता विभिन्न प्रणाली आए, नाम जे भए पनि यसको सार भनेको नागरिक स्वतन्त्रता हो। प्रत्येक नागरिकले स्वतन्त्र रूपमा बाँच्न पाउनुपर्छ। र, समाजका किनारामा रहेका सबै व्यक्तिले समान अधिकार पाउनुपर्छ। विकास समावेशी हुनुपर्छ भन्ने मूल भावना हो।

संगीत, नाटक र सिनेमाको स्तर बढाउन संघ-संस्थाको आवश्यकता र भूमिका हुनुपर्छ। नेपालको सिनेमा, नाटक र संगीतमा केही आधारभूत प्रश्नहरू उठाउन आवश्यक देखिन्छ। नेपालमा 'राष्ट्रिय नाचघर' भन्ने एउटा संस्था छ, तर यसले समाजमा वास्तवमा के योगदान गरिरहेको छ भन्ने कुरा स्पष्ट रूपमा देखिँदैन। संगीत नाट्य एकेडेमीसँग हल छैन, नाचघरसँग आफ्नो हल छ, तर यसको काम देखिँदैन। यी दुवै संस्था यसरी नै रहने हो भने यी दुईलाई गाभिदिए राज्यको स्रोत जोगिन्छ। सांस्कृतिक संस्थान (नाचघर), प्रज्ञा प्रतिष्ठान पञ्चायतकालकै संरचना हुन्। लोकतन्त्र आएपछि हामीले कला क्षेत्रका नयाँ संरचना केही बनाएनौं। यी संस्थान केवल राजनीतिक कार्यकर्ता भर्ती गर्ने थलो बनिरहे।

राष्ट्रिय नाचघर र प्रज्ञा-प्रतिष्ठानजस्ता ठुला सांस्कृतिक संस्थाहरू पञ्चायतकालमै स्थापना भएका थिए। तर, प्रजातन्त्र र लोकतन्त्र स्थापना भएपछि हामीले कला-संस्कृतिसँग नयाँ के उपलब्धि हासिल गऱ्यौं ? के कुनै नयाँ थिएटर केन्द्र बने ? के अन्तर्राष्ट्रियस्तरको सांस्कृतिक केन्द्र निर्माण भयो ? यस्ता पूर्वाधार विकास खासै देखिँदैनन्। यस्ता संस्था राजनीतिक पद र शक्तिको होडतर्फ बढी केन्द्रित भयो। विकासका नाममा बिचौलिया र भ्रष्टाचार मौलाउँदै गए, जसले समाजमा असन्तोष, अन्योल र अराजकता बढाएको छ।

> राजनीतिक र सामाजिक क्षेत्रमा भइरहेको उथलपुथलले सबैतिर प्रभाव पारिरहेको छ। कला यस्तो क्षेत्र हो, जहाँ संकट पर्दा सबैभन्दा पहिले असर पर्छ र परिवर्तनको अभिव्यक्ति पनि अन्तिम रूपमा त्यहीं देखिन्छ। त्यसैले नेपाली नाटक, सिनेमा, संगीत र समग्र कला क्षेत्र बारम्बार संघर्षबाट गुज्रिरहेका छन्। रंगमञ्चमा बहस उठिरहेको छ, के हाम्रो नाटक नेपाली नाटकजस्तो छ ?

दीर्घकालीन नीतिको अभाव

चलचित्र विकास बोर्डले बक्स अफिस व्यवस्थापन केही हदसम्म सुधार गरेको देखिन्छ। तर, सिनेमाका लागि नीतिगत पहल गरेको कमै देखिन्छ। बोर्डले कलाकारका लागि पौडी खेल्न वा घोडचढी सिकाउने तालिमजस्ता कार्यक्रम ल्याएको देख्दा अनौठो लाग्छ। सरकारी निकायको काम यस्ता साना तालिम दिनु होइन, नीति निर्माण गर्नु हो र सर्जकलाई सहयोग पुऱ्याउनु हो। जसले फिल्म उद्योगलाई अन्तर्राष्ट्रियस्तरमा पुऱ्याउन सकोस्।

सेन्सर बोर्ड लोकतान्त्रिक समाजमा अलोकतान्त्रिक संस्था हो। यसमा आउने व्यक्तिको चेतना र दृष्टिकोणले सम्पूर्ण निर्णयलाई प्रभाव पार्छ। त्यसैले सेन्सर बोर्ड रहनुहुँदैन, खारेज हुनु आवश्यक छ। यदि काम हुँदैन वा संस्थाहरू कुशलतापूर्वक सञ्चालन हुँदैनन् भने त्यसलाई पुनर्संरचना वा खारेज गर्नु उचित हुन्छ। यी पक्षहरूमा ध्यान दिन सकियो भने मात्र कला क्षेत्रले देश र समाजको विकासमा ठोस योगदान दिन सक्छ। सम्बन्धित संस्थाहरूले कलाकारलाई सहजीकरण र सहयोग गर्नुपर्छ। अनावश्यक सेन्सरसिप लगाउने, निरुत्साहित गर्ने वा दुःख दिने होइन। डिजिटल युगमा सेन्सर बोर्ड रहनु अलोकतान्त्रिक र भद्दा कुरा हो। यसलाई खारेज गरेर चलचित्रको वर्गीकरण गर्ने व्यवस्था गर्नुपर्छ। सर्जकको चेतनाको मापन एउटा बन्द कोठामा बसेका केही व्यक्तिहरूले गर्न मिल्दैन।

अहिले अर्को बहस भनेको चलचित्र वा कला क्षेत्रलाई कुन मन्त्रालयअन्तर्गत राख्ने भन्ने छ। तर, योभन्दा महत्त्वपूर्ण कुरा त्यस्ता संस्था किन बनाइएका हुन् र तिनीहरूको उद्देश्य के हो भन्ने हो। नेपालमा धेरै संघ-संस्था छन्, तर तिनीहरूले वास्तवमा कति प्रभावकारी काम गरेका छन् भन्ने जटिल प्रश्न छ। नेपालको सिनेमा, नाटक र संगीत क्षेत्रका यी संस्थालाई कहाँ राख्ने वा कसरी संरचना बनाउने भन्ने मात्र होइन, तिनीहरूको कार्यनीति कस्तो हुने, कार्यान्वयन कसरी गर्ने, सहजीकरण कसरी गर्ने र विशेषज्ञ व्यक्तिहरूलाई कसरी समावेश गर्ने भन्ने हो।

नेपालमा नाटक र चलचित्र व्यक्तिगत प्रयासबाट टिकिरहेको छ। राज्यका तर्फबाट प्रभावकारी सहयोग भएको अनुभव धेरैलाई छैन। राज्यले नाटक क्षेत्रको उत्थानका लागि विशेष भूमिका खेलेको अनुभूति मलाई छैन। बरु, विभिन्न व्यक्तिहरूले आफ्नै स्रोत-साधन र जीवनलाई समर्पण गरी कला क्षेत्रमा परिवर्तन ल्याएका छन्। समाजमा राजनीतिक र कूटनीतिक उद्देश्यले अक्सर आफ्नो शक्ति सुरक्षित गर्न, निर्वाचन जित्न वा व्यक्तिगत फाइदा लिन मात्र योजना बनाइन्छ। यसकारण देशको समग्र विकास र कला क्षेत्रमा संरचनागत विकास गर्नुमा राज्य पर्याप्त रूपमा केन्द्रित भएको देखिँदैन। कला र राजनीति सँगसँगै अघि बढ्दा पुरानो दृष्टिकोणभन्दा फरक र संवेदनशीलता बुझ्ने नेतृत्व आवश्यक पर्छ।

राजनीतिक दृष्टिकोणमा कला

नेपाली कला क्षेत्रमा धेरै विषयलाई पुनः परिभाषित गर्न आवश्यक छ। हाम्रो वैदेशिक नीति पुनः परिभाषित हुनुपर्छ, सांस्कृतिक नीतिहरूलाई नयाँ दृष्टिकोणले हेर्नुपर्छ। संघ-संस्थाहरूले 'राजनीति के हो ?' भन्ने बुझाइलाई पनि पुनः परिभाषित गर्नुपर्छ। त्यस्तै, 'कला के हो', 'थिएटर के हो', 'फिल्म के हो' र 'यसको उद्देश्य के हो' भन्ने आधारभूत प्रश्नहरूलाई पनि पुनः परिभाषित गर्नु अत्यावश्यक छ। अहिलेको नेपाली समाज एक प्रकारको संक्रमणकालमा छ। जहाँ पुराना सोच र नयाँ दृष्टिकोणबिचको परिवर्तन तीव्र रूपमा भइरहेको छ। कुनै समय नाटक गर्दा एउटा निश्चित ढाँचा हुन्थ्यो- मधेशी र दलितलाई बेग्लै तरिकाले प्रस्तुत गर्ने, जनजातिलाई अर्कै तरिकाले, ब्राह्मणलाई छुट्टै तरिकाले। यदि त्यो ढाँचाअनुसार प्रस्तुत गरिएन भने 'यसले नराम्रो अभिनय गऱ्यो या नराम्रो नाटक बनायो' भन्ने धारणा बनाइन्थ्यो। अहिले त्यो प्रवृत्ति बिस्तारै बदलिँदै गएको छ, जुन सकारात्मक कुरा हो।

नेपाली नाटक र चलचित्र क्षेत्रमा देखिएको सबैभन्दा महत्त्वपूर्ण परिवर्तन भनेको विविधता हो। पहिले एउटा निश्चित शैली मात्र नाटक, फिल्म वा साहित्य मानिन्थ्यो। तर, अहिले विभिन्न व्यक्तिले फरक-फरक शैली, विषय र दृष्टिकोणमा काम गर्न थालेका छन्, जहाँ विविधता देखापरेका छन्। यसलाई लोकतन्त्रको एउटा महत्त्वपूर्ण उपलब्धिका रूपमा पनि लिन सकिन्छ। यस विविधताले दर्शक र समाजलाई नयाँ सम्भावना र दृष्टिकोणबारे सोच्ने अवसर दिएको छ।

नेपालमा सीमान्तकृत समुदायको भावनालाई आधार बनाएर राजनीति गर्ने व्यक्तिको आफ्नै आचरण, संस्कृति र जीवनशैली आयातित र ढोंगी देखिन्छ। नेपालको मुख्य विरोधाभास पनि यही हो। जसले जे कुरा गरिरहेका छन्, उनीहरू आफैं त्यसमा दृढ देखिँदैनन्। बारम्बार समुदायलाई धोका दिने प्रवृत्ति देखिएको छ। यसबाट कला क्षेत्र पनि अछुतो छैन। विशेषगरी नेपाली नाटक क्षेत्रमा पछिल्लो समय विविधता र फरकपन उल्लेखनीय रूपमा बढेको छ, जुन सकारात्मक संकेत हो। नाटकले कलाका हरेक क्षेत्रलाई समेटेर जोडेर अगाडि बढेको छ, यो अत्यन्त उदाहरणीय छ। कुनै समय नाटकघरको अभाव थियो, तर अहिले भने विभिन्न ठाउँमा, घरघरमा, चोकचोकमा नाटक मञ्चन भइरहेका छन्।

आलोचनात्मक चेत

नेपाली कला र कलाकारिता केही हदसम्म समाजभन्दा अगाडि बढिरहेको देखिन्छ। समाजमा देखिएका विद्रोहको मुख्य कारण राजनीतिसँग जोडिएको छ। समाजमा देखिएको विद्रोहको मुख्य कारण राजनीतिक नेतृत्वको कमजोरी हो। राजनीतिक दलहरू आफैंमा नराम्रा होइनन्। अधिकांश दलका एजेन्डा राम्रो नै हुन्छन्। तर, व्यवहारमा केही भ्रष्ट, अराजक, विचारहीन र लोकप्रियतामुखी नेतृत्वका कारण समस्या सिर्जना भएको छ। यस्ता नेतृत्वको प्रभाव समाजका हरेक क्षेत्रमा देखिन्छ। विशेषगरी कला र संस्कृतिमा यसको प्रत्यक्ष प्रभाव देखा परेको छ।

आज कलाकार मात्र होइन, समाजका अभियन्ता र बौद्धिक वर्ग पनि लोकप्रियतामुखी प्रवृत्तिमा फसिरहेका छन्। नेताहरू, कलाकारहरू, अभियन्ताहरू- सबैजना यसबाट प्रभावित छन्। हामी जसलाई 'बौद्धिक वर्ग' भन्छौं, उनीहरू पनि वास्तविक अर्थमा स्वतन्त्र र गहिरो बौद्धिक अभ्यासमा आधारित नभई केवल जीविकोपार्जनका लागि सीमित बौद्धिक गतिविधिमा संलग्न देखिन्छन्।

कलाकारले कुनै राजनीतिक पार्टीसँग आबद्ध हुनुहुन्न। कलाकारका रूपमा सधैं प्रतिपक्षमा रहनुपर्छ। जुनसुकै सरकार आए पनि आफ्नो कलामार्फत आफूले बुझेको सत्य बोल्न जारी राख्नुपर्छ। हरेक कलाकारले आफ्नो स्वार्थका लागि मात्र होइन, देश र समाजको हितका लागि बोल्नुपर्छ, सायद त्यो आज विरोध होला, अस्वीकार्य होला, एक्लो महसुस होला।

कला क्षेत्र समृद्ध बनाउन बहस हुन जरुरी छ। चलचित्र, नाटक वा संगीत कस्तो हुनुपर्छ भन्ने विषयमा समाजमा बहस चलिरहन्छ। तर, हामीले बुझ्नुपर्ने कुरा के हो भने मेकरले आफ्नो काममा 'लिड' गर्नुपर्छ, अडियन्सले होइन। अडियन्सका दृष्टिकोण र पृष्ठभूमि फरक-फरक हुन्छन्, त्यसैले आफ्नो सिर्जनामा स्पष्ट उद्देश्य र जिम्मेवारी हुनु आवश्यक छ। हाम्रो सिर्जनामा 'अडियन्स'लाई जोड्नु आवश्यक छ। तर यसको मतलब यो होइन कि जसले जे चाहन्छ, त्यही हामीले दिनुपर्छ।

कला समाजको प्रभावकारी माध्यम हो। कला समाजको ऐना हो भनिन्छ, तर त्यो श्राद्धमा बिरालोलाई बाँधेको जस्तो सिद्धान्त हो। राम्रो कला समाजको ऐना हुनै सक्दैन, त्यसको प्रतिबिम्बित अनुभूति मात्र हुन सक्छ, तर कलाले त्यस्तो सिधा प्रतिबिम्ब दिँदैन। कलाको आफ्नै अभिव्यक्ति, सौन्दर्यशास्त्र र शैली हुन्छ, जुन प्रायः व्यक्तिगत र व्यक्तिनिष्ठ हुन्छ। राजनीतिले कलालाई प्रभाव पार्छ, पार्नुपर्छ पनि। कलाले पनि राजनीतिलाई प्रभाव पार्नुपर्छ, हस्तक्षेप गर्नुपर्छ। जब राजनीति र कलाबिच सक्रिय सम्बन्ध हुन्छ, तब मात्र कला प्रतिपक्षका रूपमा उभिन सक्छ। कला समाजलाई सोच्न, प्रश्न गर्न र दिशानिर्देश गर्ने माध्यम हो। राजनीति र समाज अहिले 'भर्बल स्टन्ट'बाट 'भिज्युअल स्टन्ट'तर्फ अघि बढिरहेको छ। कलाले यी दुवैलाई प्रश्न र खबरदारी गर्ने हिम्मत राख्नुपर्छ, एउटा चेतनशील नागरिकका रूपमा।

संरक्षण हुँदै पञ्चेबाजा र हुड्केली नाच



संस्कृति



● गगन अयडी

बाजुरा जिल्लाका नौवटै स्थानीय तह लोप हुँदै गएको पञ्चेबाजा र हुड्केली पेसाको संरक्षण गर्ने अभियानमा छन् । जगन्नाथ, खप्ड्छेडे दह, गौमुल, स्वामीकार्तिक हिमाली गाउँपालिका र बडिमालिका, त्रिवेणी, बुढीनन्दा र बुढीगंगा नगरपालिकाले आफ्नो मौलिक संस्कृति, पहिचान र परम्परालाई संरक्षण गर्ने उद्देश्यले पालिकाभित्र रहेका एक सयभन्दा बढी पञ्चेबाजा तथा हुड्केलीका लागि दौरा सेट, केही दमहा र झ्यालीहरू वितरण गरेका छन् ।

आफ्नो मौलिक संस्कृति र मौलिक वाद्यवादन लोप हुँदै गएपछि त्यसलाई संरक्षण गर्न पालिकाहरूले यो कदम चालेको हो । पालिकाको संस्कृति र दिगो विकासप्रतिको प्रतिबद्धताको ज्वलन्त उदाहरणका रूपमा विज्ञहरूले यसलाई लिएका छन् । आधुनिक प्रविधिको विस्तार, जीवनशैलीमा आएको तीव्र परिवर्तन र पश्चिमी प्रभावका कारण आजको पुस्ताले आफ्नो मौलिक पहिचान र परम्परालाई बिर्सँदै गएको अवस्थामा जगन्नाथ गाउँपालिकाले पुरानो संस्कृति संरक्षणका लागि दौरा सेटजस्ता अन्य बाजा वितरण गरेको हुँदा आफूहरू निकै खुसी भएको बताउँछन्, पञ्चेबाजा बजाउने स्थानीयवासी रंगमल परियार । उनीसहित गाउँपालिकाका विभिन्न वडामा सक्रिय रूपमा पञ्चेबाजा बजाउने ९१ जना स्थानीय कलाकारलाई परम्परागत नेपाली पोसाक दौरासुरुवाल वितरण गरिएको छ । सांस्कृतिक पहिचानलाई संरक्षण गर्ने र जीवित बनाइराख्ने उद्देश्यले जगन्नाथ गाउँपालिकाले दोस्रो गाउँसभा तथा १६औँ अधिवेशनबाट स्थानीयस्तरलाई झल्काउने कला, संस्कृति संरक्षण गर्ने नीति लिएको छ । पालिकाको प्रमुख सांस्कृतिक पहिचान हुड्केली र पञ्चेबाजा हो । मौलिक पहिचान झल्किने संस्कृतिको जगेर्ना गर्न पालिकाले गत आर्थिक वर्षमै नीति कार्यक्रम र बजेट व्यवस्था गरेको थियो ।

लोप हुन लागेको संस्कृति र पहिचानलाई फेरि जीवित पार्ने उद्देश्यसहित पालिकाले नीतिगत निर्णय गरेको अध्यक्ष कालीबहादुर शाहीले बताए । पालिकामा बसोवास गर्ने विशेषगरी दलित समुदायले संरक्षण गर्दै आएको यो संस्कृति सबैको साझा र मौलिक सम्पत्ति हो । ब्रतबन्ध, विवाह, भोजभतेरदेखि सबै संस्कारमा पञ्चेबाजा र हुड्केली जगन्नाथ गाउँपालिकाको प्रमुख सांस्कृतिक पहिचान हो । त्यसलाई संरक्षण गर्न गाउँपालिकाकै बजेटबाट ९१ जनालाई पञ्चेबाजा र हुड्केलीका पोसाक वितरण गरिएको अध्यक्ष शाही बताउँछन् । पुरानो संस्कृति लोप हुन अवस्था आयो, नयाँ पुस्ताले त्योबारे ज्ञान नै नपाउने र सिंगो पालिकाको परम्परागत पहिचान नै हराउने अवस्था आएपछि, जगेर्नाका लागि सुरुवात गरिएको अध्यक्ष शाहीले बताए ।

पाँचवटा मुख्य परम्परागत बाजाहरूको (नगारा, नर्सिंगा, धिमे, दमाहा, सानो र ठुलो सहनाई) समूहलाई पञ्चेबाजा भनिन्छ । यी पञ्चेबाजा पर्व, उत्सव र संस्कारमा बजाउने गरिन्छ । हिन्दु र बौद्ध संस्कारमा पञ्चेबाजाको धुनलाई शुभसंकेत मानिन्छ । देवतालाई खुसी पार्ने र वातावरण शुद्ध र पवित्र बनाउन यस पञ्चेबाजाको प्रयोग गरिन्छ । समुदायमा हुने पर्व, विवाह ब्रतबन्ध मृत्यु देवता पूजा र गाउँमा विशिष्ट मान्छेको आगमन हुँदा यस पञ्चेबाजा बजाएर सम्मान जनाउने चलन गाउँमा रहेको गाउँपालिका अध्यक्ष शाही बताउँछन् ।

पालिकाले यस कार्यक्रममार्फत देखाएको नेतृत्वदायी भूमिकालाई स्थानीयले खुसी व्यक्त गरेका छन् । दौरा-सुरुवाल केवल लुगाको टुक्रा नभई एउटा सांस्कृतिक गहना बनेको छ, जसले कला र कलाकार दुवैलाई सम्मान दिने माध्यम बनिरहेको छ ।

आजको दिनमा जहाँ अधिकांश स्थानमा आधुनिक पोसाक र प्रविधिको पछाडि दौडिरहेको समाजले आफ्नो मौलिकता गुमाउने खतरामा छ । त्यस्तो समयमा जगन्नाथ गाउँपालिकाको यो प्रयास एउटा प्रेरणाको स्रोत बनेको छ । यो कार्यक्रमले केवल ९१ जना कलाकारलाई पहिरन दिएन, यसले एउटा सन्देश दियो । पालिकाले मौलिकता जोगाउने प्रयास गरेको देख्दा खुसी लागेको बताउँछन्, श्री सरस्वती माविका प्राचार्य विष्णु विष्ट । उनी भन्छन्, 'प्राचीनकालमा राजा महाराजहरूको परिवारको सम्मान र विजय देखाउन पञ्चेबाजाको प्रयोग गर्ने गरेका थिए । अहिले यो चलन सामान्य जनमानसमा फैलिएको छ । लोप हुन लागेको पञ्चेबाजालाई स्थानीय, प्रदेश र संघ सरकारले नै संरक्षण गर्नु जरुरी छ ।'

> मौलिक संस्कृति र वाद्यवादन लोप हुँदै गएपछि त्यसलाई संरक्षण गर्न बाजुराका पालिकाहरूले कदम चालेका छन् । संस्कृति र दिगो विकासप्रतिको प्रतिबद्धताको ज्वलन्त उदाहरणका रूपमा विज्ञहरूले यसलाई लिएका छन् ।

लोप हुन लागेको कला, संस्कृति र परम्परागत संस्कारलाई अन्य पालिकाले पनि संरक्षण गर्नुपर्ने प्राचार्य विष्ट बताउँछन् । पञ्चेबाजा नेपाली सांस्कृतिक सम्पदाको जीवित प्रतीक हो, पछिल्लो समय यो लोप हुने खतरा भएको हुँदा आफू निकै चिन्तित भएको प्राचार्य विष्ट बताउँछन् ।

के हो हुड्केली नाच ?

हुड्केली नाच सुदूरपश्चिम, कर्णाली प्रदेशलगायत पहाडी भेगमा परम्परागत रूपमा नाचिने नाच हो । यो नाच पञ्चेबाजासँगै नाचिन्छ । यस नाचमा कला, प्रेमसँगै हास्यको पनि मिश्रण हुन्छ । सामाजिक जीवनमा गहिरो सम्बन्ध कायम राख्ने यो एक संस्कृति पनि हो । हुड्केली नाच पुख्यौंली पेसाका रूपमा पनि रहेको छ । बाजेदेखि बुबा हुँदै आफू पनि हुड्केली नाच्दै आएको बताउँछन् ५० वर्षीय रञ्जित परियार । उनी भन्छन्, 'दोहोरी गीतहरू गाउँदै-नाच्दै समाजलाई मनोरञ्जन दिइन्छ । यसमा व्यंग्य पनि हुन्छ । मादल, सारंगी, ढोल, बाँसुरी बाजाको साथमा पनि नाच्दा हेर्न आउनेहरूको बाक्लो भिड हुन्छ ।'

उपत्यकाका स्थाननाम : इतिहास, राजनीति र संकट

स्थाननाम जोगाउनु भनेको सूक्ष्म अर्थमा हाम्रो राष्ट्रिय पहिचानलाई नै जीवन्त राख्नु हो ।



भाषिक तथा सांस्कृतिक अध्येता भरत महर्जन स्थाननाम परिवर्तनसँग सम्बन्धित भएर एक दशकदेखि अनुसन्धान गरिरहेका छन् । उनले त्रिभुवन विश्वविद्यालयमा विगत एक दशकदेखि नेपालभाषा अध्यापन पनि गराउँदै आएका छन् । उनीसँग उपत्यकामा स्थाननाम परिवर्तन कहिलेदेखि, कसरी र किन भयो ? भन्नेबारे **शान्ति तामाङ**ले कुराकानी गरेकी छिन् :

सम्पदा



● भरत महर्जन, अध्येता

> पछिल्लो समय धेरै स्थाननाम मेटिएका छन् । यसको बेफाइदा एउटा समुदायलाई मात्र होइन, राज्यलाई नै भएको छ । कुनै ठाउँको पुरानो नाम नष्ट हुनु भनेको इतिहास नै नष्ट हुनु हो । त्यो ठाउँको इतिहासको अध्ययन गर्न सकिने स्रोतको पनि अन्त्य हुनु हो ।

काठमाडौंको असन अब 'अस', मखन 'मखं', नरदेवी 'डेत', मास गल्ली 'मंसा गल्ली'मा रूपान्तरण हुँदै छन् । रूपान्तरण हुन लागेका यी स्थाननाम प्राचीन मौलिक नाम हुन् । काठमाडौं महानगरपालिकाभित्र यस्ता सयौं स्थाननाम परिवर्तन हुन लागेका छन् । जुन स्थाननाम कुनै समय प्रचलनमै थिए । काठमाडौं उपत्यकाका केही स्थानीय तहले आफ्नो क्षेत्रभित्रको स्थाननाम पुनर्स्थापना गर्न थालेपछि महानगर पनि सोही बाटोमा अगाडि बढेको देखिन्छ । महानगरको यो कदमले ३२ वटै वडाका सयौं स्थाननाम अब केही समय नौलो लाग्ने हुन सक्छ ।

स्थाननाम राख्ने प्रचलन बोलिचालीमा जनमानसले नै राख्दै गएको देखिन्छ । मानिसहरू एकै ठाउँमा बस्न थालेपछि स्थाननाम आवश्यकता भयो । त्यसपछि व्यावहारिक सहजताका लागि स्थाननाम राखिन थालियो । यसरी स्थाननाम मानव सभ्यताको विकास भएदेखि नै सुरु भएको देखिन्छ ।

स्थाननाम केवल भूगोल बुझाउने ठेगाना मात्र नभएर मानव सभ्यता र संस्कृतिका जीवन्त अभिलेख हुन् । निश्चित स्थान वा भूभागलाई जनाउने संज्ञावाची शब्द वा संकेत शब्द नै स्थाननाम हो । स्थाननामले अनेक महत्त्व बोकेको हुन्छ । नामै मात्र हुँदो हो त लुम्बिनीको खोजीकार्य किन गरिन्थ्यो ? १८९६ सम्म बुद्धको जन्मस्थलबारे विश्व अन्जान रहँदा प्राचीन बौद्ध साहित्यमा उल्लेख 'लुम्बिनी' नाम नै खोजी र प्रमाणीकरणको आधार बनेको थियो ।

प्राचीन स्थाननाम आफ्नो समयका साक्षी हुन् । इतिहासको अध्ययन र अनुसन्धानका निम्ति स्थाननामले स्रोत सामग्रीको भूमिका खेल्छन् । ठुलो रहस्यको ढोका खोल्न सकिने सानो चाबी (साँचो)को काम स्थाननामले गरेको हुन्छ । अफ्रिकाका आदिवासीको भाषामा भएका स्थाननामको अध्ययनबाट त्यहाँको प्राचीन मानव संस्कृति केलाइँदै छ । नेपालकै सन्दर्भमा लिच्छविकालीन अभिलेखमा उल्लेख अधिकांश गैरसंस्कृत (किराँती) नामले नेपाल खाल्डोमा किराँतको उपस्थिति पुष्टि गर्न आधार मिलेको छ ।

साप्ताहिक राशिफल

५ वैशाख ०८३ (शुक्रबार)
११ वैशाख ०८३ (शुक्रबार)



● सुरेशचन्द्र रिजाल
ज्योतिष तथा वास्तुविद् । मो. : ९८५१०६११२४

मेष
(चु, चे, चो, ला, लि, लु, ले, लो, अ)

यस साता तपाईंका लागि प्रारम्भिक समय केही चुनौतीपूर्ण देखिन्छ । घरेलु समस्या, स्वास्थ्यमा गिरावट तथा शत्रुहरूको सक्रियताले मनमा अशान्ति ल्याउन सक्छ । काममा उतारचढाव आउने र सोचेका कार्य समयमा पूरा नहुने सम्भावना छ । साताको अन्त्यतिर केही नयाँ अवसर प्राप्त हुन सक्छन् ।

वृष
(इ, उ, ए, ओ, बा, बि, बु, बे, बो)

यो साता समग्रमा सकारात्मक रहने देखिन्छ । प्रारम्भमा जोश, जाँगर र आत्मविश्वास बढ्नेछ, जसका कारण तपाईंले आँटेका कामहरू सजिलै सम्पन्न गर्न सक्नु हुनेछ ।व्यापारमा केही सामान्य चुनौती देखिए पनि अन्ततः फाइदा हुने संकेत छ । सामाजिक तथा धार्मिक कार्यमा रुचि बढ्नेछ ।

मिथुन
(का, कि, कु, घ, ङ, छ, के, को, ह)

मानसिक तनाव, विवाद तथा अनावश्यक चिन्ताले काममा बाधा पुऱ्याउन सक्छ । शत्रु तथा विरोधीहरू सक्रिय हुने र झुटा आरोपको सामना गर्नुपर्ने अवस्था आउन सक्छ । पारिवारिक वातावरण पनि केही असहज हुन सक्छ । तर, धैर्यता र संयम अपनाएमा साताको मध्यदेखि परिस्थिति सुधार हुँदै जानेछ ।

कर्कट
(हि, हु, हे, हो, डा, डि, डु, डे, डो)

यो साता तपाईंका लागि उपलब्धिमूलक रहनेछ । सामाजिक क्षेत्रमा सक्रियता बढ्नेछ र प्रभावशाली व्यक्तिहरूसँग सम्बन्ध विस्तार हुनेछ । आम्दानीका नयाँ स्रोतहरू देखापर्नेछन् र आर्थिक अवस्था सुदृढ बन्नेछ । व्यापार तथा पेसागत क्षेत्रमा प्रगति हुनेछ । यात्रा गर्ने अवसर पनि प्राप्त हुन सक्छ ।

सिंह
(मा, मि, मु, मे, मो, टा, टि, टु, टे)

यो साता मिश्रित फल प्राप्त हुनेछ । प्रारम्भमा खर्च, विवाद र मानसिक तनाव बढ्न सक्छ । काममा अवरोध आउने तथा शत्रुहरूको सक्रियता बढ्ने सम्भावना छ । परिवारबाट अपेक्षित सहयोग नपाउन सकिए पनि अन्य क्षेत्रबाट समर्थन मिल्नेछ ।

कन्या
(टो, प, पि, पु, ष, ण, ठ, पे, पो)

यो साता तपाईंका लागि निकै राम्रो रहनेछ । आर्थिक लाभ, मानसम्मान तथा प्रतिष्ठामा वृद्धि हुनेछ । अध्ययन तथा बौद्धिक क्षेत्रमा सफलता प्राप्त हुनेछ । अधुरा काम पूरा हुनेछन् र नयाँ अवसर प्राप्त हुनेछन् । सामाजिक तथा व्यावसायिक क्षेत्रमा प्रगति हुनेछ ।

तुला
(र, रि, रु, रे, रो, ता, ति, तु, ते)

यो साता तपाईंका लागि मिहिनेतको फल प्राप्त हुने समय हो । आम्दानीका स्रोतहरू विस्तार हुनेछन् र आर्थिक स्थिति सुदृढ हुनेछ । आत्मविश्वास बढ्नेछ र प्रभावशाली व्यक्तिहरूसँग सम्बन्ध प्रगाढ हुनेछ । बुधबार र बिहीबार खर्च, विवाद तथा मानसिक तनाव बढ्न सक्नेछ ।

वृश्चिक
(तो, ना, नि, नु, ने, नो, या, यि, यु)

यो साता प्रारम्भमा केही निराशा, अन्योल तथा मानसिक अस्थिरता देखिन सक्छ । अध्ययन, व्यापार तथा आम्दानीमा राम्रो प्रगति हुनेछ । सामाजिक कार्यक्रममा सहभागी भई सम्मान प्राप्त गर्ने अवसर मिल्नेछ । तपाईंको इमान्दारिता र मिहिनेतको उचित मूल्यांकन हुनेछ ।

धनु
(ये, यो, भ, भि, भु, ध, फा, ढ, भे)

यो साता प्रारम्भमा स्वास्थ्य समस्या, आलस्यता तथा खर्च वृद्धि हुन सक्छ । काममा अवरोध आउने तथा निर्णयमा अन्योल देखिन सक्छ । तर, साताको उत्तरार्द्धमा परिस्थिति सुधार हुनेछ । भाग्यले साथ दिनेछ र परिश्रमको राम्रो प्रतिफल प्राप्त हुनेछ । विदेश यात्राको अवसर प्राप्त हुन सक्छन् ।

मकर
(भो, ज, जि, खि, खु, खे, खो, गा, गि)

यो साता राम्रो भए पनि सानातिना समस्या देखिन सक्छन् । व्यापार तथा आम्दानीमा वृद्धि हुनेछ । सामाजिक सम्बन्ध सुदृढ हुनेछन् र सम्मान प्राप्त हुनेछ । अध्ययन तथा वैदेशिक कार्यमा सफलता मिल्नेछ । तर, बिहीबार स्वास्थ्य समस्या, आर्थिक जोखिम हुने सम्भावना भएकाले सावधानी अपनाउनु पर्ने छ ।

कुम्भ
(गु, गे, गो, सा, सि, सु, से, सो, द)

यो साता परिश्रमको उचित फल प्राप्त हुनेछ । अध्ययन, व्यापार तथा आम्दानीमा प्रगति हुनेछ । यात्रा गर्ने अवसर प्राप्त हुनेछ । तर, साताको मध्यतिर स्वास्थ्य समस्या, आर्थिक तनाव तथा मानसिक चिन्ता बढ्न सक्ने भएकाले महत्त्वपूर्ण निर्णय केही समयका लागि टार्नु राम्रो हुनेछ ।

मीन
(दि, दु, थ, झ, ञ, दे, दो, च, चि)

साताको प्रारम्भमा केही कठिनाइ देखिन सक्छ । गलत निर्णय, विवाद तथा काममा अवरोध आउन सक्छ । तर, धैर्यता अपनाएमा साताको मध्यदेखि सुधार हुनेछ । सामाजिक क्षेत्रमा सफलता प्राप्त हुनेछ । अध्ययनमा राम्रो प्रगति हुनेछ र परिवारबाट सहयोग प्राप्त हुनेछ । मानसम्मान बढ्ने सम्भावना छ ।

कृषि




● प्रदीप सिम्खडा
सञ्चालक
एसएस एग्रिकल्चर फर्म

हिजोआज नेपालमा ग्राफ्टिङ प्रविधि (कलमी) बाट बिरुवा रोप्ने चलन बढ्दो छ । कम क्षेत्रफल भएको जग्गामा कलमी प्रविधिबाट एउटै रुखमा धेरै थरीका फल फलाउन मिल्छ । कम्तीमा चार-पाँच प्रजातिका फलफूल फलाउन मिल्छ । सहरी क्षेत्रमा विभिन्न किसिमका फलफूलको कलमी बिरुवा उत्पादन, बिक्री-वितरण तथा रोप्ने चलन बढेको छ । घरमा जग्गाको क्षेत्रफल थोरै छ भने पनि विभिन्न थरीका बिरुवा रोप्न सकिन्छ ।

घरमा हरियाली देखाउन कलमी प्रविधिबाट बर्गैचाको विकास गर्न सकिन्छ । बर्गैचाले





तस्बिर : **संजित परियार**

भाषिक संक्रमण : गैरसंस्कृतबाट संस्कृततर्फ

उपत्यकाको सन्दर्भमा स्थाननामको जरो लिच्छविकालभन्दा पुरानो 'गैरसंस्कृत' मूलबाट आएका हुन् । काठमाडौंका म्हैपी, किसिपिडी, खोपृङ (भक्तपुर), ललितपुरका युपग्राम (पाटन), लेले (लेम्बटी), थिमी (थेम्रिङ) आदि लिच्छविपूर्वदेखि हालसम्म जीवन्त नाम हुन् ।

लिच्छविकालको प्रभाव

लिच्छविकालमा राजकीय लिखित भाषा संस्कृत भएकाले उपत्यकाभित्रका स्थाननामलाई संस्कृतमा लिपिबद्ध गर्न थालियो । उदाहरणका लागि, 'खु' (खोला) अन्त्यमा झुन्डिएका बल्खु, तेङ्खु, हिजाखु, नख्खुजस्ता शब्द लिच्छविकालीन संस्कृत प्रभावभन्दा अघिका हुन् ।

संस्कृतकरण र लयको खोज

मल्लकालमा धार्मिक ग्रन्थ लेखनका क्रममा धेरै मौलिक नाम संस्कृतमा ढालिए । काठमाडौंका न्वखुलाई बागमती, साम्हगुलाई स्वयम्भू, साँखुलाई शंखरापुर, किसिपिडीलाई हस्तिनापुर, बल्खुलाई इन्द्रावती र तुखुलाई इक्षुमती बनाइयो ।

बजारीकरण र आधुनिक भाषिक प्रभुत्व

२०४७ सालको राजनीतिक परिवर्तनपछि उपत्यकामा तीव्र सहरीकरण सुरु भयो । ०७२ को भूकम्पपछि नयाँ सहर निर्माण हुन थाल्यो । जग्गाको प्लटिङ भयो । यसको प्रत्यक्ष प्रभावस्वरूप स्थाननाममा नयाँ संकट निम्त्यायो । पुराना खेतीयोग्य जमिन र चोकमा 'प्रगति नगर', 'सूर्य मार्ग' वा 'संगम बस्ती'जस्ता ऐतिहासिक शृंखलाहीन नाम राख्ने होड चल्यो ।

काठमाडौंको 'बौद्ध' (स्तूप) केही दशकअघि मात्र प्रयोगमा ल्याइएको शब्द हो, जबकि स्थानीय जनजिब्रोमा अझै लिच्छविकालीन 'खासौचैत्य'को अपभ्रंश 'खास्ती' जीवितै छ । थानकोटपूर्वको 'नःगाम' (प्राचीन नवग्राम) लाई अचेल 'चेकपोस्ट चोक' र कीर्तिपुरको 'ढलपा'लाई 'चर्चरोड' लेख्न थालिएको छ । सानेपा र पुल्चोकबिचको 'इउलाखेल' अहिले 'ठाडोढुङ्गा' भइसकेको छ । यो अन्य भाषाका नामलाई 'कमसल' र नेपाली वा आधुनिक नामलाई 'स्तरीय' ठान्ने मनोविज्ञानको उपज हो ।

इतिहास र पहिचान मेटाउँदाको जोखिम

पछिल्लो समय धेरै स्थाननाम मेटिएका छन् । यसको बेफाइदा एउटा समुदायलाई मात्र होइन, राज्यलाई नै भएको छ । कुनै ठाउँको पुरानो नाम नष्ट हुनु भनेको इतिहास नै नष्ट हुनु हो । त्यो ठाउँको इतिहासको अध्ययन गर्न सकिने स्रोतको पनि अन्त्य हुनु हो ।

उपत्यकाका ऐतिहासिक ठाउँ भएकाले यहाँका नाम ऐतिहासिक रूपमा महत्त्वपूर्ण छन् । चारकोसे झाडी फाँडेर बनाइएका नयाँ बस्तीमा नयाँ नाम राख्दा केही फरक पर्दैन । तर, जुन क्षेत्र ऐतिहासिक रूपमा महत्त्वपूर्ण हो, त्यो ठाउँमा नयाँ नाम राख्दा पुरानो स्थाननाम के हो ? भनेर पहिचान गर्नुपर्छ । पहिचान नगरी स्थाननाम राखिएमा यसको बेफाइदा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा राज्यलाई नै हुन्छ ।

स्थाननाम परिवर्तन गर्नु भनेको केवल शब्द बदल्नु होइन, त्यो ठाउँको इतिहास र बहुलताको विसर्जन हो । ठमेलमा छाया कम्प्लेक्स बने पनि स्थानीय बोलीमा जीवित 'पलेस्वांपुखु' (कमलपोखरी) नामले त्यहाँ विगतमा पोखरी रहेको यथार्थ ओकल्छ । ललितपुरको 'किसिगल' (हात्तीसार)ले त्यहाँ कुनै समय हात्ती राखिने तथ्य बुझाउँछ ।

अनुवादमा असावधानी

स्थाननाम अन्य भाषामा अनुवाद नगरिने संज्ञावाची शब्द हुन् । शिवपुरी जुनसुकै भाषामा पनि शिवपुरी नै हुन्छ । तर, हाँडीगाउँको 'तिसापुखु'लाई 'गहनापोखरी' र ठिमीनजिकैको 'पाछेंबुं'लाई 'सागबारी' बनाइनु भाषिक विद्रुपता हो ।

पुस्तौंदेखि प्रयोग हुँदै आएको पुख्यौंली नामसँग स्थानीयको भावना गाँसिएको हुन्छ । २०५० सालको दशकमा म्हेपी फाँटलाई 'रायमाझी टोल' बनाउन खोज्दा भएको प्रतिरोध यसैको उदाहरण थियो ।

स्थाननाम र राष्ट्रियताको राजनीति

स्थाननाममा द्वन्द्व र राजनीति पनि लुकेको हुन्छ । भारतका मद्रास, बम्बई र क्याल्कटालाई औपनिवेशिक अवशेष ठान्दै चेन्नई, मुम्बई र कोलकाता बनाइनु यसैको उदाहरण हो । अमेरिकामा बाराक ओबामाले 'माउन्ट मेके'लाई पुनः आदिवासी नाम 'डेनाली'मा फर्काए । नेपालमा पनि सगरमाथालाई विश्वव्यापी रूपमा 'सगरमाथा' नै भनिनुपर्ने वकालत गरिन्छ । तर, शेर्पा र तामाङ समुदायले सदियौंदेखि भन्दै आएको 'चोमोल्होइ्मा'लाई वास्ता गर्दैन ।

स्थाननाम भाषाविशेषको अंश मात्र नभई राष्ट्रकै अमूर्त सम्पदा हुन् । उपत्यकामा नयाँ आवास क्षेत्र बन्दै गर्दा काल्पनिक शब्दभन्दा तत्तत् स्थानमा प्रचलित ऐतिहासिक नामको पछाडि मार्ग, नगर वा टोल जोड्न सकिन्छ । कलंकीको 'खौपाटोल', धोबीघाटको 'गःबुं मार्ग' र कीर्तिपुरको 'फयूखा नगर' यसका सकारात्मक उदाहरण हुन् ।

राज्यले लिनुपर्ने थुप्रै पहल छन् । जसमध्ये पुराना र मौलिक नामको वैज्ञानिक संकलन र नक्सांकन गर्नुपर्छ । गुगल म्यापजस्ता डिजिटल प्लेटफर्ममा मौलिक नामलाई प्राथमिकता दिनुपर्छ । नयाँ बस्ती विकास गर्दा ऐतिहासिक पृष्ठभूमिसँग जोडिएका नाम राख्न अनिवार्य गर्नुपर्छ ।

स्थानीय तहले बाटो, चोक, गल्लीको नामकरण गर्दा व्यक्ति विशेषको स्वैच्छिक कल्पनाभन्दा ऐतिहासिक नामलाई आधार बनाउन ध्यान दिनुपर्छ । इतिहास, भाषा र पहिचानको सुरक्षा गर्दै उपत्यकामा नयाँ र पुरानोबिच भावनात्मक सन्तुलन खोज्नु नै 'विन-विन'को अवस्था हो । स्थाननाम जोगाउनु भनेको सूक्ष्म अर्थमा हाम्रो राष्ट्रिय पहिचानलाई नै जीवन्त राख्नु हो ।

साहित्यले जोड्दै दुई देशको सम्बन्ध

रिपोर्ट



● लोकेश साउद



देशको उत्तर-पश्चिमी सिमाना लिपुलेक, लिम्पियाधुराआसपास दुई देशका नागरिकहरू जब आमने-सामने हुन्छन्, त्यो बिर्सनलायक क्षण बन्ने गर्छ । दशकौंदेखि कचल्टिएको सीमा समस्याले दुवै देशका नागरिकहरूको सम्बन्धलाई नमिठो बनाइरहन्छ । समयले उनीहरूलाई कहिलेकाहीं आपसमै भिड्नुपर्ने अवस्थामा समेत पुऱ्याइदिन्छ । नेपालको व्यास गाउँपालिका र भारतको गुन्जी ग्रामपञ्चायतमा पर्ने दोहोरो ठेगाना बोकेको यो हिमाली भूगोलबाट दक्षिण झर्दै गयो भने दुई नागरिकहरूको आपसी तिक्तता मर्दै जान्छ ।

पाँचथरको चिवाभन्ज्याङबाट सुरु भएको मध्यपहाडी लोकमार्ग अन्तिम विन्दु बैतडीको झुलाघाटमा पुगेर टुंगिन्छ । पारि उत्तराखण्ड, भारतको पिथौरागढ सहर छ । अंग्रेजहरूको 'हिल स्टेसन' सदाबहार गुलजार देखिन्छ । कुनै बेला डोटी राज्यको हिस्सा रहेको यो सहरको मध्यभागमा रहेको 'गोर्खा किल्ला'मा बसेर गोर्खाली फौजले २५ वर्ष शासन गरेको थियो । पिथौरागढबाट दक्षिणमा उत्तराखण्डको चम्पावत जिल्ला छ । चम्पावतको लोहाघाट सहर हुँदै बनवासा पुग्न सकिन्छ । नेपालतर्फ लोहाघाटजस्तै भूगोलमा उस्तै हावापानी भएको डडेल्धुरा हुँदै तराईको धनगढी र महेन्द्रनगर पुगिन्छ ।

देशको बागडोर सम्हाल्ने सिंहदरबारले हेर्ने दृष्टिकोण पश्चिम सिमाना आइपुग्दा अस्ताउन आएको सूर्यजस्तै बने पनि पछिल्ला वर्षहरूमा महाकाली (शारदा) वरिपरिको सम्बन्धलाई दुई देशका सर्जकहरू सुमधुर बनाउने सुरमा छन् । पछिल्ला साहित्यक तथा सांस्कृतिक गतिविधिहरूलाई हेर्दा त्यसको झल्को पाउन सकिन्छ ।

दुई देशका नागरिकस्तरको आपसी सम्बन्ध मजबुत बनाउने स्रष्टाहरूको प्रयासले कालापानीमा दुःखेको सम्बन्धलाई मलम लगाउने चेष्टा गरेको छ । नेपालको पश्चिम क्षेत्र र भारतको उत्तराखण्ड, हिमाञ्चलदेखि उत्तरप्रदेश, बिहार तथा दिल्लीसम्म भइरहने संयुक्त साहित्यिक-सांस्कृतिक जमघटहरू यसका उदाहरण हुन् । त्यसैको पछिल्लो शृंखलाको रूपमा कञ्चनपुरको दोधारा चाँदनीमा दुई देशका धुरन्धर प्रगतिशील साहित्यकारहरूको अन्तर्राष्ट्रिय साहित्यिक संगोष्ठीलाई लिन सकिन्छ ।

> नेपाल-भारतको सीमाक्षेत्रमा भइरहने साहित्यिक कार्यक्रम पछिल्लो समय बाक्लिँदै गएका छन् । ०८० जेठ दोस्रो साता डिलासैनी गाउँपालिकाले गोकुलेश्वरमा नेपाल-भारत अन्तर्राष्ट्रिय काव्य गोष्ठीको आयोजना गरेको थियो । चमेलिया नदीछेउको गोकुलेश्वरमा दुई देशका साहित्यकारहरूको जमघट दिग्गजहरूसँग नयाँ पुस्ताका भावना साट्ने चौतारी बन्यो ।

भारतको उत्तर प्रदेशस्थित लखनऊबाट नेपालगन्ज हुँदै कञ्चनपुरसम्म करिब चार सय किलोमिटरको दूरी छ । यही दूरी पार गर्दै पश्चिम बंगालका प्रगतिशील साहित्यकार तथा अखिल भारतीय प्रगतिशील लेखक संघ, राष्ट्रिय कार्यकारी परिषद् का अध्यक्ष प्रा.डा. सुरजबहादुर थापा गत साता कञ्चनपुरको दोधारा चाँदनी आइपुगे । यहाँ आयोजना गरिएको दुईदिने अन्तर्राष्ट्रिय साहित्यिक संगोष्ठीमा प्रगतिशील लेखक संघ नेपालका अध्यक्ष डा. देवी क्षेत्री दुलाललगायतले न्यानो स्वागत गरे । नेपाली भादगाउँले टोपी र खादा लगाएर भारतीय कवि, लेखकहरूलाई स्वागत गरेसँगै प्रलेसका महासचिव पारस ढकालले कार्यक्रमलाई अघि बढाए ।

वामपन्थी नेता एवं प्रगतिशील सर्जक प्रदीप ज्ञवाली 'शीतविन्दु' कार्यक्रमका प्रमुख अतिथि थिए । उनले दुई देशका साहित्यकारहरूलाई सम्बोधन गर्दै प्रगतिशील धारको साहित्यबारे समसामयिक टिप्पणी गरे । ज्ञवालीले समाजवादी आन्दोलन नै समस्याग्रस्त अवस्थामा रहेको र कलाको मूल्य बजारले लिलामी गरिरहेको बताए । 'सर्जकहरूको अन्तर्राष्ट्रियस्तरको विमर्श राजनीतिक दलहरूलाई पनि प्रेरणा बन्नेछ,' उनले भने ।

महाकालीपारिको दोधारा चाँदनीमा आयोजित संगोष्ठीमा दर्जनौं प्राज्ञिक व्यक्तित्वहरूले समसामयिक प्रगतिवादी साहित्यको मन्थन गरे । तीनजना भारतीय वाम धारका लेखकहरूले विचारपत्र प्रस्तुत गरे । प्रलेसका पूर्वअध्यक्ष प्राडा. जीवेन्द्रदेव गिरीले अवधारणपत्र प्रस्तुत गरे । प्रगतिशील लेखक संघमा आबद्ध एक सय २२ जनामध्ये करिब दुई दर्जन भारतीय साहित्यकार थिए । उनीहरूमध्ये अधिकांश भारतका विभिन्न वाम साहित्यिक संस्थाहरूबाट प्रतिनिधित्व गरेर आएका थिए ।

भारतीय सर्जकहरूको विचारपत्र

जनवादी लेखक संघ, भारतका महासचिव हुनू मनोज कुमार सिंह । उनी विचारधाराबाट सञ्चालित साहित्य जनताको हितका लागि हुनुपर्ने धारणा राख्छन् । भारतमा ९० वर्षको इतिहास र नेपालमा ७३ वर्षअघिबाट संस्थागत भएको प्रगतिवादी साहित्यिक संगठनहरू एकआपसी सम्बन्धका लागि मात्र नभई साम्राज्यवाद र पुँजीवादविरुद्ध एकसाथ अघि बढ्नुपर्ने उनले बताए ।

पछिल्लो ८० वर्षयता हरेक देशको प्राकृतिक संसाधन कब्जा गर्न पुँजीवाद नांगो तरिकाले आइरहेको र वामपन्थी शक्तिहरू निसानामा परिरहेको उनको धारणा छ । दोस्रो वक्ताका रूपमा जनवादी लेखक संघ, भारतका अध्यक्ष प्राध्यापक नलिनरञ्जन सिंह थिए । 'साहित्यले सत्ताको पछाडि होइन, राजनीतिलाई मसाल देखाउने काम गर्नुपर्छ' भारतीय यथार्थवादी साहित्यका हस्ती मुन्सी प्रेम चन्दले ९० वर्ष पहिले भनेको कुरा स्मरण गर्दै अध्यक्ष सिंह आफ्नो अवधारणा पत्रमा भन्छन्, 'साहित्य त्यो हो जसले बेचैनी पैदा गरोस्, सुन्दासुन्दै सुत्ने खालको नहोस् ।' वामन्थीहरू रक्षात्मक बनेको तर्क गर्दै उनको गल्ती कहाँ भयो ? आत्मालोचना र आत्मावलोकन गर्नुपर्ने अहिलेको आवश्यकता रहेको बताए । उनले अक्टुबरमा आयोजना हुने कार्यक्रमका लागि हिन्दी र नेपाली साहित्य लेख्ने १० जना नेपाली कविहरूलाई लखनऊ आउन निमन्त्रणा गरे ।

लखनऊ विश्वविद्यालयका नेपाली मूलका प्राध्यापक डा. सुरजबहादुर थापा तेस्रो वक्ता थिए । यथार्थवादी धारका लेखक थापाले तेस्रोचोटि नेपाल आएको बताए । 'मैले पश्चिम बंगालमा पढ्दा त्यहाँ वामपन्थीहरू सक्रिय थिए । पछि जेएनयू (जवाहरलाल विश्वविद्यालय)मा पिएचडी गर्दै । त्यसपछि लखनउ विश्वविद्यालयमा प्राध्यापन गर्न थालें' थापाले लखनउमा काम सुरु गर्दाको अनुभव सुनाउँदै भने, 'लखनउमा मैले अध्यापन सुरु गर्दा नेपालमा वामपन्थी आन्दोलन थियो । जेएनयू पढेको र नेपाली मूलको भनेर सबैले मलाई पक्का वामपन्थी हो भन्थे ।'

कार्यक्रममा भारतीय सर्जक विवेक बादल बाजपुरी, डा. उमाशंकर साहिल, डा. सत्यप्रकाश मिश्रका रसिला रचनाले सहभागीहरूलाई झुमायो । सुदूरपूर्वकी लेखकद्वय तिला लेकाली र सिर्जना सरोवरदेखि सुदूरपश्चिमका पूर्वमुख्यमन्त्री तथा साहित्यकार राजेन्द्रसिंह रावलको सक्रिय सहभागिताले कार्यक्रममा ऊर्जा थप्ने काम गऱ्यो ।

दुई देशका साहित्यिक शृंखला

नेपाल-भारतको सीमाक्षेत्रमा भइरहने साहित्यिक कार्यक्रम पछिल्लो समय बाक्लिँदै गएका छन् । २०८० साल जेठ दोस्रो साता डिलासैनी गाउँपालिकाले गोकुलेश्वरले नेपाल-भारत अन्तर्राष्ट्रिय काव्य गोष्ठीको आयोजना गरेको थियो । चमेलिया नदीछेउको गोकुलेश्वरमा दुई देशका साहित्यकारको जमघट दिग्गजहरूसँग नयाँ पुस्ताका भावना साट्ने चौतारी बन्यो । भारतीय साहित्यकार डा. पीताम्बर अवस्थीदेखि बैतडीका पाका साहित्यकार पुरनसिंह दयालले साहित्यसँगै नदी सभ्यताबारे समेत चर्चा गरे । उक्त कार्यक्रमलाई दुई देशका सर्जकहरूको साक्षात्कार गर्ने साझा मञ्च बनाउने प्रयास गरेको युवा नेता तथा डिलासैनी गाउँपालिकाका अध्यक्ष सन्तोष जोशीले बताए ।

दुई देशबिच हुने यस्ता साहित्यिक कार्यक्रमले नेपालको समाज र साहित्यबारे नजिकबाट बुझ्न सघाउने धारणा नेपाली सर्जकहरूको छ । युवा कवि तीर्थराज भट्ट नेपालको सुदूरपश्चिम र भारतका सीमावर्ती साहित्यिक संस्थाबिच भइरहने कार्यक्रमले दुई देशका जनताबिचको भावनात्मक सम्बन्ध-सेतु बन्ने बताउँछन् । प्रगतिशील खेलक संघका महासचिव ढकाल भन्छन्,'साहित्यको कुनै सीमा हुँदैन । भूगोलभन्दा माथि उठेर विश्व-साहित्यबारे बुझ्ने र एकजुट हुने हाम्रो लक्ष्य हो ।'

कलमीबाट कौसीमै फल

घरलाई सुन्दर मात्रै देखाउँदैन, ताजा फूलफूल पनि खान पाइन्छ । त्यहाँ कागती, सुन्तला, मुन्तला, जुनार, हलुवाबेत, जापानिज सुन्तला, जापानिज नास्पातीलगायत फलाउन सकिन्छ ।

कलमी किन ?

खासगरी छिटो फल्ने फलफूलका लागि कलमी गरिन्छ । बिउबाट उम्रेका फलफूलका बिरुवा फल्न वर्षौं लाग्छ । तर, कलमी गरेर सारिएको बिरुवा एक-दुई वर्षमै फल्छ । ठुला रुख हुने बिरुवा सानो क्षेत्रफल वा गमलामा भने हुर्काउन सकिँदैन । सुन्तला, मुन्तला, कागती र भोगटे एउटै बोटमा फलाउन मिल्छ ।

हाइब्रिट फलफूलका बिरुवामा धेरै फल लाग्छ, धेरै झार्गिदैन पनि । साना बिरुवाले घरलाई आकर्षक त बनाउँछन् । किबी, स्ट्रबेरी, लिची पनि फलाउन सकिन्छ । यो बिरुवालाई हुर्काउन पनि सजिलो हुन्छ । आफ्नो रुचिअनुसार कस्ता बिरुवा रोप्ने । कति अग्लो बनाउने भन्ने आफैंले गर्ने हो । यसको उचाइ तपाईं आफैंले बनाउनुपर्छ ।

घरको छतमा गमलामा विभिन्न थरीका फलफूल फलाउन कलमी प्रविधि उपयुक्त रहेको ठुलो भन्याङस्थित मुस्कान नर्सरीका





सञ्चालक महेन्द्र सुवेदीको पनि अनुभव छ । कलमी गरिएका विभिन्न जातका कागती र निबुवा गमलामै लटरम्म फलाउन सकिन्छ ।

सुन्तला १६ देखि १८ इन्चको गमलामा १० केजीसम्मको गमलामा फलाउन सकिन्छ । १६ देखि १८ इन्चको गमलामा अम्बा रोप्दा १५ केजीसम्म अम्बा फलाउन सकिन्छ । आरु, आरुबखडा, नास्पाती भने गमलामा पाँच-छ केजीसम्म मात्रै फलाउन सकिन्छ ।

कलमी गरिएका र हाइब्रिड जातका आँप, आरू, आरुबखडा, कागतीलगायत फलका बिरुवा पनि गमलामै रोपेर फलाउन सकिन्छ । एभोकाडो, अंगुरलगायत हाइब्रिड जातका कलमी गरिएका बिरुवा गमला र जमिनमै पनि सानो क्षेत्रफलमा फलाउन सकिन्छ ।

झ्याप्पै !



रवि मिश्र
@rabimishra



रंगमञ्चमा देशको दर्शन

अबको समय अतिरञ्जित हल्ला पछ्याएर होइन, देश बनाउने दर्शनको खोजीमा बितोस्

रंगमञ्च



● डा. तारालाल श्रेष्ठ





रंगमञ्चमा दर्शक नै कलाकार, कलाकार नै दर्शकजस्ता देखिन्छन् । अनेक रंग र ढंगका दर्शकजस्ता देखिने कलाकार रंगमञ्चमा थपिँदै जान्छन् । स्यामुयल बेकेटको निस्सारवादी नाटक 'गोडोटको पर्खाइ'जस्तो भान गराउने नवीन दृश्य देखिन्छन् ।

नयाँ वर्षमा 'अतिरञ्जनको मनोरञ्जन' नाटक हेर्ने मौका मिल्यो । नाटकको विषयवस्तु थाहा थिएन । शीर्षक सुन्दा नै नाटक मनोरञ्जनात्मक होला भन्ने थियो । मण्डला नाटक घरभित्र स्यानिटाइजर छर्किरहेको दृश्य मात्र देखिन्छ । सरसफाइमा ध्यान दिन दबाब दिइन्छ । ताली बजाउन पनि हात सफा हुनुपर्‍यो अरे सबैको । एउटा अद्भूत कलाकारको कन्सर्टबारे चर्चा चल्छ । त्यति महान् कलाकारको प्रस्तुतिमा रमाएर ताली बजाउने हात फोहोर हुनुहुन्न भन्छन् ।

रंगमञ्चमा दर्शक नै कलाकार, कलाकार नै दर्शकजस्ता देखिन्छन् । अनेक रंग र ढंगका दर्शकजस्ता देखिने कलाकार रंगमञ्चमा थपिँदै जान्छन् । स्यामुयल बेकेटको निस्सारवादी नाटक 'गोडोटको पर्खाइ'जस्तो भान गराउने नवीन दृश्य देखिन्छन् । अतिरञ्जित अभिव्यक्तिमा रमाउने अर्धपागल ढंगका ढौंगी, स्वार्थी, लोभी, कठपुतली कलाकार ओसियन दास नामधारी कलाकारको प्रस्तुतिको पर्खाइमा व्याकुल देखिन्छन् । उनीहरूको एकपछि अर्को अतिरञ्जित अभिव्यक्ति गुन्जिरन्छ ।

....ओसियन रकस्टार मात्र होइन, एउटा जिउँदो ज्वालामुखी हो...उसको कन्सर्ट कति वेला जंगली, कति वेला शान्त, र फेरि नरम वा गरम हुन्छ ग्यारेन्टी गर्न सकिन्न.... मुटु दह्रो बनाएर बस्नुस्....कसैको सातो गयो, सुसु वा आची आयो, हार्टअट्याक भयो भने जिम्मा लिइन्न....यहाँ कला होइन पागलपन पस्किइन्छ...

यस्ता अतिरञ्जित अभिव्यक्ति नाटकघरभित्र गुन्जिइरहन्छ । प्रचारवादी दलालजस्ता, दासजस्ता, सस्ता शब्द ओकल्ने, स्वार्थ समूह पर्खेर बस्छन् । अनेक अनुमानका कुरा गर्छन् । देवत्वकरणका शब्दहरू प्रतिध्वनित हुन्छन् । उनीहरू ओसियनलाई देवत्वकरण गरी विकाउ वस्तुका रूपमा बेच्न हरबखत तम्तयार देखिन्छन् । नयाँ वर्षमा नाटकघरभित्र नाटक मञ्चन होइन, कन्सर्ट प्रदर्शनी हुँदै छ । त्यो केवल कन्सर्ट मात्र होइन अरे । एउटा सांगीतिक सुनामी आउनेवाला अवस्थाको वर्णन गर्दै आ-आफ्नो स्वार्थ बेच्न स्वार्थ समूहको भिड बढ्दो छ । पपुलिस्टका पपेट ओसियन आउँदा कन्टेन्ट बनाएर बेच्न तँछाडमछाड गर्दै छन् । ती विचारविहीन भिड वर्तमान विश्वबजारमा देखिएका भिडसँग मिल्दाजुल्दा छन्, जसलाई सामाजिक सञ्जालमा भ्युज बढाउनु छ । कमाउनु छ, रमाउनु छ, र ाक्षसी डिस्टोपियामा ।

ओसियनको कन्सर्टमा सब सफा हुनुपर्छ । ताली बजाउनेका हात त फोहोर हुनेहुन्न । दर्शकको हात मात्र होइन दर्शक, कलाकार, जनमानस सबैको जुत्ता, भुइँ, टेबल, कपडा, कुर्सी जहाँतहीं स्यानिटाइजर छर्किइँदै छ । अर्धपागल खालका कन्टेन्ट क्रिएटर पागल बनेर प्रतीक्षारत छन् । अन्यहरू पनि उस्तै बेचैनीमा परिवबसेका छन् । बिमा गराउने इन्स्योरेन्स दलाल उत्तिकै उत्सुकताका साथ सक्रिय देखिन्छ, भिडमाझ । ऊ सपनाको पनि बिमा गराउन खोज्छ ।

नबोल्ने महिला पात्र, कुरुस आमा, पनि स्विटर बुन्दै कन्सर्ट हेर्न आएकी छिन् । शब्द सुन्न नसक्नेहरू पनि ओसियनको संगीतको कम्पन महसुस गर्न आएको भनिन्छ । प्रचारवाजलाई त्यो दृश्य पनि मसला बन्छ । कसैको कपडा, जुत्ता, मोजा, हाउभाउ, गरिबी, मानसिक बिमारी, बेरोजगारी, मृत्यु सबै कन्टेन्ट बनाइन्छ ।

ओसियनको सांगीतिक शक्ति दर्शकको रगतको थोपाथोपामा दौडन्छ भन्दै अज्ञात वा अन्जान कलाकारको देवत्वकरण जारी रहन्छ । कोही त अझ शरीरभरि ओसियनको ट्याटु खोपेर भक्तिगान गर्दै सामाजिक सञ्जालमा भ्युज बढाउन अर्धपागलपन पस्किरहेका हुन्छन् । कोही 'मान्छेको सपनालाई पेनड्राइभमा हाल्ने मेसिन बनाउने मान्छे हुँ म' भन्छन् । ब्ल्याक होलका बारेमा विद्यावारिधि गरेका व्यक्ति पनि ओसियन पर्खिबसेका देखिन्छन् । कतिपय दर्शक लामो समयदेखि पर्खिबसेका हुन्छन् । भर्खर आएर ओसिएनको सबैभन्दा ठुलो फ्यान बनिटोपल्नेविरुद्ध उनीहरू प्रतिकारमा उभिन्छन् ।

व्यक्तिवादी दासतारूपी स्तुतिगान जारी रहन्छ : ओसियन दास यस्तो दबाइ हो, त्यस्तो लत हो, जसले जँड्याहाको रगत पनि सफा गर्छ, अपवित्र आत्मा पनि सफा गर्छ....।

विश्वविद्यालयबाट दीक्षित बेरोजगार कन्भोकेसनको गाउन नै पहिरिएरै ओसियनको कन्सर्ट हेर्न आएका छन् । उनलाई परदेसिनु परेको छ, सरकारलाई कर तिर्न पनि । कन्भोकेसनको गाउ नै लगाएर खाडी देश भासिनुअघि ओसियनको देशभक्ति गीत सुन्ने र त्यही कन्भोकेसन गाउनमै उड्न विमानस्थल जाने तयारीसहित सुटकेससमेत बोकेर ऊ त्यहाँ आएको हुन्छ । ऊ सुन्न चाहन्छ देश छाड्नुअघि देशभक्ति गीत-

पहिले देशलाई समात...,
छोड्देउ इँजार, छोड्देऊ कन्दनी
पहिले देशलाई समात ।

ओसियन दास रक, हेभी मेटल, शास्त्रीय उस्ताद, लोकगायक, दर्शनवादी रोमान्टिक प्रस्तुतिकर्ता, सम्बन्ध काउन्सिलर, जेन्टर फ्लुइड फेसनबाजजस्ता बहुआयामिक व्यक्तित्वको चर्चा चल्छ । एक झगडिया जोडी उनको गीतमा दैवीशक्ति भएकाले उनीहरूको डिभोर्स रोकिदिने सपना बोकेर कन्सर्ट कुरी बसेको देखिन्छ । अन्ततः अस्पष्ट स्वरूपमा, मुखमा मुखुन्डो भिरेर, अर्धपहिचानसहित ओसियन भिडमाझ उपस्थित हुन्छ । उसको लिंग, वर्ग, वर्ण, विधा, सुरताल, प्रदर्शनी केही स्पष्ट छैन । विचार, चिन्तन, दर्शन पनि स्पष्ट छैन ।

> ओसियनको सांगीतिक शक्ति दर्शकको रगतको थोपाथोपामा दौडन्छ भन्दै अज्ञात वा अन्जान कलाकारको देवत्वकरण जारी रहन्छ । कोही त अझ शरीरभरि ओसियनको ट्याटु खोपेर भक्तिगान गर्दै सामाजिक सञ्जालमा भ्युज बढाउन अर्धपागलपन पस्किरहेका हुन्छन् ।

हल्लैहल्लाको महाध्वनिमा ऊ महामानव बन्ने प्रयास गरिरहन्छ ।

ओसियन दास आफैंले आफ्नो मुटुको घड्कनलाई विश्वव्यापी लय, युनिभर्सल रिदम स्वघोषणा गर्छ । संगीतको नाममा नानाभाती नाटक देखाउन खोज्छ, अतिरञ्जनको मनोरञ्जन । उनलाई महामानवको मूर्तिमा स्थापित गर्न खोज्ने भिडमाझ पागलपनमा उफ्रँदै गाउँदागाउँदै ऊ ढल्छ, कोमामा जान्छ । उसको त्यो दुर्दशालाई पनि सबैले केहीबेर कन्टेन्ट बनाएर बेच्न खोज्छ । उनको अवनति बिकाउ चिज बन्दैन । अन्ततः आफ्नो स्वार्थ पूर्ति नहुने चाल पाएपछि उनको समर्थक लाखापाखा लाग्छन् । उसको लासलाई जुम्राउपियाँले मरेको पशुलाई छाडेर गएजसरी बेवारिसे छाडेर जान्छ । भिडैभिडको बिचमा बाँचेको ओसियन दासलाई स्वार्थी दासहरूले छाडेर हिँड्दाको दृश्यले दर्शकको मन चसक्क हुन्छ । भिडले सिर्जेको प्रसिद्धि, अतिरञ्जन मनोरञ्जन, अन्ततः व्यर्थता, शून्यतामा अन्त्य हुन्छ । प्रचारवाद युटोपिया होइन, डिस्टोपिया रहेछ भन्ने भान गराउँछ ।

सबैजनाले मन्यो, बेकार बन्यो स्तुतिगान, भनेर छाडेर गएपछि केहीबेरमा ओसियन उठ्छ । नयाँ जीवन पाएझैं फेरि चर्चित बन्ने आधार खोज्दै प्रस्तुति दिन थाल्छ । उसको मृत्युमा अवसर देख्नेहरू सलबलाइकेको हुन्छ । कसैको मृत्यु कसैको विजयको बाटो बन्दै गरेको दृश्य त्यहाँ देखिन्छ । सामूहिक विजयको सौन्दर्य होइन, निषेधको संस्कृति मौलाइसकेको हुन्छ । ऊ आफूलाई अझै समुद्र अरू सबलाई एक थोपा पानी सम्झन्छ । भिडले उसलाई छाडिसकेपछि उसको अलौकिक क्षमता लौकिक संसारमा जब तासको घरझैं भत्किन्छ तब गुलियोपन सबै तीतोपनमा परिणत भइसक्यो । ओसियनले आफूलाई समुद्र अन्य सबै आफ्नो दास सम्झेर प्रस्तुत भइरहन्छ । सबैलाई छाड्दा पनि एक्लै भए पनि उभिन खोज्छ । त्यो अन्ततः व्यर्थ बन्छ । असफल प्रयाससिद्ध हुन्छ ।

अतिरञ्जन मनोरञ्जनमा उभिएको एक अर्थहीन मान्छेको अहंकार भत्किएपछि ऊ समुदाय सिध्याउन सक्रिय हुन्छ । सबैलाई सराप्न थाल्छ । उसको लय, सौन्दय, सिर्जना सबै स्वाहा हुन्छ । भगवान् बनाउने, जिउँदो मान्छेलाई मूर्ति बनाउने, भिडमाथि प्रहार गर्छ । जब मूर्ति बनाउनेहरू नै उनको मूर्ति तोड्न खोज्दै गरेको देख्छ तब उसले मूर्ति बनाउनेहरूलाई बाँकी राख्दैन । त्यस क्रममा उसले आफू, आफूलाई मूर्ति बनाएर पुज्ने स्वार्थ समूह सबैलाई सराप्न थाल्छ । बौलाहाझैं बन्छ ।

उसको बर्बराहट दर्शन बनेर गुञ्जन्छ । ऊ भन्छ : 'म कसैको छोरो होइन । म मेरै आमाको पनि छोरो होइन । मेरी आमाले मलाई संगीतको नाममा यति भद्दा हल्ला उत्पादन गर्न जन्माएकै होइन । धिक्कार छ मलाई, जसले यस्ता हल्ला उत्पादन गऱ्यो । यस्ता हल्ला उत्पादन गर्न उक्साउने भिड बढायो । अतिरञ्जनामा रमायो । पवित्र संगीतलाई प्रदूषित बनायो ।' यस्तै, अन्तर्मनको उकुसमुकुस ओकल्दै अतिरञ्जन मनोरञ्जनका लागि पहिरिएको पत्रैपत्र वस्तु खोल्दैखोल्दै नांगो बन्छ महानायक । आफ्नो खोक्रो यथार्थ सबैसामु देखाइदिन्छ । व्यर्थतामा बाँच्न बाध्य पार्ने भिडलाई ब्ल्याकहोलमा भस्म पार्न खोज्छ, बौलाहा बनेर । विश्वजगत् अतिरञ्जनामा मनोरञ्जन रोज्नेहरू, अतिरञ्जित भिडमै भविष्य खोज्नेहरू बढिरहेकै छ । तिनकै जगजगी, रजगजीको लहरमा कतै आफैं बगिरहेको त छैन ? हल्लाहरू उत्पादनकै घनचक्करमा हामी घुमिरहेको त छैनौं ।

नेपाल बुद्ध जन्मिएको दसी प्रमाण बोकेको देश हो । पारिस्थितिक प्रणालीले अत्यन्त हराभरा देश । हिमाल, पहाड, तराईभित्र अनगिन्ती पहिचान सौन्दर्यले सजिएको देश । रंगीन विविधताबिच बाँचेको विशिष्टतम् देशको दर्शन कस्तो हुनुपर्छ ? नाटकमा देखिएझैं कुनै एकाध 'अर्धपागल'जस्ता व्यक्तिले यो देशको दर्शन बोक्न सक्दैनन् । 'अतिरञ्जित मनोरञ्जन'ले नेपालको मौलिकता र विविधताको सम्पन्नता समेट्न सक्दैन । व्यक्तिवादी प्रचारवादमा उभ्याइएको महामानव मानकले नेपालको बहुलता बोक्न कदापि सक्दैन । नाटकको नायकजस्तो खोक्रो पात्र जतिसुकै अतिरञ्जित आभूषणले सिँगारिए पनि ऊ अन्ततः नांगिन्छ, खोक्रिन्छ । प्रोसेस नै गलत भएपछि प्रोडक्ट सही निस्कन्न । अन्ततः अप्राकृतिक प्रक्रियाले अपवित्र परिणाम निम्त्याउँछ । हाम्रा राष्ट्रिय अभिभावकहरूले आजसम्म हामीलाई हाम्रो देशको दर्शन सिकाएकै छैनन् । हाम्रो देशको दर्शन यस्तो हुन्छ भनेर देखाएकै छैनन् । अतिरञ्जनामै जन्मिएर, हुर्किएर, बढेर उचाइ चढेका अग्रज अन्ततः नाटकको ओसियनदासझैं नांगिएको देखियो । एकाध लौकिक पिलन्धरेलाई अलौकिक अवतारमा भिडले उभ्याइँदा तिनले केही समय हल्ला मात्रै उत्पादन गरेछन् । देशले खोजेको दर्शन पाइएन, केवल हल्ला पो पाएछौं । समग्र विकास र खुसियालीको साटो देशमा विनाश र विरक्ति छायो । देश बन्न हल्लाहरू होइन, विचारविहीन भिड होइन, मौलिक दर्शन चाहिन्छ । देशको दर्शन कसले खोज्छ ? आकाशीय कि क्षितिजीय कुन बाटोबाट देशको दर्शन खोज्ने ? स्वदेशमा हराएको दर्शन विदेशमा गएर खोज्ने कि नखोज्ने ? हिजोका हाम्रा भाषणबाजले हल्ला मात्रै उत्पादन गरे, आजका आसनवालाले उही गल्ती गर्दैनन् भनेर यो देशमा ढुक्क रहने आधार के छ ? एकथरी हल्लाबाजको ठाउँमा अर्कोथरी हल्लाबाज प्रतिस्थापित भइरह्यो भने देशले हल्लाबाजको भार कतिन्जेल थेग्न सक्ला ? नाटकले अनेकौं प्रश्न उब्जायो ।

जाँदाजाँदै, अतिरञ्जनको भुलभुलैयाबाट आफू बचौं, अरूलाई पनि बचाऔं । अबको समय अतिरञ्जित हल्ला पछ्याएर होइन, देश बनाउने दर्शनको खोजीमा बितोस् । देश बनाउने दर्शन कर्मशील समुदायमा जीवित हुन्छन्, हल्ला उत्पादकभन्दा पर । अब व्यक्तिवादी चिन्ता होइन, सामूहिकताको चिन्तन गरौं । अतिरञ्जित विचारविहीन भिडभन्दा पर, हल्लाहरूभन्दा पनि पर, कुनै महानायकभन्दा पनि पर, श्रमजीवी समुदायको संगीतमा देशले खोजेको दर्शन देख्न सकिन्छ कि ? नयाँ वर्षको सिर्जनशील शुभकामना !

चिम्पान्जी समूहबिच आठ वर्षदेखि चलिरहेछ 'गृहयुद्ध'

प्रकृति



● ग्लोरिया डिकी

> चिम्पान्जीहरू बाहिरी समूहमाथि घातक आक्रमणमा उत्रने विषय नयाँ होइन । तर, किबाले राष्ट्रिय निकुञ्जको घटनामा भने कुनै समय एउटै समूहमा रहेका चिम्पान्जी दुई समूहमा विभाजन भएपछि एक-अर्कामाथि आक्रमणमा उत्रिएको पाइयो ।

सन् २०१५ को जुन महिनाको एक दिन, 'प्राइमेटोलोजिस्ट (मानवजस्तै दुई खुट्टामा हिँड्ने जीव अर्थात् प्राइमेटका अध्येता)' आरोन स्यान्डेल युगान्डाको किबाले राष्ट्रिय निकुञ्जमा न्गोगो प्रजातिको चिम्पान्जीमाथि निगरानी गरिरहेका थिए । त्यस दिन उनको ध्यान चिम्पान्जीको एउटा समूहमाथि थियो । समूहमा उनले केही अनपेक्षित हाउभाउ देखे ।

चिम्पान्जीको ठुलो समूहमा स्यान्डेलबाट नजिक रहेका चिम्पान्जीले केही असहज र डराएजस्तो व्यवहार देखायो । डर कम गर्न र एक-अर्कालाई आश्वस्त पार्न उनीहरू आपसमा छुने र हेर्ने गरिरहेका थिए । अर्थात्, चिम्पान्जीका ती सदस्यको व्यवहार परिचित साथीसँग भेट हुनेभन्दा कुनै अपरिचित समूहसँग मुडभेड हुन लाग्दा गर्नेजस्तो देखिन्थ्यो । अहिले फर्केर हेर्दा त्यस क्षण चिम्पान्जीहरूको कुनै समय घनिष्ठ रहेका समूहबिच तिक्तता सुरु हुन थाल्दाको सुरुवाती समय रहेछ । त्यसको केही समयपछि नै न्गोगो चिम्पान्जीबिच वर्षौं लामो रक्तपातपूर्ण द्वन्द्व सुरु भयो ।

गत अप्रिल ९ मा चर्चित विज्ञान जर्नल 'साइन्स'मा स्यान्डेल र उनका सहकर्मीले प्रकाशित गरेको एक आलेखले यही जंगली चिम्पान्जीमा सम्भवतः मानिसले देखेको पहिलो 'गृहयुद्ध'को व्याख्या गरिएको छ । उसो त चिम्पान्जीहरू बाहिरी समूहमाथि घातक आक्रामणमा उत्रने विषय नयाँ होइन । तर, किबाले राष्ट्रिय निकुञ्जको घटनामा कुनै समय एउटै समूहमा रहेका चिम्पान्जी दुई समूहमा विभाजन भएपछि एक-अर्कामाथि आक्रमणमा उत्रिएको पाइयो । यस्तो व्यवहार प्राइमेटमध्ये मानव प्रजातिमा धेरै पहिलेदेखि भइरहेकै कुरा हो ।

'किबाले राष्ट्रिय निकुञ्जका चिम्पान्जीमा देखिएको यो घटना मानवीय चरित्रसँग धेरै मिल्दोजुल्दो देखिएको छ । जसरी मानिस समुदाय कुनै समय सहकार्य गरिरहेकै समूहमाथि अर्को समयमा आक्रमणमा उत्रिरहेका हुन्छन्, अहिले त्यहाँको चिम्पान्जीमा त्यस्तै देखिएको छ । यो विरोधाभास रोचक छ । तर, लोप हुने अवस्थामा पुगेको प्रजातिका समूह विभाजित भएर एक-अर्काको हत्यामा उत्रिँदा भने चिन्ता बढाएको छ,' स्यान्डेलले भने, 'मानिसबिच हुने गृहयुद्धमा देखिनेजस्तै समूहगत पहिचानको परिवर्तनशीलता र गतिशीलता अन्य जनावरमा बिरलै देखिन्छ । तर, अहिले आएर त्यस्तै गुण चिम्पान्जीमा देखिएको छ,' स्यान्डेलले भने ।

किबाले राष्ट्रिय निकुञ्जमा बसोवास गरिएको न्गोगो चिम्पान्जी समूह विश्वको सबैभन्दा ठुलो ज्ञात जंगली चिम्पान्जी समूह हो । यस समूहमा करिब २०० चिम्पान्जी छन् । सन् १९९५ देखि निरन्तर वैज्ञानिकको निगरानीमा रहेको यो समूहले विगतमा मिलेर बस्ने, खाना बाँड्ने र सँगसँगै बसाइँसराइ गर्थे । कम्तीमा अध्ययन सुरु भएदेखि सन् २०१५ सम्म समूह सामाजिक रूपमा एकताबद्ध थिए । तर, बिस्तारै समूहको गतिशीलतामा केही परिवर्तन देखिन थाल्यो ।

विशेषतः सामाजिक पदानुक्रममा आएको परिवर्तनले समूहको विभाजन निम्त्याएको हुन सक्ने देखिन्छ । जस्तो- सन् २०१५ मा स्यान्डेलले चिम्पान्जीहरूले अनौठो व्यवहार प्रदर्शन गरेको देखेको दिनको बिहानै समूहमा एउटा 'अल्फा (समूहमाथि हाबी हुने गुण भएको)' भाले अर्को चिम्पान्जीसामु समर्थन भावमा झुकेको देखिएको थियो । अघिल्लो वर्ष एकैपटक कैयौं वृद्ध चिम्पान्जीको मृत्युले समूहको सामाजिक संरचनालाई पनि असर गरेको वैज्ञानिकको आकलन छ । सन् २०१४ मा सम्भवतः श्वासप्रश्वाससम्बन्धी समस्याले पाँच वृद्ध भाले र एक वयस्क पोथी मरेका थिए । तिनको अनुपस्थितिसँगै समूहलाई जोडी राख्ने कडी टुट्यो ।



समूहमा विभाजन आउनुअघि सन् २०१३ मा मिलेर एउटै फोटोमा देखिएका 'मोर्टोन' (बायाँ) र 'ग्यारिसन' (दायाँ) नाम राखिएका भाले चिम्पान्जी । अहिले मोर्टोन मध्य गुट र ग्यारिसन पश्चिमी गुटमा रहेर एक-अर्काका दुस्मन भएका छन् ।)

'वृद्ध चिम्पान्जीहरूको आकस्मिक मृत्युले समूहबिचको सम्बन्धलाई कमजोर बनाएको हुन सक्छ, जसले गर्दा 'अल्फा' भाले सक्रिय हुँदा ध्रुवीकरण आएको र समूह कमजोर बन्यो,' स्यान्डेलले भने । जसै समूहका सदस्यबिच हेलमेल कम भयो, उनीहरू झन् टाढा हुँदै गए र पहिले घनिष्ट रहेका समुदायमै एक-अर्कालाई बाह्य समूहका रूपमा हेर्ने अवस्था आयो । 'त्यसपछि सन् २०१७ मा आएको एउटा रोगको प्रकोपले सम्भवतः विभाजनलाई झन् अपरिहार्य वा तीव्र बनायो,' स्यान्डेलले भने । सन् २०१८ सम्म आइपुग्दा विभाजन लगभग पूरा भएको थियो । त्यही वर्षदेखि विभाजित भएर बनेका पश्चिमी गुट र मध्य गुट फरक-फरक वासस्थानमा बस्न थाले र एक-अर्कामाथि आक्रमण सुरु गरे ।

आक्रमण एकदम योजनाबद्धजस्तो देखिन्छ । एउटा गुटका धेरै सदस्य मिलेर अर्को गुटका एक सदस्यलाई एक्ल्याउँछन् र पिटिपिटी मार्छन् । दुईमध्ये पश्चिमी गुट बलियो भएकाले आक्रमण मुख्यतः मध्य गुटका सदस्यमाथि भइरहेको छ । अध्ययनका अनुसार सन् २०१८ देखि सन् २०२४ बिचको सात वर्षमा पश्चिमी गुटको आक्रमणमा मध्य गुटका सात वयस्क भाले र १७ शिशु चिम्पान्जी मारिइसके, जुन औसतमा बर्सेनि एक वयस्क भाले र दुई शिशुको हत्या हुन आउँछ । र, 'गृहयुद्ध' सुरु भएको आठ वर्ष नाघ्दा अझै रोकिने संकेत देखिएको छैन । चिम्पान्जीहरू लोप हुने खतरामा रहेका जीव भएकाले उनीहरूबिच देखिएको लामो हिंसाको चक्रले यस जीवको संरक्षकलाई चिन्तित बनाएको छ ।

आनुवंशिक प्रमाणका आधारमा चिम्पान्जीहरूको समूहमा यस्ता लामो चरणको 'गृहयुद्ध' सम्भवतः प्रत्येक ५०० वर्षमा मात्र हुने अध्ययनमा उल्लेख छ । त्यसमाथि तिनको सामाजिक एकतालाई बाधा पुऱ्याउने बाह्य प्रभाव बढेकाले द्वन्द्व छिटो-छिटो हुने सम्भावना रहेको स्यान्डलले बताए । बाह्य प्रभावमा मानवद्वारा तिनको बसोवास गर्ने जंगलको फँडानी, जलवायु संकट वा रोगको प्रकोप पर्छन् ।

न्गोगो चिम्पान्जीमाथि अध्ययन गरेका युनिभर्स अफ क्यालिफोर्निया, लस एन्जलसका उद्विकासवादी मानवशास्त्री ब्रायन वुडले (तथापि उनी नयाँ अनुसन्धानमा संलग्न थिएनन्) एउटा समूहले विगतमा एउटै समुदायकै हिस्सा रहेका सदस्यमाथि आक्रमण गरेर के प्राप्त गर्छन् भन्ने विषयको जवाफ दिँदै भने, 'डार्विनको 'फिटनेस' सिद्धान्तअनुसार कुनै जीवले आफ्नो जिनको विस्तार सफल बनाउन अर्थात् आफ्नो बाँच्ने सम्भावना बढाउन वा आफ्ना प्रतिस्पर्धीको बाँच्ने क्षमता घटाउन आक्रमण गर्ने गर्छन् ।' 'र, अहिले विभाजित चिम्पान्जीका दुई समूहमा पश्चिमी समूह त्यही नै गरिरहेको छ । पश्चिमी समूहको निरन्तर आक्रमण सामना गरेपछि, मध्य समूहका चिम्पान्जीमा जंगली चिम्पान्जी समुदायमा अहिलेसम्मकै सबैभन्दा कम बाँच्ने क्षमता मापन भएको छ,' क्याम्ब्रिज विश्वविद्यालयका जैविक मानवशास्त्रका प्राध्यापक सिल्भेन लेमोइनले भने, 'यो प्रकरण अनुसन्धानकर्ताले जीवका प्रजातिबिचमा गृहयुद्ध भन्न सकिने स्पष्ट आधार रहेको पहिलो विस्तृत घटना हो । यसले देखाउँछ कि सामूहिक सांस्कृतिक समूह पहिचानको अभावमा पनि, सामाजिक सम्बन्ध र सञ्जाल सम्पर्कले समूह एकतालाई जोडेर राख्छ । र, यी सम्बन्ध विशेष परिस्थितिमा कमजोर हुन सक्छन्, यस्तो परिस्थितिमा जब त्यो थोरै सदस्यमा भर पर्छन् ।'

(डिकी फ्रिलान्स पत्रकार हुन् । उनी जैविक विविधताको संरक्षण, जलवायु परिवर्तन तथा वातावरणीय नीतिमाथि कलम चलाउँछिन् । द गार्जियनबाट श्रवण उप्रेतीको अनुवाद ।)

अर्थ पत्रिका

नयाँ पत्रिका
शनिबार ५ वैशाख ०८३

नेप्से बन्द भएका वेलामा पनि सेयर किनबेचको 'अर्डर' राख्न पाइने

नयाँ पत्रिका

नेपाल स्टक एक्सचेन्जले सेयर बजारमा कारोबारको नियममा परिवर्तन गर्दै कारोबार नभएको समयमा पनि सेयर खरिद-बिक्रीका लागि अर्डर राख्न पाइने व्यवस्था गरेको छ। नेप्सेले 'धितोपत्र कारोबार सञ्चालन (चौथो संशोधन) विनियमावली, २०८२' लागू गर्दै लगानीकर्ताले अर्डर दिने समयदेखि मूल्य सीमासम्मका नियममा महत्त्वपूर्ण परिवर्तन देखिने भएको हो।

नेप्सेको सञ्चालक समितिले वैशाख ७ गतेदेखि लागू हुने गरी यस्तो निर्णय गरेको हो। यससँगै दलाल (ब्रोकर) कम्पनीहरूलाई पनि केही प्रावधान तुरुन्त कार्यान्वयन गर्न निर्देशन दिइएको छ। नेप्सेका सूचना अधिकारी मुराहरि पराजुलीले नयाँ व्यवस्थाले बजारमा सहभागिता र तरलता बढाउने अपेक्षा गरिएको बताए।

अब लगानीकर्ताले कारोबार समय सुरु हुनुअघि वा सकिएपछि पनि खरिद-बिक्रीको अर्डर दिन सक्नेछन्। यस्ता अर्डरहरू समयअनुसार प्राथमिकतामा राखिनेछन् र बजार खुल्नेबित्तिकै प्रणालीमा प्रविष्ट गरिने उल्लेख छ। तर, यस्तो अर्डर हाल्दा मूल्य भने अघिल्लो दिनको अन्तिम मूल्यको निश्चित सीमाभित्रै हुनुपर्नेछ। मूल्य निर्धारणमा पनि नेप्सेले कडाइ गरेको छ। प्रारम्भिक कारोबार सत्रमा सेयरको मूल्य अघिल्लो दिनको अन्तिम मूल्यभन्दा पाँच प्रतिशतभन्दा बढी तलमाथि हुन नपाउने व्यवस्था गरिएको छ। त्यसपछि निरन्तर कारोबार सत्रमा भने मूल्य उतारचढावको सीमा तीन प्रतिशतमा सीमित गरिएको छ।

कुनै कम्पनीको सेयर मूल्य एकै दिन १५ प्रतिशतभन्दा बढी तल-माथि हुन नपाउने प्रावधान पनि राखिएको छ। यसअघि यस्तो सीमा १० प्रतिशतको थियो। अब कुनै पनि कम्पनीको सेयर मूल्य एकै दिनमा १५ प्रतिशतसम्म बढ्न वा घट्न सक्नेछ।

बजार अत्यधिक उकालो वा ओरालो लागेमा लगाइने 'सर्किट ब्रेकर' नियम पनि संशोधन गरिएको छ। अब कारोबार सुरु भएको दुई घण्टाभित्र नेप्से सूचक पाँच प्रतिशतले घटे वा बढेमा १५ मिनेटका लागि कारोबार रोकिनेछ। यदि कुनै पनि समयमा सूचक आठ प्रतिशतले घटबढ भएमा भने सो दिनको कारोबार नै बन्द गरिनेछ।

उतारचढावपछि स्थिर बन्यो नेप्से

काठमाडौं/ साताभर तीव्र उतारचढाव व्यहोर्दै नेपाल स्टक एक्सचेन्ज (नेप्से) परिसूचक साताको अन्तिम कारोबारसम्म आइपुग्दा स्थिर देखिएको छ। गत साताको शुक्रबार २८३७.७८ विन्दुमा रोकिएको बजार यो साताको अन्तिम कारोबार दिन शुक्रबार २८३८.४ विन्दुमा पुगेको छ। अर्थात्, साताभरमा समग्रमा बजार परिसूचक ०.६२ अंकले बढेको छ। साताको पहिलो कारोबार हुने दिन सोमबार ४.१८ अंकले घटेर परिसूचक २८३३.६ विन्दुमा पुगेको थियो। त्यसपछि नयाँ वर्षको सुरुवात १ वैशाखमा नेप्से बन्द रह्यो। बुधबार ३३.२७ अंकले बढेर २८६६.८७ विन्दु कायम भएको छ। तर, बिहीबार ३३.८३ अंकले घटेर २८३३.०३ विन्दुमा झर्‍यो। शुक्रबार कुल सात अर्ब ४६ करोड ६ लाख रुपैयाँको सेयर कारोबार भएको छ। जसमा एक करोड ८० लाख ६३ हजार सात सय २८ कित्ता सेयर किनबेच भएको छ। कुल बजार पुँजीकरण ४८ खर्ब ४१ अर्ब तीन करोड रुपैयाँ कायम छ।

■ बालश्रम रोक्न नयाँ विधेयकको तर्जुमा

दुई दर्जन क्षेत्रमा बालश्रम पूर्ण निषेध

२५ वर्ष पुरानो कानुनलाई प्रतिस्थापन गर्ने विधेयकको मस्यौदा तयार
बालबालिकालाई काममा लगाउनेलाई चार लाखसम्म जरिवाना र दुई वर्षसम्म जेल सजाय

पवन तिमिल्सिना/ नयाँ पत्रिका

सरकारले दुई दर्जन क्षेत्रमा बालबालिकालाई काममा लगाउन पूर्ण रूपमा निषेध गर्ने व्यवस्थासहित नयाँ कानुन ल्याउने तयारी गरेको छ। श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले उद्योग, सेवा, कृषि तथा वन, सहरी तथा अनौपचारिक र अन्य जोखिमपूर्ण क्षेत्रका दुई दर्जन काममा बालबालिकालाई लगाउन नपाउने प्रस्तावसहित नयाँ बालश्रम विधेयकको मस्यौदा तयार गरेको हो।

मन्त्रालयले बालश्रमसम्बन्धी २५ वर्षे पुरानो कानुनलाई प्रतिस्थापन गर्ने नयाँ विधेयकको मस्यौदा सार्वजनिक गरेको छ। मन्त्रालयले शुक्रबार सार्वजनिक सूचना जारी गर्दै 'बालश्रम (निषेध र नियमित गर्ने) ऐन, २०५६' लाई प्रतिस्थापन गर्न बनेको विधेयकको मस्यौदामा सर्वसाधारणबाट राय तथा सुझावसमेत मागेको छ।

मन्त्रालयका अनुसार यो मस्यौदा विधायन ऐन, २०८१ को दफा ६ को उपदफा (२) अनुसार सार्वजनिक गरिएको हो। सूचना प्रकाशन भएको मितिले सात दिनभित्र इच्छुक व्यक्तिले आफ्नो सुझाव इमेलमार्फत पठाउन सक्नेछन्।

मन्त्रालयले बालबालिकालाई जोखिमपूर्ण तथा निकृष्ट काममा लगाउन रोक लगाउने, अन्य काममा संलग्न गराउँदा स्वास्थ्य, सुरक्षा र सुविधाको सुनिश्चितता गर्ने, साथै अन्तर्राष्ट्रिय सन्धि तथा संघीय संरचनाअनुसार नयाँ कानुनी व्यवस्था गर्न आवश्यक भएकाले पुरानो ऐन प्रतिस्थापन गर्न लागिएको जनाएको छ। करिब २५ वर्ष पुरानो ऐनलाई समयअनुकूल बनाउन पनि नयाँ कानुन आवश्यक देखिएको मन्त्रालयको भनाइ छ।

प्रस्तावित विधेयकले संविधानमा उल्लिखित जीवन, शिक्षा, बालअधिकार र सामाजिक सुरक्षासम्बन्धी मौलिक हक कार्यान्वयनमा सहयोग पुग्ने जनाइएको छ। साथै, राज्यको नीतिअनुसार बालश्रम र श्रम शोषण अन्त्य गर्ने लक्ष्य हासिल गर्न मद्दत पुग्ने अपेक्षा गरिएको छ।

मन्त्रालयका अनुसार विधेयक लागू भएपछि मर्यादित श्रम र रोजगारी प्रवर्द्धन हुनेछ। बालबालिकाको स्वास्थ्य, शिक्षा र नैतिक विकास सुनिश्चित भई भविष्यमा उत्पादनमुखी जनशक्ति तयार हुने र त्यसले आर्थिक विकासमा योगदान पुर्‍याउने अपेक्षा गरिएको छ। यो विधेयकले सबै प्रकारका बालश्रम अन्त्य गर्ने लक्ष्य र बालबालिकामाथि हुने हिंसा, शोषण तथा दुर्व्यवहार अन्त्य गर्ने लक्ष्य प्राप्त गर्न सहयोग पुग्ने मन्त्रालयको भनाइ छ।



■ यस्तो छ दण्ड-सजायको व्यवस्था

विधेयकले बालश्रम गराउनेलाई कडा सजायको व्यवस्था गरेको छ। १५ वर्षमुनिका बालबालिकालाई काममा लगाएमा तीन महिनासम्म कैद वा एक लाख रुपैयाँ जरिवाना वा दुवै सजाय प्रस्ताव छ। अन्य प्रावधान उल्लंघन गरेमा एक वर्षसम्म कैद वा दुई लाख रुपैयाँ जरिवाना वा दुवै हुने उल्लेख छ। गम्भीर उल्लंघनमा दुई वर्षसम्म कैद वा चार लाख रुपैयाँ जरिवाना वा दुवै सजाय तोकिएको छ। अन्य श्रमसम्बन्धी प्रावधान उल्लंघन गरेमा ५० हजार रुपैयाँसम्म जरिवाना लगाउने उल्लेख छ। पुनः अपराध गरेमा दोब्बर सजाय लाग्ने भनिएको छ। दुईजनाभन्दा बढी बालबालिकालाई समूह बनाएर काममा लगाएमा प्रत्येक बालबालिकाबराबर थप ५० हजार रुपैयाँ जरिवाना लाग्नेछ। हाल बालबालिकालाई श्रममा लगाउँदा दण्ड-सजाय अधिकतम एक वर्ष कैद र ५० हजार रुपैयाँ जरिवाना मात्रै छ। प्रस्तावित विधेयकले बालबालिकालाई यी क्षेत्रमा काम गर्न पूर्ण रूपमा निषेध गरेको छ।

बालश्रम नियन्त्रणसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिबद्धता कार्यान्वयनमा सहयोग पुग्ने र बालश्रममुक्त समाज निर्माणतर्फ अघि बढ्न मद्दत हुने उल्लेख गरिएको छ। साथै, कानुन उल्लंघन गर्ने व्यक्ति वा संस्थालाई दण्डित गर्ने व्यवस्था गरिएको छ। बालबालिकालाई जोखिमपूर्ण उद्योग तथा काममा रोक लगाउने व्यवस्थाले सुरक्षित र आधुनिक प्रविधिको प्रयोग बढाउने तथा जलवायु अनुकूलनमा समेत योगदान पुर्‍याउने मन्त्रालयको दाबी छ।

विधेयकमा बालबालिकालाई काममा लगाउन निषेध लगाउने प्रस्ताव छ। त्यस्तै, १५ वर्षभन्दा कम उमेरका बालबालिकालाई काममा लगाउन पूर्ण प्रतिबन्ध हुने उल्लेख छ। १३ वर्ष पुगेकाले भने पढाइमा असर नपर्ने गरी विद्यालय समयपछि वा बिदामा पारिवारिक काम वा हलुका काम गर्न पाउनेछन्।

त्यस्ता बालबालिकालाई सर्कसबाहेक विज्ञापन, चलचित्र, टेलिभिजन वा खेलकुद क्षेत्रमा निश्चित सर्त र सुरक्षासहित काम गर्न अनुमति दिइनेछ। कलाकारमा अभिनेता, गायक, खेलाडीलगायत मनोरञ्जन क्षेत्रमा काम गर्ने बालबालिका पर्छन्। पारिवारिक उद्यम भनेको परिवारका सदस्य संलग्न भएर गर्ने व्यवसाय हो।

यी हुन् निषेधित क्षेत्र

- गलैंचा, गार्मेन्ट, इँटाभट्टा, छाला प्रशोधन
- ढुंगा क्रसर, खानी, निर्माण सामग्री उत्पादन
- रसायन, विस्फोटक, मदिरा, औषधि उत्पादन
- भारी धातु, प्लास्टिक, सिसा, रबर उद्योग
- ऊर्जा उत्पादन तथा प्रसारण
- खानी तथा उत्खनन
- भूमिगत खानी, खनिज उत्खनन
- नदीबाट ढुंगा, बालुवा संकलन
- सेवा तथा पर्यटन
- क्यासिनो, डान्स बार, मसाज पार्लर
- सर्कस, बन्दकोठामा काम
- ३ हजार मिटरभन्दा माथि भारी बोक्ने वा गाइड
- साहसिक पर्यटन (च्याफ्टिङ, बन्जी, ग्लाइडिङ)
- सार्वजनिक यातायातमा सहयोगी, रिक्सा चलाउने
- वधशाला तथा कोल्ड स्टोर
- कृषि तथा वन
- विषादी छर्ने, रासायनिक मल प्रयोग
- ट्याक्टर, थ्रेसरजस्ता मेसिन चलाउने
- सुर्ती उद्योग, काठ कटान
- हिमाली क्षेत्रमा जडीबुटी संकलन
- सहरी तथा अनौपचारिक क्षेत्र
- ढल सफा गर्ने, फोहोर संकलन
- वर्कसप, ग्यारेजमा वेल्डिङ वा मर्मत
- घरेलु श्रम (अरूको घरमा काम गर्ने)
- अन्य जोखिमपूर्ण काम
- निर्माणकार्य
- जासुसी वा लडाइँसम्बन्धी काम
- जमिन-पानीमुनि वा अत्यधिक उचाइमा काम।

सातामा २७ सयले बढ्यो सुन

काठमाडौं/ यो साता नेपाली बजारमा सुनचाँदीको मूल्य बढेको छ। साताको पहिलो दिन आइतबार सुनको मूल्य प्रतितोलाको दुई लाख ९७ हजार एक सय रहेकोमा साताभर उतारचढाव हुँदै शुक्रबार आइपुग्दा प्रतितोला दुई लाख ९९ हजार आठ सय कायम भयो। शुक्रबारको भाउ आइतबारको तुलनामा प्रतितोलामा दुई हजार सात सय रुपैयाँ बढी हो। बढ्दो भूराजनीतिक तनाव, मुद्रास्फीतिको दबाब, अमेरिकी डलर कमजोर रहनु, चाँदीको औद्योगिक माग बढ्नुजस्ता कारणले अन्तर्राष्ट्रिय बजारमा सुनचाँदीको भाउमा उतारचढाव हुन पुगेको विश्लेषकको भनाइ छ। नेपाली बजारमा यसेको प्रभाव परेको देखिन्छ। यो साता चाँदीको मूल्य पनि बढेको छ। साताको पहिलो दिन आइतबार प्रतितोला चार हजार नौ सय ७५ रुपैयाँ कायम रहेकोमा उतारचढाव हुँदै शुक्रबार आइपुग्दा प्रतितोलामा पाँच हजार एक सय ३० रुपैयाँ कायम रह्यो। समग्रमा साताभर चाँदी प्रतितोला एक सय ५५ रुपैयाँ बढी हो।



तल्ला तहलाई समानीकरण अनुदान बढाइने, ससर्त घटाइने

नयाँ पत्रिका

संघीय सरकारले प्रदेश र स्थानीय तहलाई दिने समानीकरण अनुदान बढाउने तथा ससर्त अनुदान घटाउने भएको छ। राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले दिएको सुझाव, स्थानीय तहको माग तथा विज्ञहरूको सल्लाहअनुसार सरकारले समानीकरण अनुदान बढाउने तथा ससर्त अनुदान घटाउने भएको हो।

आयोगले बारम्बार ससर्त अनुदान घटाउन र समानीकरण बढाउन सुझाव दिँदै आएको छ। स्थानीय तहले पनि यस्तै माग गर्दै आएका छन्। तर, संघीय सरकारले आयोगको सुझाव र स्थानीय तहको मागविपरीत समानीकरण अनुदानको तुलनामा ससर्त अनुदान बढाउँदै आएको छ। अब यसलाई बदल्ने गरी काम गर्न अर्थमन्त्री डा. स्वर्णिम वाग्ले सहमत देखिएका हुन्।

अर्थमन्त्री डा. स्वर्णिम वाग्लेको अध्यक्षतामा बिहीबार बसेको अन्तरसरकारी वित्त परिषद् र विषयगत समितिको बैठकले वित्तीय हस्तान्तरण र अनुदान प्रणालीमा सुधार गर्दै संघीय बजेट वृद्धिको अनुपातमा वित्तीय समानीकरण अनुदान वृद्धि गर्ने तथा संघ तथा प्रदेश सरकारबाट हुने ससर्त अनुदानलाई क्रमशः घटाउँदै लैजाने नीति लिने निर्णय गरेको हो। बैठकमा सातै प्रदेशका आर्थिक मामिला तथा योजना मन्त्रीहरू, परिषद्का पदेन तथा विज्ञ सदस्यहरू, राष्ट्रिय योजना आयोगका उपाध्यक्ष, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगका कार्यवाहक अध्यक्ष, अर्थसचिव, विभिन्न मन्त्रालयका सचिवहरू, नेपाल राष्ट्र बैंकका डेपुटी गभर्नर तथा अन्य उच्चपदस्थ पदाधिकारीको सहभागिता रहेको थियो।

नेपाल सरकारले प्रदेश तथा स्थानीय तहको खर्चको आवश्यकता र राजस्वको क्षमताका आधारमा आयोगको सिफारिसअनुसार वित्तीय समानीकरण अनुदान वितरण गर्ने व्यवस्था छ। त्यस्तै, प्रदेश र स्थानीय तह वा नेपाल सरकारको कुनै पनि योजना कार्यान्वयन गर्न आयोगले तोकेको आधारमा प्रदेश तथा स्थानीय तहलाई ससर्त अनुदान प्रदान गर्ने व्यवस्था छ। तर, ससर्त अनुदान राजनीति र स्वार्थकेन्द्रित हुन थालेको भन्दै यसलाई घटाउने आवाज उठिरहेको छ। अर्थमन्त्रीले आगामी दिनमा वित्तीय हस्तान्तरणलाई थप पारदर्शी, अनुमानयोग्य र न्यायोचित बनाउन सरकारले ठोस नीतिगत र कानुनी सुधारका कदम चाल्ने बताए।

■ ढुवानीमा स्थानीय तहले कर लिन नपाउने

परिषद्को बैठकले ढुवानीमा पालिकाले कुनै पनि शुल्क लिन नपाउने निर्णय गरेको छ। 'नेपालको संविधान र प्रचलित कानुनको भावनाविपरीत एक स्थानीय तहमा उत्पादन भएको वस्तु अर्को स्थानीय तहको बाटो हुँदै जाने मालवस्तुको ढुवानीमा कुनै पनि प्रकारको कर, दस्तुर वा शुल्क नलगाउने,' निर्णयमा उल्लेख छ, 'कुनै स्थानीय तहले त्यस्तो शुल्क लगाइरहेको भएमा त्यस्ता शुल्कहरू तत्काल हटाउन सबै स्थानीय तहलाई संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमार्फत लेखिपठाउने।' त्यस्तै, पर्यटन प्रवर्द्धन र अन्तरप्रादेशिक सहकार्यका लागि छिमेकी मुलुकका पर्यटक सवारीलाई भन्सार विन्दुमा अस्थायी पैठारी शुल्क तिरेपछि प्रदेशबाट थप कर शुल्क नलिई नेपालभर निर्बाध आवागमनको सहज व्यवस्था मिलाउनेसमेत परिषद्को निर्णय छ।



अख्तियारको छानबिनमा रहेका धितोपत्र बोर्डका अध्यक्ष श्रेष्ठले दिए राजीनामा

नयाँ पत्रिका

विवादित छवि बनाएका नेपाल धितोपत्र बोर्ड (सेबोन)का अध्यक्ष सन्तोषनारायण श्रेष्ठले आफ्नो पदबाट राजीनामा दिएका छन्। धितोपत्र निष्कासनमा अनियमितता तथा घुस बार्गेनिङ गर्ने गरेको आरोप लागेका श्रेष्ठले शुक्रबार आफ्नो पदबाट राजीनामा दिएका हुन्।

उनले शुक्रबार नै अर्थमन्त्री डा. स्वर्णिम वाग्लेलाई राजीनामा पत्र बुझाएका छन्। अर्थ मन्त्रालयका प्रवक्ता टंकप्रसाद पाण्डेयले श्रेष्ठको राजीनामा प्राप्त भएको जानकारी दिए।



नयाँ सरकारलाई आफ्ना आर्थिक प्राथमिकता र नीतिगत उद्देश्यहरूलाई पूर्ण लचकता र समन्वयका साथ अघि बढाउन सहज बाटो तयार होस् भन्ने जिम्मेवारीबोधका साथ यो निर्णय लिएको हुँ।

स्वार्थ समूहको जोडबोलमा १० मंसिर ०८१ मा केपी ओली नेतृत्वको तत्कालीन सरकारले उनलाई बोर्डको अध्यक्ष बनाएको थियो। विवादित व्यवसायी दीपक भट्टनिकट मानिने श्रेष्ठको नियुक्ति विवादित बनेको थियो, उनको योग्यतामाथि प्रश्नसमेत उठेको थियो। विभिन्न कम्पनीको धितोपत्र निष्कासनलगायतमा अनियमितता गरेको तथा आइपिओ निष्कासनको अनुमति दिन घुसको बार्गेनिङ गर्ने गरेको आरोप उनीमाथि छ। आइपिओ स्वीकृति गराउन कमिसन मागेको भनेर ऊर्जा व्यवसायीले चर्को विरोधसमेत गरेका थिए।

श्रेष्ठमाथि अनियमितता र भ्रष्टाचारको उजुरीमा अख्तियार दुरुपयोग अनुसन्धान अयोगले समेत छानबिन गरिरहेको छ। उनले पटक-पटक अख्तियारमा गएर बयान दिइसकेका छन्। त्यसपछि उनी राजीनामा दिने निर्णयमा पुगेको उनीनिकट स्रोतको भनाइ छ। वर्तमान सरकारले भ्रष्टाचार तथा अनियमिततासम्बन्धी छानबिन व्यापक रूपमा अघि बढाउने देखिएको छ। त्यसमा आफूसमेत पर्ने देखिएपछि श्रेष्ठले राजीनामा दिएका हुन्। अख्तियारले छानबिन गरेर मुद्दा दर्ता गरेको अवस्थामा श्रेष्ठ निलम्बनमा पर्न सक्ने थिए।

वर्तमान सरकारले यसअघि राजनीतिक नियुक्ति लिएका तथा विवादित छवि बनाएकालाई पदबाट हटाउने नीति लिएपछि उनले राजीनामा दिने निष्कर्षमा पुगेको बोर्डकै एक सञ्चालकले बताए। श्रेष्ठले बिहीबार बोर्डको सञ्चालक समिति बैठकमा पदबाट राजीनामा दिने जानकारीसमेत गराएका थिए। 'बिहीबार बोर्डको बैठक थियो, विशेष निर्णय भएनन्, नियमित काम थिए,' एक सञ्चालकले भने, 'उहाँ (अध्यक्ष श्रेष्ठ)ले अब म पदमा लामो समय नरहन सक्छु भनेर जानकारी गराउनुभएको थियो।'

गोरु पाल्न छाडेका किसान इन्धनको मूल्यवृद्धिले चिन्तित

पेट्रोल-डिजेलको मूल्य अकासिएपछि ट्याक्टरमा निर्भर किसानलाई पुरानै शैलीतर्फ फर्किनुपर्ने बाध्यता

उदयपुरमा **विदुर कटुवाल**

मध्यपूर्वमा जारी युद्धका कारण अन्तर्राष्ट्रिय बजारमा पेट्रोलियम पदार्थको मूल्य बढेको छ। मूल्यवृद्धिको असर अन्य क्षेत्रमा जस्तै कृषिमा पनि पर्न थालेको छ। कृषिमा यान्त्रीकरण गर्दै गोरु पाल्न छाडेका किसान यतिबेला ठुलो समस्यामा परेका हुन्। डिजेलको मूल्य अकासिएसँगै ट्याक्टरमा निर्भर किसान फेरि पुरानै शैलीतर्फ फर्किन बाध्य हुनुपर्ने देखिएको छ।

कटारी नगरपालिका- ११ का कृषक लोकबहादुर कटुवाल पाँच वर्षयता कृषिकर्मका लागि ट्याक्टर प्रयोग गर्दै आइरहेका छन्। ट्याक्टर प्रयोगले समय, श्रम र लागत घटाएको अनुभव सुनाउँदै आएका उनी अहिले भने चिन्तित छन्। 'पहिला गोरु पाल्दा निकै दुःख हुन्थ्यो, ट्याक्टर आएपछि धेरै सहज भयो,' उनले भने, 'तर, अहिले डिजेलको मूल्य बढेर आकाश छोयो, बजारमा सहजै पाइँदैन पनि। अब खेती कसरी गर्ने भन्ने चिन्ता छ।'

उदयपुरका अधिकांश किसानजस्तै लोकबहादुरले पनि गोरु पाल्ने परम्परा छाडेर यान्त्रिक प्रविधिमा निर्भरता बढाएका थिए। तर, अहिले इन्धनको मूल्य बढेपछि त्यो निर्णय महँगो साबित हुन थालेको छ। 'अब त गोरु खोज्नुपर्ने अवस्था आयो,' उनी भन्छन्।

उदयपुरगढी गाउँपालिका- १ का कृषक मनोज खत्रीको



गुनासो पनि उस्तै छ। असार नजिकिँदै जाँदा रोपाइँको तयारीमा रहेका उनी डिजेलको मूल्यले झन् तनावमा छन्। 'गाउँमा धेरैले गोरु पाल्न छाडिसके,' उनले भने, 'मेरो घरमा एक हल गोरु छन्, तर काम गर्न सक्दैनन्। ट्याक्टरकै भर पर्नुपर्छ। अहिले कटारी बजारमा डिजेल दुई सय ६५ रुपैयाँ प्रतिलिटर पुगेको छ, असारसम्म कति पुग्ने हो भन्ने चिन्ता छ।' पछिल्लो दशकमा उदयपुरका पहाडी तथा तराई क्षेत्रमा कृषिमा यान्त्रीकरण तीव्र रूपमा बढेको छ। पहिले घर-घरमा गोरु हुन्थे भने अहिले अधिकांश किसानसँग हातेट्याक्टर वा ठुला ट्याक्टर छन्। यसले जोताइ, रोपाइँ, कटाइदेखि ढुवानीसम्मका काम सहज बनाएको ल्याएको थियो। तर, इन्धनमा निर्भर यो प्रणाली अहिले भने चर्को साबित भएको देखिएको छ।

त्रियुगा नगरपालिका- १३ का कृषक शिव दाहालका अनुसार ट्याक्टरले खेतीपातीलाई सहज बनाएको भए पनि अहिले खर्च धान्न गाह्रो हुन थालेको छ। '१० वर्षदेखि ट्याक्टरबाट खेती गर्दै आएको हु,' उनले भने, 'तर, अहिलेको मूल्य हेर्दा गोरुको विकल्प खोज्नुपर्नेजस्तो लाग्दै छ।' कृषिमा आएको परिवर्तन केवल जोताइमा मात्र सीमित छैन। पहिले गोरुले दाइँ लगाउने परम्परा थियो भने अहिले धान र गहुँ झार्न थ्रेसर तथा काट्ने प्रयोग गरिँदै आइएको छ। यी सबै प्रविधि इन्धनमा आधारित भएकाले मूल्यवृद्धिले सम्पूर्ण कृषि प्रणालीलाई असर पुर्‍याएको छ।

कटारी नगरपालिका- ११ का वडाअध्यक्ष अनन्त हायू पनि यस समस्याबाट अछुतो छैनन्। 'मेरो परिवारको १४-१५ रोपनी जग्गा ट्याक्टरबाटै जोत्ने गरेका थियौं,' उनले भने, 'तर, अहिलेको डिजेलको मूल्य सुन्दा गोरु किन्ने समय आएजस्तो लाग्छ।' उनका अनुसार वडा क्षेत्रमा करिब ७५ प्रतिशत किसानले ट्याक्टर प्रयोग गर्दै आएका छन्। कृषि ज्ञानकेन्द्र उदयपुरका प्रमुख योगेन्द्रप्रसाद यादवका अनुसार जिल्लाका आठवटै पालिकामा करिब ९० प्रतिशत किसान यान्त्रिक उपकरणमा निर्भर छन्। 'गोरु पाल्ने चलन लगभग हराइसकेको छ,' उनले भने, 'तर, अहिलेको इन्धन संकटले कृषिमा यन्त्रीकरणको गति सुस्ताउन सक्छ।'

ट्याक्टर र अन्य यान्त्रिक उपकरणले केही घण्टामै बिर्घौं-बिघा जमिन जोत्न सम्भव बनाएको छ भने श्रमिक खर्च पनि उल्लेखनीय रूपमा घटाएको थियो। बहुउद्देश्यीय प्रयोगका कारण ट्याक्टरमा विभिन्न औजार जोडेर बाली रोप्ने, काट्ने, सुकाउने तथा पशुखाद्य तयारीसम्मका काम गर्न सकिन्थ्यो। तर, अहिले बढ्दो इन्धन मूल्यले यी सबै सुविधा महँगो बन्दै गएका छन्।

नाम परिवर्तन सम्बन्धी सूचना

तेस्रो पटक प्रकाशित मिति : २०८३/०१/०५

कम्पनी ऐन, २०६३ को दफा (५) को उपदफा (१) बमोजिम स्थापना भएको प्रा.लि. दर्ता नं.: २५३१८१/७७/७८ को जयश्री हेल्थकेयर प्रा.लि. कम्पनीको नाम परिवर्तन भई अब उपरान्त सिनर्जी न्यूट्राटेक प्रा.लि. कायम हुने गरी कम्पनी रजिष्ट्रारको कार्यालयबाट समेत स्वीकृती प्राप्त भई सकेकोले सोही बमोजिम हुने व्यहोरा सम्बन्धित सबैमा जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

सिनर्जी न्यूट्राटेक प्रा.लि.
चैनपुर, लिपनीमल
बारा, नेपाल

का.नि.इ.नं.१२८/०६३/६४, म.ले.हु.नि.इ.न. १७/०६९/०७०

नयाँ पत्रिका

■ प्रधानमन्त्री एकदिवसीय कप

अपराजित रहँदै त्रिभुवन आर्मी च्याम्पियन

नयाँ पत्रिका

त्रिभुवन आर्मी क्लब अपराजित रहँदै प्रधानमन्त्री एकदिवसीय क्रिकेट प्रतियोगिता च्याम्पियन बनेको छ। प्रतियोगिताको वीरगन्ज मैदानमा शुक्रबार भएको एकपक्षीय फाइनलमा आर्मीले सुदूरपश्चिम प्रदेशलाई पाँच विकेटले हराउँदै उपाधि हात पारेको हो। आर्मीले खेल सकिनु ९३ बलअगाडि नै सुदूरपश्चिमलाई निराश बनाएको हो। प्रधानमन्त्री कपको फाइनलमा बसिर अहमाद म्यान अफ दी म्याच भए। उनले सुदूरपश्चिमविरुद्ध अर्धशतकीय इनिङ्ससँगै दुई विकेट हात पारेका थिए। समग्रमा प्रतियोगिताकै म्यान अफ दी सिरिजको उपाधि लुम्बिनी प्रदेशका सन्तोष यादवले लिए।

उनले प्रतियोगितामा नौ खेलमा दुई सय ६५ रन बनाउनुका साथै २१ विकेट लिएका थिए। यसै प्रदर्शनका कारण उनी म्यान अफ दी सिरिज भएका हुन्। पहिलो ब्याटिङ गरेको सुदूरपश्चिमले ३९.४ ओभरमा अलआउट हुँदै एक सय ६१ रनको झिनो योगफल खडा गऱ्यो। प्रत्युत्तरमा आर्मीले ३४.३ ओभरमा पाँच विकेटको नोक्सानीमा एक सय ६४ रन जोड्यो। आर्मीलाई च्याम्पियन बनाउने क्रममा इमराख सेख र बसिर अहमादले उत्कृष्ट साझेदारी गरेका थिए।

दुवैले पाँचौं विकेटका लागि ९६ रनको साझेदारी गर्दै आर्मीको जित पक्का पारे। इनिङ्सको एक समय आर्मी १०.३ ओभरमा ५६-४ को अवस्थामा थियो। बसिर र इमरानले पाँचौं विकेटका लागि १०.३ देखि ३२.१ सम्म साझेदारी गर्दै १५२-५ को बलियो स्थितिमा राखे। इमरानले ८२ बलमा समान दुई चौका र छक्का प्रहार गरी ४६ रन बनाए। बसिरले ५६ बलमा चार चौकाको सहयोगमा ४५ रन जोडे। यसअघि आर्मीका लागि ओपनर तृतराज दासले ३२ बलमा ३१ रन बनाए। उनले पाँच चौका र एक छक्का प्रहार गरेका थिए।

मध्यक्रममा आर्मी उपाधि भिडन्तमा पहिलोपटक कमजोर भयो। कप्तान विनोद भण्डारी दुई रन तथा भीम सार्की चार रनमा आउट भए। बलिङमा सुदूरपश्चिमका लागि हेमन्त धामीले ६ ओभरमा ३४ रन खर्चेर दुई विकेट लिए। विकास आग्री, शेर मल्ल र अशोक धामीले समान एक विकेट हात पारे।




उपाधि भिडन्तमा सुदूरपश्चिमले दिएको १६२ रनको लक्ष्य पछ्याएको आर्मीले ३४.३ ओभरमा पाँच विकेट गुमाएर पूरा गऱ्यो

■ फाइनलमा आर्मीको कसिलो बलिङ

वीरगन्जको रंगशालामा आर्मीले कसिलो बलिङ गर्दा नै सुदूरपश्चिमले स्कोर बोर्डमा सोचेजस्तो योगफल खडा गर्न नसकेको हो। आर्मीका सिमर आकाश चन्दले ३१ रनमा तीन विकेट लिए। साहाब आलामले ५५ रनमा तीन विकेट हात पारे। बसिरले ७.४ ओभरमा एक मेडन राखी २५ रन खर्चेर दुई विकेट हात पारे। अलराउन्डर कुशल मल्लले १० ओभरमा सर्वाधिक तीन मेडन ओभर गरी २५ रन खर्चेर एक विकेट आफ्नो नाममा लेखाए।

आर्मीका बलरले घातक बलिङ गरेका कारण सुदूरपश्चिमले पहिलो १० ओभरमा पाँच विकेट गुमाएको थियो। इनिङ्सको २.१ ओभरमै सुदूरपश्चिमले विकेट गुमाएको थियो। दोस्रो ओपनर खड्क बोहरालाई आकाशले बोल्ड गरे। त्यसपछि सुदूरपश्चिम खेलमा फर्कन सकेन। अभिषेक पाल नौ रन, नरेन भट्ट एक रन, राजु रिजाल र दीपक बोहराले समान सात रन बनाएका थिए। किरण ठगुना र नारायण जोशीले छैठौं विकेटका लागि ६२ रनको साझेदारी गर्दै टोलीलाई ९३-६ को स्थितिमा राखे। किरणले ४२ बलमा पाँच चौका प्रहार गरे। नारायणले २९ रन बनाउन ३४ बलमा तीन छक्का र एक चौका प्रहार गरेका थिए। आठौं क्रमका ब्याट्सम्यान अशोक धामीले ४६ बलमा पाँच चौका र एक छक्का प्रहार गरी ४३ रन बनाए।

राष्ट्रिय टोलीमा अर्जुन पहिलोपटक र विनोदको पुनरागमन


अर्जुन कुमाल


विनोद भण्डारी

नेपाल क्रिकेट संघले रोहित पौडेलको कप्तानीमा आइसिसी विश्वकप लिग-२ क्रिकेटका दुई घरेलु शृंखलाका लागि १५ सदस्यीय टोली घोषणा गरेको छ। प्रधानमन्त्री एकदिवसीय क्रिकेटमा उत्कृष्ट प्रदर्शन गरेका अर्जुन कुमालले पहिलोपटक राष्ट्रिय टोलीमा स्थान बनाउँदा सिनियर खेलाडी विनोद भण्डारीले पुनरागमन गरेका छन्। विकेटकिपर ब्याट्सम्यान विनोद सन् २०२२ पछि एकदिवसीय टोलीमा फर्किएका हुन्। पछिल्लो समयमा अर्जुनले घरेलु क्रिकेटमा उत्कृष्ट प्रदर्शन गरे पनि राष्ट्रिय टोलीमा पर्न सकेका थिएनन्।

यसपटक उनी प्रधानमन्त्री कपकै सर्वाधिक रन बनाउने ब्याट्सम्यान बने। यसै प्रदर्शनका आधारमा उनी टोलीमा परेका हुन्। विनोदले अन्तिमपटक सन् २०२२ मा स्कटल्यान्डविरुद्ध खेलेका थिए। यसअघि अर्जुन ०७७ मा तत्कालीन प्रशिक्षक डेभ वाटमोरले अर्जुनलाई सिनियर टोलीको क्याम्पमा राखेका थिए। तर, उनले अन्तिम घोषित टोलीमा स्थान पक्का गर्न सकेनन्। क्यानले एकदिवसीय टोलीमा रोहितकुमार पौडेललाई कप्तानीमा निरन्तरता दिएको छ।

टी-२० का कप्तान ऐरी



क्यानले शुक्रबार एकैपटक एकदिवसीय तथा टी-२० टोलीको घोषणा गऱ्यो। क्यानले दीर्घकालीन योजनाअनुसार एकदिवसीय र टी-२० फर्म्याटमा फरक-फरक कप्तान बनाएको छ। एकदिवसीयमा रोहितले निरन्तरता पाए। तर, उनले टी-२० फर्म्याट स्थान गुमाएका छन्। क्यानले युएईविरुद्धको दुई खेलको टी-२० सिरिजका लागि राष्ट्रिय टोली घोषणा गर्दा कप्तानको जिम्मेवारी दीपेन्द्रसिंह ऐरीलाई दिएको छ। टी-२० आईमा कुशल मल्लले पुनरागमन गरेका छन्। सन्तोष यादवले पहिलोपटक स्थान बनाएका छन्। नेपालले आइसिसी पुरुष विश्वकप लिग-२ को सिरिजअघि त्रिवि मैदानमा युएईसँग टी-२० सिरिज खेल्न लागेको हो। नेपाल र युएईबिच ६ र ७ वैशाखमा दुई खेलको टी-२० सिरिज हुनेछ।

एकदिवसीय टोली

रोहित पौडेल (कप्तान), दीपेन्द्रसिंह ऐरी (उपकप्तान), कुशल भुर्तेल, आसिफ शेख, भीम सार्की, आरिफ शेख, विनोद भण्डारी, बसिर अहमाद, नन्दन यादव, गुल्सन झा, अर्जुन कुमाल, सोमपाल कामी, सन्दीप लामिछाने, करण केसी, ललित राजवंशी।

टी-२० टोली

दीपेन्द्रसिंह ऐरी (कप्तान), सन्दीप लामिछाने, कुशल भुर्तेल, कुशल मल्ल, सन्दीप जोरा, आरिफ शेख, बसिर अहमाद, गुल्सन झा, लोकेश बम, नन्दन यादव, सन्तोष यादव, अर्जुन साउद, हेमन्त धामी, साहाब आलम र शेर मल्ल गरी मुख्य १५ जना खेलाडी छनोट भएका छन् भने रिजर्भमा प्रतिश जिसी, नारायण जोशी र रासिद खान रहेका छन्।

■ टी-२० विश्वकपमा फिक्सिङ

क्यानडाका कप्तान र बोर्डमाथि आइसिसीको नजर



एजेन्सी

भारत र श्रीलंकाले आयोजना गरेको आइसिसी टी-२० विश्वकप क्रिकेटमा क्यानडाको टोलीले फिक्सिङ गरेको खुलासा भएको छ। क्यानडाबाट प्रसारण हुने सिबिसीले शुक्रबार करप्सन, क्राइम एन्ड क्रिकेट नामको शीर्षकमा वृत्तचित्र सार्वजनिक गरेको थियो। यसै वृत्तचित्रमा एक महिनाअघि भएको विश्वकपमा आफ्नो राष्ट्रिय टोलीले न्युजिल्यान्डसँगको प्रतिस्पर्धामा फिक्सिङ गरेको खुलासा गरेको छ। जसले अहिले क्रिकेट जगत्मा तरंग ल्याएको छ।

'क्यानडा र न्युजिल्यान्डबिचको खेलमा भ्रष्टाचार भएको छ,' सिबिसीले दाबी गरेको छ। योसँगै अन्तर्राष्ट्रिय क्रिकेट काउन्सिल (आइसिसी)ले भ्रष्टाचारविरोधीको आफ्नो इकाइलाई अनुसन्धान थाल्न निर्देशन दिएको छ। 'प्राप्त सूचनाका आधारमा हामीले क्यानडा र न्युजिल्यान्डबिचको खेलमाथि अनुसन्धान गर्न निर्देशन जारी गरिएको छ,' आहसिसीले भनेको छ।

सिबिसीको रिपोर्टअनुसार अहिले अनुसन्धानको केन्द्रमा क्यानडाका कप्तान दिलप्रीत बाजवा रहेका छन्। उनले एक ओभरमा फिक्सिङ गरेको दाबी सिबिसीको छ। 'न्युजिल्यान्डसँगको एक ओभर शंकास्पद थियो। क्यानडाका कप्तान दिलप्रीतले पाँचौं ओभर बलिङ गर्न आएका थिए। उनले पहिलो बल नोबल फालेका थिए,' सिबिसीले भनेको छ, 'त्यसपछि लेग साइडमा वाइड पनि फालेका थिए। त्यस ओभरमा उनले कुल १५ रन दिए।'

दिलप्रीतले बलिङ गर्नुअघि क्यानडाले न्युजिल्यान्डको दुई विकेट लिएर खेलमा दबाब बनाएको थियो। कप्तान दिलप्रीतको बलिङपछि न्युजिल्यान्डले खेलमाथि दबाब बनायो। 'पाँचौं ओभरपछि क्यानडाले खेल गुमायो। यसमा कप्तानको हात धेरै देखिन्छ,' सिबिसीले भनेको छ।

विवादास्पद क्रिकेट बोर्ड

क्यानडा देश आर्थिक रूपमा सम्पन्न छ र प्रशासन पनि राम्रो मानिन्छ। तर, त्यहाँको क्रिकेट भने सधैं विवादास्पद बन्ने गरेको छ। उनीहरूको क्रिकेट बोर्डको अवस्था निकै दयनीय छ। प्रत्येक महिनाजसो केही न केही घटना भइरहेका हुन्छन्। केही साताअघि मात्र बोर्डका सिइओ सलमान खानामाथि चोरी र ठगीको आरोप लागेको थियो।

> भारत र श्रीलंकाले संयुक्त रूपमा आयोजना गरेको विश्वकपमा क्यानडाका कप्तान दिलप्रीत बाजवाले न्युजिल्यान्डविरुद्ध एक ओभरमा जानाजान नोबल र वाइड फ्याँकेको दाबी

यही आरोपमा उनी सिइओबाट हटाइए। बोर्डका केही सदस्यले पनि खेलाडीमाथि दबाब दिइरहने पूर्वप्रशिक्षक सलमानले जनाए।

अहिले सिबिसीको वृत्तचित्रपछि खेलाडीको प्रत्येक अन्तर्राष्ट्रिय खेलको प्रदर्शन शंकाको घेरमा राखिएको छ। यसो त क्यानडाका खेलाडीले सन् २०२४ को विश्वकपको पुरस्कार राशि अझै पाएका छैनन्। खेलाडीलाई सम्झौताविहीन राखिएको र निकै कम पैसामा खेल्न बाध्य पारिएको छ। आइसिसीले यी सबै आरोपलाई गम्भीरतापूर्वक लिएको र आफ्नो नियमअनुसार विस्तृत अनुसन्धान भइरहेको बताएको छ। खेलको निष्पक्षतामाथि प्रश्न उठेकाले दोषी पाइएमा क्यानडा क्रिकेटमाथि कडा कारबाही हुन सक्ने देखिएको छ। यसैबिच नेपाली क्रिकेट टोलीका पूर्वप्रशिक्षकसमेत रहेका पुबुदु दासनायकेले पनि क्यानडा क्रिकेट बोर्डमाथि गम्भीर आरोप लगाएका छन्।

साबिक विजेता नीरजले गरे उपाधि रक्षा



एजेन्सी

साबिक विजेता नीरज तामाङले सूर्य नेपाल गल्फ टुर २०२५-२६ अन्तर्गत छैटौं प्रतियोगिता, सूर्य नेपाल एनपिजिए म्याच प्लेको उपाधि रक्षा गरेका छन्। उनको यो करिअरकै पाँचौं उपाधि हो। लगातार दोस्रोपटक उपाधि जित्ने क्रममा नेपाल नम्बर एक गल्फर नीरजले १० औं वरीयताका टंकबहादुर कार्कीलाई ३-२ ले हराएका थिए। सूर्य नेपालको जारी सिजनको दोस्रो उपाधि जितेका नीरजले एक लाख रुपैयाँ प्राप्त गरेका छन्।

रोयल नेपाल गल्फ क्लबमा शुक्रबार भएको ३६ होलको फाइनलमा कुनै पनि समय टंकले नीरजलाई उछिन्न सकेनन्। नवौं होलको समाप्तिमा नीरजले दुई होलको अग्रता बनाएका थिए। त्यसपछि १८औं होल सकिँदा नीरजले पाँच होलको स्पष्ट अग्रता बनाए। यसपछि २०औं होल टंकले जित्दै नीरजको अग्रता चार होलमा झारे। तर, २२औं होलमा इगल प्रहार गर्दै नीरजले पुनः पाँच होलको अग्रता बनाए।

> रोयल नेपाल गल्फ क्लबमा ३४औं होल बराबरीमा सकिँदा नीरज तामाङले टंकबहादुर कार्कीलाई ३-२ ले हराउँदै समग्रमा करिअरकै पाँचौं उपाधि जिते

टंकले २३औं, २४औं र २५औं होल जित्दै नीरजसँगको अग्रता दुई होलमा घटाए। यसपछि ३३औं होल नीरजले जिते। ३४औं होल बराबरीमा सकिँदा दुई होलअगाडि नीरजले ३-२ को जितका साथ उपाधि रक्षा गर्न सफल भएका हुन्। टंक प्रोफेसनल करिअरको पहिलो उपाधि जित्न चुकेका छन्। उपविजेता बनेका टंकले ७५ हजार हात पारे। तीनदिने प्रतियोगितामा सूर्य नेपाल गल्फ टुर २०२४-२५ को अर्डर अफ मेरिटका शीर्ष १६ मा रहेका खेलाडीले प्रतिस्पर्धा गरेका थिए। कुल पुरस्कार राशि चार लाख २५ हजार रहेको थियो।

रवि तेस्रो स्थानमा

छैटौं वरीयताका रवि खड्का तेस्रो भएका छन्। उनले चौथो वरीयताका सञ्जय लामालाई ३-१ ले हराए। तेस्रो भएका रविले ५६ हजार र चौथो भएका सञ्जयले ४२ हजार प्राप्त गरेका छन्। प्रतियोगितामा क्वार्टरफाइनलमै सीमित भएका रामे मगर, जयराम श्रेष्ठ, दिनेश प्रजापति र भुवन नगरकोटीले १८ हजार प्राप्त गरेका छन्। पहिलो चरणबाट बाहिरिएका सूर्यप्रसाद शर्मा, भुवनकुमार रोक्का, रमेश अधिकारी, दीपक मगर, बलभद्र राई, धनबहादुर थापा र कृष्णमान राजबाहकले जनही १० हजार हात पारे। प्रतियोगिताका विजयी खेलाडीलाई सूर्य नेपाल प्रालिका ब्रान्ड म्यानेजर विदुरराज अधिकारी, नेपाल गल्फ संघका अध्यक्ष टासी घले र रोयल नेपाल गल्फ क्लबका कोषाध्यक्ष रोशन राईले पुरस्कार वितरण गरे।

■ च्यालेन्ज ट्रफी आजदेखि



काठमाडौं/ आइसिसी महिला च्यालेन्ज ट्रफी क्रिकेट प्रतियोगिता शनिबारदेखि रुवान्डामा सुरु हुँदै छ। १ मेसम्म चल्ने च्यालेन्ज ट्रफीमा नेपालसहित पाँच टोलीले प्रतिस्पर्धा गर्नेछन्। जसमा नेपाल, इटाली, रुवान्डा, अमेरिका र भानुआटु छन्। सबै टोलीले एक-अर्काविरुद्ध दुईपटक खेल्नेछन्। नेपालले १८ अप्रिलमा अमेरिकाविरुद्ध पहिलो खेल खेल्नेछ। नेपालले १ मेमा इटालीविरुद्ध अन्तिम खेलमा प्रतिस्पर्धा गर्ने क्यानले जनाएको छ। नेपाली टोलीको कप्तानी इन्दु बर्मा र पूजा महतोले उपकप्तानी गर्नेछन्। तस्बिर : क्यान

खेल संक्षेप

नेपालको महिला टोली उपविजेता

काठमाडौं/ नेपालको महिला टोली आइटिएफ दक्षिण एसियाली क्षेत्रीय छनोटमा शुक्रबार उपविजेता बनेको छ। पाँच राष्ट्र सहभागी राउन्ड रोबिन लिगमा नेपाल दोस्रो भएसँगै आगामी १५ देखि २० सेप्टेम्बरसम्म सिंगापुरमा हुने एसियाली फाइनल प्रतियोगिताका लागि टोली छनोट भएको छ। दुई राष्ट्र छनोट हुने प्रावधानअनुसार भारत पहिलो हुँदै छानियो। भारतले सबै चार खेल जित्यो। भारतसँग मात्र पराजित नेपालले तीन खेल जित्यो। नेपालले श्रीलंका, माल्दिभ्स र पाकिस्तानलाई पराजित गऱ्यो। दुई खेल जितेको श्रीलंका तेस्रो भएको छ।

राष्ट्रिय जुनियर टेनिसमा ९० खेलाडी

कास्की/ पाँचौं राष्ट्रिय जुनियर टेनिस प्रतियोगिता शनिबारदेखि पोखरामा सुरु हुँदै छ। आठदेखि १८ वर्षमुनिका पुरुष र महिलासँगै ओपन पुरुष र महिला डबल्स गरी १६ विधामा प्रतिस्पर्धा हुने शुक्रबार आयोजित पत्रकार सम्मेलनमा जानकारी दिएको छ। संयोजक लोकबहादुर गुरुङले कास्कीका १५ सहित काठमाडौं, चितवन, बुटवललगायतका ९० जना खेलाडीले प्रतिस्पर्धा गर्ने बताए।

राष्ट्रिय आइटिएफ तेक्वान्दो सुरु

काठमाडौं/ नेपाल अन्तर्राष्ट्रिय तेक्वान्दो महासंघ (एनआइटिएफ)को आयोजनामा २५औं राष्ट्रिय आइटिएफ तेक्वान्दो प्रतियोगिता तथा दोस्रो यू-१५ राष्ट्रिय विद्यालय आइटिएफ तेक्वान्दो प्रतियोगिता शुक्रबारदेखि सुरु भएको छ। प्रतियोगिताको राखेपका सदस्यसचिव रामचरित्र मेहतालेे उद्घाटन गरे। प्रतियोगितामा एकल स्पाइरिङ, एकल प्याटर्न, ग्रुप स्पाइरिङ, ग्रुप प्याटर्न र सेल्फ डिफेन्स गरी पाँच विधा समावेश छन्।

मेसीले किने स्पेनिस क्लब कोर्नेला

अर्जेन्टिनी कप्तान लियोनल मेसीले आफ्नो स्वामित्वमा लिएको कोर्नेला स्पेनिस ला लिगाको पाँचौं डिभिजन क्लब हो

एजेन्सी

अर्जेन्टिनी कप्तान लियोनल मेसी व्यावसायिक करिअर बलियो बनाउन अग्रसर भएका छन्। मेसीले आफ्नो स्वामित्वमा स्पेनिस पाँचौं डिभिजन क्लब कोर्नेला लिएका छन्। स्पेनिस मिडियाका अनुसार मेसीले आधिकारिक रूपमा कोर्नेला खरिद गरेका छन्। कोर्नेलाको नयाँ मालिकका रूपमा मेसीको नाम राखिएको छ। कोर्नेलाले मेसीको आगमनले खेलकुद र संस्थागत विकासलाई अगाडि बढाउने लक्ष्य राखेको जनाएको छ।

स्पेनिस लिगमा मालिकका रूपमा मेसीको आगमन हुँदा स्पेनमा रहेका उनका समर्थक दंग छन्। १७ वर्ष बार्सिलोनामा बसेका मेसीले कोभिडको समयमा पेरिस सेन्ट जर्मेनमा आबद्धता जनाएका थिए। पिएसजीमा दुई वर्ष खेलेका उनले डेभिड बेकह्यामको लगानीमा रहेको इन्टर मियामीसँग सम्झौता गरेका हुन्। पछिल्लो समयमा उनी मियामीमै आबद्ध छन्। मेसीको मुख्य लक्ष्य नै कोर्नेलाका युवा खेलाडीको प्रतिभा विकासमा जोड दिने बताएका छन्।

स्पेनिस क्लब बार्सिलोनामा रहँदा उनले चारपटक युरोपियन च्याम्पियन्स लिग तथा कीर्तिमानी रूपमा १० ला लिगा उपाधि जितेका थिए। मेसीले बार्सिलोनाबाट सर्वाधिक सात सय ७८ खेलमा ६ सय ७२ कीर्तिमानी गोल गरेका छन्। उनी सन् २०२१ मा पिएजीमा पुगेका थिए। सन् २०२३ देखि मेसीले मियामीबाट खेलिरहेका छन्। सन् २०१८ मा मेसी बार्सिलोनामा रहँदा कोर्नेलाको भ्रमण गरेका थिए। उनले कोर्नेलाको विकासमा भविष्यमा सहयोग गर्ने प्रतिबद्धता जनाएका थिए।

कोर्नेलाले पनि स्पेनिस ला लिगाका पूर्वस्टार मेसीले सबै प्रक्रिया पूरा गर्दै क्लब किनेको जनाएको छ। 'अर्जेन्टिना कप्तान मेसीले कानुनी रूपमा सबै प्रक्रिया पूरा गरेका छन्,' कोर्नेलाले जारी गरेको विज्ञप्तिमा भनिएको छ, 'हामीलाई विश्वास छ, विश्वकै उत्कृष्ट खेलाडी क्लबसँग जोडिँदा हाम्रो पहिचान अब फरक हुनेछ।'

कोर्नेलाले शीर्ष डिभिजन खेल्ने योजनामा मेसीले सार्थक बनाउने बताएको छ। 'स्पेनिस ला लिगाको शीर्ष डिभिजन खेल्ने हाम्रो पनि योजना हो,' क्लबले भन्यो, 'अहिले हाम्रो सामर्थ्य छैन, तर मेसीले पक्कै पनि हाम्रो र समर्थकको सपना पूरा गर्नेछन्।'



शीर्ष डिभिजनको योजना

आठपटकको बालोन डिअर अवार्ड विजेता मेसीले क्लबलाई बलियो बनाउने प्रतिबद्धता जनाएका छन्। कोर्नेलाले बार्सिलोनाको प्रभाव क्लबमा हुन सक्ने जनायो। 'मेसीको यो प्रयासमा बार्सिलोनासँगको घनिस्ट सम्बन्ध र क्याटालोनियामा खेलकुद हामीमाथि पर्नेछ,' क्लबले भनेको छ, 'स्थानीय प्रतिभा विकासप्रतिको उनले हामीलाई प्रतिबद्धता दिएका छन्।' १३ वर्षको उमेरमै अर्जेन्टिनाबाट स्पेन पुगेका मेसीले सन् २००४ अक्टोबरमा १७ वर्षको उमेरमा बार्सिलोनाबाट डेब्यु गरेका थिए। स्पेनिस ला लिगामा मेसीको मुख्य प्रतिद्वन्द्वी रियल म्याड्रिडका पूर्वखेलाडी क्रिस्टियानो रोनाल्डो थिए। रमाइलो पक्ष के रह्यो भने गत फेब्रुअरीमा रोनाल्डोले स्पेनकै युडी अल्मेरियाको २५ प्रतिशत सेयर किनेका थिए। अहिले रोनाल्डो साउदी अरेबियाको अल नासरबाट खेल्छन्।

१५ सय दर्शक क्षमताको रंगशाला

मेसीले किनेको रंगशालाको संरचना त्यति ठुलो छैन। यो रंगशालाको क्षमता १५ सय दर्शक अट्ने रहेको छ। मेसीले रंगशालालाई आधुनिक बनाउन तत्काल केही योजना बनाएको स्पेनिस मिडियाले जनाएको छ। 'अहिले रंगशालाको क्षमता त्यति ठुलो छैन। स्पेनिस ला लिगामा अगाडि बढ्नु छ भने संरचना परिवर्तन गर्नुपर्छ,' एल मार्काले जनाएको छ, 'यस पक्षमा बार्सिलोनाका पूर्वखेलाडीले केही योजना बनाएका छन्।'

कोर्नेलामा अहिले आर्सनलका गोलरक्षक डेभिड राया र बार्सिलोनाका पूर्वखेलाडी जोर्डी अल्बाले युथ सिस्टम हेरिरहेका छन्। 'मेसीको आगमनले क्लबको इतिहासमा नयाँ अध्यायको सुरुवात गरेको छ, जसले खेलकुद र संस्थागत दुवै पक्षमा विकासलाई अगाडि बढाउनेछ,' कोर्नेलाले भनेको छ, 'सबै आधारलाई मजबुत बनाउने र ट्यालेन्टमा लगानी जारी राख्ने लक्ष्य राखेको छ।' परियोजना दीर्घकालीन दृष्टिकोण र रणनीतिक योजनाद्वारा निर्देशित रहेको क्लबले भनेको छ।

कोर्नेलाको फलोअर्स बढ्यो

मेसीले क्लब किनेको समाचार अन्तर्राष्ट्रिय जगत्मा फैलिएको केही क्षणमै कोर्नेलाको सामाजिक सञ्जालको फलोअर्स एकैपटक बढेको छ। मेसी जोडिनुअघि कोर्नेलाको इस्टाग्रामको फलोअर्स ४० हजार मात्र थियो। २४ घण्टाको अन्तरमा कोर्नेलाको फलोअर्स दुई लाख पुगेको छ। बार्सिलोनाको दक्षिण भेगमा रहेको कोर्नेला क्लबले मेसीको फोटो राखेर जर्सी बिक्री गर्ने तयारीमा लागेको छ। मेसीको आगमनपछि यस क्लबको छिमेकीले पनि लगानी गर्ने तयार रहेको एल मार्काले उल्लेख गरेको छ। बार्सिलोनासँगै इस्पानोलले मेसीको समर्थन गरेका छन्।

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com